CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै. २४८०

नेपाली जीवन पद्धति

लेखकः–

–केशवराज अर्ज्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

नं. २४८०

नेपाली जीवन पद्धति

परम पूजनीया दिवंगता
माता विष्णु देवीमा श्रद्धासुमन ।
समर्पित

दर्ता नं. १३४२०

वि. सं. २०४७

लेखक:–
केशवराज अर्ज्याल
उपनियन्त्रक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

SANSKRIT UNIVERSITY 13 OCT A.U.

वाल्मीकि विद्यापीठ-पुस्तकालय

दर्ता नं.
९५४२०

306
ARJ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ने.२४८०

विषय सूची

क्रम संख्या		पृष्ठ
१.	वर्णाश्रम व्यवस्था	१
२.	हिन्दू संस्कृतिमा विवाह एक चिन्तन	१६
३.	हिन्दू संस्कार र यसको महत्व	२५
४.	प्राचीन शिक्षा प्रणाली र नेपालमा शिक्षा	३७
५.	प्राचीन दर्शनमा एक दृष्टि	५७
६.	नेपालमा व्रत, पर्व र तिहार	७७
७.	नेपाली कला र भाषा	८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

ॐ

म के भन्न चाहन्छु भने यो पुस्तक घुणाक्षर न्यायले बन्न पुगेको हो। पाठक वृन्दसंग मेरो अनुरोध छ– "सारं ततो ग्राह्य मपास्य फल्गु, हंसैर्यथा क्षीरमिवाम्बु मध्यात्" सारग्रहण गर्नु नै महनीयता हुनेछ। यसमा नेपाली जातिहरूको समग्र जीवन शैलीलाई प्रस्तुति गर्न नसक्नु यसको कमजोरी पक्ष हो। यस ग्रन्थमा प्राचीनताको उज्यालोलाई भित्र्याउन खोज्ने एउटा लहड मात्र रहेको छ। नेपाल र नेपाली जीवनले आत्मसात् गरेका आर्यसिद्धान्तका कतिपयपक्षहरूलाई मात्र यसमा प्रष्टयाउन खोजिएको छ। हिन्दूजीवनलाई आलोक प्रदान गर्नु हुने आद्य श्री शङ्कराचार्यज्यूको जीवनी छोटकरीमा उद्धृत गरिएको छ। किन भने वेदलाई भाष्य प्रदान गरी हिन्दू जीवन पद्धतिको लक्ष्य एवं जीवनालोक उहाबाट प्रकाशित भएको हो। छोटकरीमा अन्य दर्शनको परिचय छ। यी विषयहरूमा धेरै धेरै पुस्तहरू नभएका होइनन र। त्यसो भए यसको के आवश्यकता भन्ने प्रश्न हुनु अस्वाभाविक मानिन्दन त्यसमा मेरो भनाइ यस्तो छ :–

कुर्वन्नेवेह कर्माणि जिजीविषेत् शत समा यसमा सैले जीवनको सार्थकता ठानेकोछु। पाठकहरूले यसबाट यत्किञ्चित् लाभ उठाउन सकेमा नै यसको सार्थकता मानिनेछ।

छँपाउँदा मुन्द्रण आदिमा त्रुटिहरू रहन गएका छन्। त्यसलाई उपेक्षा गर्न अनुरोध छ। यसमा रहेका अन्यान्य कमजोरीहरूलाई आगामी प्रकाशनहरूमा हटाउने प्रयास गरिनेछ। छपाईमा सद्भाव राखी सहयोग दिनु भएका मित्र बोधबहादुर राउत प्रति धेरै धेरै धन्यवाद।

विनीत लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभाशंसा

नेपाली जीवन पद्धति' नामक प्रस्तुत कृतिलाई मैले अवलोकन गरें। नेपाली जीवन पद्धतिको मूद्दारूप आर्य संस्कृति र सभ्यताहो। विशेषगरी आर्य अथवा हिन्दूजगतका मूर्धन्य ग्रन्थ वेद, पुराण र स्मृति हुन् यिनमा प्रतिपादित आर्य संस्कृति सभ्यतापरक तथ्यहरूले यसको ऐतिहासिक तथ्यहरूमाथि प्रकाश पार्दछन्।

आदरणीय विद्वान् प्रा० केशवराज अर्ज्यालज्यू उप-सचिव श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रायले हिन्दू समाजका संस्कृतिका विभिन्नपक्ष जस्तै वर्णाश्रम व्यवस्था, विवाह, संस्कार, शिक्षाप्रणाली, व्रतपर्वादि शीर्षकहरूको चयन गरी, त्यस विषयको अनुसन्धानमूलक बिवेचना गरी संक्षेप र सारभूतरूपमा तत्सम्बन्धी जानकारी दिन स्तुत्य प्रयास गर्नु भएको छ।

यस कृतिले हिन्दूसंस्कृति र सभ्यताको मुख्य मुख्य पक्ष माथि मूलभूतरूपमा दिग्दर्शन गराएकोले तत्सम्बन्धमा जिज्ञासु पाठकहरूलाई निकै उपयोगी हुनेछ भन्ने विश्वास गर्दछु।

डा० राम चन्द्र भट्ट

वि. सं. २०४७।२।७ अतिथि प्राध्यापक, का.हि.वि.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ विवरण

१. कौटलीय अर्थशास्त्रः– अनुवादक– केशवराज

२. पञ्चदशी - अनुवादक श्रीकृष्ण चन्द्र अधिकारी

३. न्यायदीप- प्रा. चूडानाथ भट्टराय

४. नेपाली चाडपर्व– लेखक सत्यमोहन जोशी

५. मर्यादा पत्रिका

६. कल्याण– शिक्षाङ्क गीताप्रेस गोरखपुर

७. वैदिक वाङमयश्रीकृष्ण प्रसाद घिमिरे

८. नेपाली भाषा विज्ञान– रामराजपन्त

९. नेपाली भाषा र साहित्य शिव प्रधान

१०. प्राज्ञिक त्रिवेणी डा. रामचन्द्र भट्ट

११. नेपालमा शिक्षाको इतिहासः– गोपीनाथशर्मा

१२. नेपालमा उच्चशिक्षा एवं छात्रवृत्ति विगत र वर्तमान स्थितिको विश्लेषणात्मक अध्ययन श्रीमती मीराराणा

१३. नेपालको भाषा नीतिः– आनन्ददेव भट्ट

१४. माध्यमिक तहको शिक्षामा नेपाली भाषाको स्थान जनार्दन अधिकारी

१५. अभिज्ञान शकुन्तलम्– महाकविकालिदास

१६. लिच्छवि कालीन अभिलेखसंग्रह- धनवज्र बज्राचार्य

१७. धातु कलाको विकास क्रम –सत्य मोहन जोशी

१८. नेपालमा पुरातत्व - साफल्य अमात्य

१९. मिडिवुल नेपाल र एन्सियन्ट नेपाल –डा. डिल्ली रमण रेग्मी

२०. नेपाली समाज र संस्कृति –प्रेमकुमार खत्री

२१. नेपालीकलाको इतिहास –मनवज्र वज्राचार्य

२२. ए ब्रड सर्भे अफ् नेपालीज आर्ट एण्ड आर्किटेक्चर, नेपाल प्रो गोकुलचन्द्र शास्त्री

२३. –डा राम निवास पाण्डे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णाश्रम व्यवस्था

वर्ण व्यवस्था कहिले देखि शुरू भयो भन्दा यो त्यतिकै पुरानो छ जतिको "वेद"। ऋग्वेदको पुरुषसूक्तमा "ब्राह्मणोऽस्य मुख मासीत् बाहू राजन्य:कृत:। उरू तदस्य यद्वैश्य: पद्भ्यां शूद्रो अजायत।" यस मन्त्रबाट के कुरा प्रष्टिन्छ भने ब्राह्मण त्यस विराट् पुरुषका मुख हो र क्षत्रियहरू हात हुन्, वैश्य त्यस विराटको जङ्घा हो र शूद्र विराट पुरुषको पाउ हुन्। यसरी वैदिक कालमा यी उपर्युक्त ४ चार वर्णहरूको अस्तित्व रहेको देखिन्छ। वर्ण व्यवस्था पहिले जन्ममा आधारित थियो। प्रत्येक जातिले आफ्नो निर्धारित कर्म गर्नु पर्दथ्यो! ब्राह्मणको कर्म यज्ञ यागादि गर्नु, गराउनु, अध्ययन गर्नु, अध्यापन गर्नु–दान दिनु दानलिनु यी छ कर्म ब्राह्मणका निर्धारित कर्म थिये। त्यस्तै क्षत्रियको कर्म, शत्रुबाट समाजको रक्षा गर्नु प्रमुख थियो। अन्य कर्म दानलिने बाहेक अन्य अध्ययन ~~अध्यापन~~ यज्ञ गर्नु, दान गर्नु आदि क्षत्रियको कर्म। कृषि गोरक्ष, वाणिज्य, वैश्य कर्म स्वभावजम् ी वैश्यका प्रमुख कर्म थिए। अध्ययन, यज्ञ, दान, द्विजका समान कर्म हुन्।

कौटिल्यको भनाइमा राजाको मुख्य कर्तव्य अन्तर्गत वर्णाश्रम नै प्रमुख हो। आफ्ना धर्म कर्ममा निरत भएर आनन्दसाथ लोकले जीवन यापन गर्न समर्थ हुन्छ।

चतुर्वर्णाश्रमो लोक: राजा दण्डेन पालित:
स्वधर्म कर्माभिरतो वर्तते स्वेषु वर्त्मसु।
त्रय्या हि रक्षितो लोको नसीदति प्रसीदति। 'कौटिल्य'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक समयमा यो वर्गले यहिनै काम गर्नु पर्छ भन्ने निश्चित रूपले भने तोकिएको पाइँदैन। ब्राह्मणले क्षत्रियको काम पनि गर्न सक्थ्यो। वेदमा एउटा ऋषिले एक ठाउँमा यस्तो वर्णन गरेका छन्" म कवि हुँ, मेरा बुवा वैद्य छन् र मेरी आमाले पिठो पिस्ने काम गर्छिन्। ऋग्वेदमा शूद्रहरू दास वा दस्युका रूपमा देखा पर्छन्। दासहरूको वर्ण कालो यज्ञ नगर्ने भनी उल्लेख छ। सम्भवतः यी दास नै पछि गएर शूद्र रूपमा देखा पर्न थालेका होलान्।

वैदिक कालमा भोजनमा पनि स्पष्ट भेद पाइदैन। सबैको भोजन एकनास र पेय पदार्थ पनि समानै रहेको थियो। विस्तारै विस्तारै एक वर्ण अर्को वर्णसङ्ग छुट्टिदै गयो र यिनीहरूको उच्चारणमा पनि भिन्नता देखियो। चारै वर्णलाई सम्बोधन गर्ने शब्दहरू पनि अलग् अलग् हुन थालेको, तीन वर्णले गायत्री भिन्दा भिन्दै रूपले उच्चारण गर्न थाले। शतपथ ब्राह्मणमा ब्राह्मण भूबाट जन्मेको क्षेत्रीको उत्पत्ति भुवर्लोकबाट र वैश्य स्वर्लोकबाट उत्पन्न भएका हुन भन्ने पाइन्छ। ब्राह्मणले गायत्री मन्त्र जप्ने क्षत्रीले त्रिष्टुप, वैश्यले जगती मन्त्र जप्नु भन्ने छ। त्यसरी नै वसन्तमा ब्राह्मणले ग्रीष्ममा क्षत्रीले र वैश्यले शरद ऋतुमा यज्ञ गर्नु भन्ने ऐतरेय ब्राह्मणमा उल्लेख छ।

यसरी ऋग्वेदबाट ब्राह्मण युगसम्म प्रत्येक वर्णका लागि भिन्नता देखा पर्न थाल्छ। ब्राह्मण युगसम्म पनि शूद्रहरु माथि नियन्त्रण थिएन। उनीहरूले पनि यज्ञमा भाग लिन सक्थे। अबदेखि भने ४ वर्णको उल्लेख हुन थाल्छ। शतपथ ब्राह्मणमा शूद्रले पनि पितृमेध यज्ञमा उपस्थित भएको थाहा हुन्छ। ब्राह्मण युगमै आएर शूद्रलाई गोडा छुन लगाएको पनि थाहा हुन्छ। शूद्रले सोझै कुनै यज्ञमा सोझै मन्त्रोच्चारण गर्न नसक्ने भयो। ब्राह्मण, क्षत्री, वैश्यले बेग्लै यज्ञ गर्न पाउँथे तर अनियमित कुरा भने गर्न पाउँदैनथे। यज्ञीय वस्तुको स्पर्श पनि शूद्रलाई निषेध गरियो। यस समयसम्म विवाहमा प्रतिबन्ध थिएन। अथर्व वेदमा वैश्य कन्यालाई वैश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुथासंगको विवाहलाई प्राथमिकता दिनुपर्छ भन्ने पाइन्छ । ब्राह्मणले शूद्रसंग विवाह गरेमा यसै समय देखि घृणाको दृष्टिले हेरिन थालियो । कवष ऐलुष ऋषिलाई उसकी आर्की आमा दासी भएको हुँदा यज्ञबाट बञ्चित गरियो । आफ्नो जाति सिद्ध गर्न पदाकदा व्यक्तिले आगोमा टेकी सिद्ध गर्नु पर्दथ्यो ।

वैदिक युगमा स्वभाव क्रियाकलाप, प्रकृति र आवश्यकताको पूर्ति आदिलाई ध्यानमा राखी कार्य बिभाजन भएको देखिन्छ । यसले गर्दा वर्ण व्यवस्थाको उदय भयो । मनुले पनि वर्णको उत्पति समाजको विकासको निमित्त हुनु पर्छ भन्ने व्यक्त गरेका छन् ।

प्राचीन समयमा एक जातिले अर्को जाति माथि आक्रमण गरेको थाहा हुन्छ । यसै समस्याको समाधानको लागि पनि यो बिभाजन भएको सम्भव छ । वशिष्ठ वेश्यापुत्र भएता पनि ऋषि थिए ।

महाभारतको शान्ति पर्व अनुसार पहिले जातिगत भेद थिएन । सबै एउटै जातिका थिए । त्यही ब्राह्मण स्वभावले झोकी कडा र उत्तेजित हुँदा क्षेत्री हुन पुगे । गाई बस्तु पाल्नेहरू रङ्ग सफा नभएका कृषिमा लाग्नेहरू कालान्तरमा बैश्य हुन पुगे । सबै किसिमको काम गर्ने लोभ आदि स्वभाव देखिन जाँदा त्यही ब्राह्मण शूद्र कहलिए ।

ऋग्वेदको १०. म मण्डलको पुरुष सूक्तले देखाएको वर्ण बिभाजन एक विराट पुरुषलाई मानी त्यसैको विभिन्न अंगबाट बेग्ला बेग्लै कार्य गरेतापनि एउटै हो भन्ने सिद्धान्त प्रतिपादन हुन्छ । यसो गर्दा नैतिकता संस्कृतिको रक्षाको लागि यो सिद्धान्त आवश्यक देखियो ।

जन्मना जायते शूद्र : संस्कारात् द्विज उच्यते"

जन्मले सबै शूद्र हुन्छन् संस्कारबाट द्विज कहलिएका हुन् । यस कथनबाट के कुरोको पुष्टि गर्दछ भने कर्म र उसको स्वभाव (प्रकृति) बाट जाति व्यवस्था कायम भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्व- प्रकृति भन्नाले असल स्वभाव पवित्र गुणी मान्छे– सत्वको गुण सेतो प्रकाशमय हुने हुँदा असल बन्न गयो ।

रज–रज भनेको रातो हुन्छ र रातो जोशिलो हुन्छ । यस्तो स्वभाव भएकोले रजोगुणबाट क्षत्री भए ।

तमः– अन्धकार भएकोले तमः प्रकृति कालो वर्ण भएकोले क्रोधी बन्न पुग्यो । शुक्र नीतिमा सत्व, रज, तम के आधारमा वर्ण देखाइएको छ ।

भागवत पुराणमा जन्मको आधारमा नदेखाई कर्मको आधारमा वर्ण देखाइएको छ । वायु पुराणमा पनि वर्णको उत्पत्ति मानिसको काम र गुण अनुसार हुने कुरा व्यक्त गरिएको छ । समाजमा पनि स्वभावका परिवर्तनबाट वर्णको परिवर्तन देखाइएको छ । ऋषि ऐतरेय एकदासीका पुत्र हुन् तर उनी विद्वान भै ऐतरय ब्राह्मण र उपनिषद् लेखे । मनुका छाराले कुरूका गाइहरूको हत्या गरेकोले शूद्र भए । द्रोणाचार्य, कृपाचार्य अश्वत्थामा ब्राह्मण भएपनि कर्मले क्षत्री हुन पुगे । अनुशासन पर्वमा पहिले चार वर्णमात्र थियो । वर्णले जातिको रूपलियो यसै जातिबाट उपजातिको सृष्टि भयो । यी उपजाति जन्म अनुलोम र प्रतिलोम विवाहबाट भयो ।

अनुलोम भन्नाले उच्च जातले निम्न जातिका महिलासंग विवाह गर्नेलाई अनुलोम भनिन्छ भने प्रतिलोम भन्नाले निम्नजातिको पुरुषले उच्चजातकी महिलासंग विवाह गर्नुलाई भनिन्छ । यसै प्रतिलोमको कारणबाट वर्णसकर भई अनेक जातिहरू खडा भए ।

जनक र पराशरका मतमा बीज र क्षेत्रको माध्यमबाट जाति निःसृत्त (निस्कदै) हुँदै गए । शुरूमा चार ४ वर्ण मात्र थियो । ब्राह्मण क्षत्रीको उपजाति खडा भए । पराशरले-१४ उपजातिहरूको नाम दिएका छन् । ब्राह्मणले बैश्य कन्याबाट जन्माएको अम्बष्ठ कहिन्छ । ब्राह्मण + शूद्र कन्याबाट जन्मेको निषाध भनिन्छ । क्षेत्रीले ब्राह्मणीबाट जन्माएकोलाई सूत भनिन थालियो । बैश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष क्षत्री कन्याबाट जन्मेका बिदेह बन्न पुगे। यीनै वर्ण-सङ्करवाट पनि अनेकौं उपजातिको सृष्टि भयो। कौटिल्यले पनि वर्णसंकरवाटै विभिन्न जातिको उत्पत्ति भएको भनी भनेका छन्।

नेपालमा वर्ण व्यवस्था

प्राचीन नेपालमा वर्ण व्यवस्था स्पष्ट रूपबाट देखाउन नसकिएता पनि यतित अवश्य भन्न सकिन्छ कि लिच्छविकालमा आएर राजाहरूले वर्णाश्रमको व्यवस्थाको पालन गरेको र सो व्यवस्था अनुकूल समाज कायम राख्नुमा आफूलाई गौरवान्वित सम्झन्थे। ब्राह्मण, क्षेत्री, वैश्य शूद्र यी चार जातिहरूको उल्लेख तत्कालीन शिलालेखमा पाइन्छ। आ-आफ्ना जातिलाई तोके अनुसारको कार्य गर्नु र वर्णसंकर हुन नदिनु राजाको परम कर्तव्य सम्भिइन्थ्यो। स्मृति पुराण र वेद आदिमा उल्लेख भए अनुसारको कार्य गर्न पाउँथे। आज भोलि ४ वर्ण छत्तीस जातको फूलवारी भन्छौं लिच्छविकालमा ४ वर्ण अठार जात भन्ने कथन पाइन्छ। यो उल्लेख थानकोटको वसन्तदेवको अभिलेखमा उल्लेखित छ। "एतस्मिन्ग्रामे ये प्रविष्टा प्रविविक्षवश्च ब्राह्मणप्रधाना: साष्टादश प्रकृतय:" यस उल्लेखवाट के पनि थाहा हुन्छ भने त्यस समय वर्ण व्यवस्था अमान्य जातिहरूको आगमनले समाजमा अव्यवस्था नहोस भनी "महाधिकरण" नामक एक अड्डा खडा भएको थियो। जसले जाति अनुसारको काय नगरी व्यवस्थामा खलल पुर्याउँदछ त्यस्तालाई दण्डको व्यवस्था गर्दथ्यो। अंशुवर्माका अभिलेखमा त्यस्तो उल्लेख गरेको पाइन्छ। "खोपासी अभिलेख" अहं मर्यादा भङ्गकारिण मतितरां नमर्षयिष्यामि भाविभिरपि भूपतिभि धर्म गुरुभि गुरूकृतप्रसाद नृपतिभि रिय माज्ञा सम्यक् अनुपालनीया" जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला स्थिति बन्देज नाघ्ला त्यस्तालाई हामी बिलकुल सहने छैनौं। पछि हुने राजाले पनि धर्मलाई ठूलो सम्झी अधिका राजाले गरेको बिगाहको ख्याल राखी यस प्रकारको आज्ञाको पालना गर्नु पर्छ भन्ने हाम्रो अनुरोध छ। त्यति बेला केही जातिको उल्लेख यस प्रकारको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरात : यो जातिले कमौं शत द्वौसम्म नेपालमा शासन गरेको पाइन्छ ।

लिच्छिविहरू : यहाँ कयौं लिच्छिविहरूले सुशासन गरेको शिलालेख आदि प्रशस्त छन् । अंशुबर्मा, नरेन्द्रदेव, शिवदेव आदि । बृजिक, कोलिय, मल्ल शाक्य, आभीर गुप्त आदिको उल्लेख तत्कालीन शिलालेखमा छ ।

तत्कालीन शासकहरूले थालनी गरिएको वर्णाश्रम व्यवस्था-लाई विशुद्ध र स्थायी राख्ने कुरामा शासकहरू सदैव तत्पर थिए । समाजमा वर्ण व्यवस्था कायम रहोस् आर्य मर्यादा अनुरूप समाज अगाडि बढोस भन्ने चाहन्थे । तत्कालीन राजाहरूले आफूलाई सम्बोधन गर्दा "सम्यक विरचित सकल वर्णाश्रम व्यवस्थः" अर्थात वर्णाश्रम व्यवस्थालाई राम्ररी स्थापना गरेका भन्ने उल्लेख गर्दथे । लिच्छिविकालको अन्त्य पछि नेपालमा काठमाडौं उपत्यकामा बाहिरबाट अनेक जाति उपजाति ओइरिन थाले, विशेष गरी दक्षिणतिरबाट राजनीतिक र अन्य शरणार्थी नेपाल पसे समाजको बनोटमा गोलमाल हुने सम्भावना देखा पर्‍यो । बौद्ध सम्प्रदाय र हिन्दुसम्प्रदायको कट्टरवादिताको वृद्धि हुँदै जाँदा १४ चौधौं शताब्दीतिर जयस्थितिमल्लले ४ चार वर्ण छत्तीस जातको व्यवस्था मिलाए । वर्ण व्यवस्था लिच्छविकालदेखिनै चलि आएकै व्यवस्था थियो र जात अनुसारको पेशा अनुसारको कार्यलाई निश्चित गरे । यिनले पुरानो परम्परालाई व्यवस्थित गर्न मात्र खोजेका हुन् । किनकि ब्राह्मण, क्षेत्रिय, वैश्य शूद्र पहिले पनि थिए पछि पनि बाहिरबाट ओइरिएका जातिहरूलाई यिनै ४ चार वर्ण भित्र पारी जुन जुन पेशा जस जसले गरि आएको थियो त्यसैलाई स्थिति बनाइदिए । यिनीहरू मध्ये नेवार समुदायमा आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ ४ चार थरी उपजात्तिमा मानिन थालिए । तल्लो जात भनेर अछुत जाति पनि थिए । यी विभिन्न जातिहरूको लवाइ, खवाई, रितिथितिमा निश्चित नियम तोकिए । जस्तै : कसाइले याहुला भएको लवेदा, पोडेहरूले टोपी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुत्ता र सुनका गहना र झिगटोभएको घर बनाउन बन्देज गरियो। अछूत भनिने जाति शहरभित्र पस्न र पस्दा कपाल छोपेर पस्नु पर्ने गरियो। ठूलाजातकी स्त्री तल्लो जातमा गएमा तल्लो जात नै हुनु पर्ने र बिवाह भोज भतेर, जन्म मृत्यु, मृतकको सूतक आदि कुन जातले कति बार्ने भन्ने नियम बनाइयो। दण्ड सजाय गर्दा पनि जात अनुसार गर्न थालियो। राजा मर्दा सबैले मलामी जानु पर्दथ्यो। मलामी जादा वर्णानुसार क्रम मिलाएर हिड्नु-पर्थ्यो। त्यसबेलाको समाज प्राचीन धर्मशास्त्रकै आधारमा बनेको हो भन्ने तत्कालीन अभिलेख पाटन कुम्भेश्वर अभिलेख ई. स. १४०६ फर्पिङ्ग अभिलेख १४५३ ई. स. यक्ष मल्लको भक्तपुर दर्वार अभिलेख १६७८ इ. स. आदिमा चर्चा गरिएको छ। समान जातिसंग विबाह सम्बन्ध आदि स्थापना गर्नु असमान जातिले आफ्ना मिल्दा जात्तिसंग खानपीन विवाह संस्कार आदि गर्नु र राजाले यसैको रक्षा गर्दै समाजलाई सुखी र शान्ति स्थापना गर्नु राजकर्तव्य मानिन्थ्यो। त्यसपछि शाहबंश परम्परामा पनि यसै वर्ण व्यवस्था र आर्य संस्कृतिको रक्षाको महान् दायित्वको पालना भई रहेकै छ।

आश्रम शब्द:—

आङ पूर्वक श्रम धातुबाट आश्रम शब्द बनेको छ। यसको अर्थ हुन्छ मिहिनेत गर्ने स्थल अर्थात मनुष्यको जीवनको उद्देश्य चार पुरुषार्थको प्राप्ति भनिएको छ। यी हुन्:- धर्म, अर्थ, काम र मोक्ष। जसले यी चार मध्ये कुनै पनि प्राप्त गर्न सक्तैन त्यसको जीवन निरर्थक मानिएको छ। हिन्दु संस्कृति सम्प्रदायमा धर्मको स्थान पहिलो छ। अन्त्यमा मोक्षलाई राखिएको छ। अर्थ र काम जीवनका विचका मात्र हुन्। धर्मपूर्वकको अर्थोपार्जन र धर्म-पूर्वकको कामको सेवन गर्नुपर्छ भन्ने सम्पूर्ण धर्मशास्त्रको मत रहेको छ। आर्यहरूले जीवनको उत्कर्षको लागि ४ आश्रमको विभाजन गरेका छन्। जसरी चार वर्णको सृष्टि गरियो त्यसरी नै जीवनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्य प्राप्तिका लागि चार बिसौनी अर्थात् विश्राम स्थलको कल्पना गरियो। यसरी हेर्दा वर्ण र आश्रम एक अर्कोका पूरक ठहरिन्छन्। जुन देशमा यस प्रकारको वर्णाश्रम व्यवस्था पाइन्छ त्यही देश नै आर्यावर्त हो र जुन देशमा यस प्रकारको व्यवस्था पाइदैन त्यो देश म्लेच्छ देश कहलाउँछ। जीवनको उपभोगको लागि शारीरिक, बौद्धिक, एवं आत्मिक गुणको विकासको खाँचो पूर्ति गर्न जीवनलाई ४ चार अवस्थामा विभाजन गरिएको छ। बाल्य, युवा, प्रौढ र वृद्ध। ब्रम्हचर्याश्रम गृहस्थाश्रम वानप्रस्थ र संन्यास आश्रम बस्तै गयो। यी नै आश्रमबाट मानिसका संस्कार बस्तै गयो। संस्कारले गर्दा नै 'द्विज' अर्थात दोस्रो जन्म मानिन थालियो। यस प्रकारको दोस्रो जन्म दिने थलो नै आश्रम बन्नपुगे। प्राचीन मानिसको यस किसिमको व्यवस्था दृढ भएको हुँदा जीवन अर्थपूर्ण र अनुसरणीय रहन गयो। कौटिल्य भन्दछन्। जहाँ आर्य मर्यादाहरू कर्तव्य अर्तकव्यको व्यवस्थालाई विग्रन नदिई सुसञ्चालित छन् जहाँ जनताको रक्षाको लागि बेदबिहित मार्गको अनुसरण गरिएको छ, जहाँ जनताले धर्मपूर्वकको जीवन बिताउँछन्, त्यहाँका जनता सुखी र समृद्ध हुन्छन्। त्यहाँको जनता दुःख दारिद्र्यले पीडित हुदैनन्। पृथ्वी नारायण शाहले पनि यस मर्यादालाई बुझेका थिए– "यो चार वर्ण छत्तीस जातको फूलबारी हो।" यसले वर्ण व्यवस्थाको संकेत दिन्छ। पहिलेका राजा महाराजाहरूको परम कर्तव्य वर्ण व्यवस्था र आश्रम व्यवस्थामा कुनै प्रकारको खलल पर्न नजाओस् तिनको संरक्षण गर्न अनेक प्रकारका शास्त्रसम्मत नियमहरूको रचना गर्नु र त्यसलाई पालन गर उनु नै रहेको थियो। समाजको जग वैवाहिक जीवनको स्वच्छन्दता उपभोगमा बनेको हुँदैन। प्रत्येक व्यक्ति स्वतन्त्र जन्मछ तर समाजबाटै असल शिक्षा गुण र तालिम लिई आफ्नो विकासको साथै समाजको विकास गर्दछ। यसैलाई अर्को शब्दमा आश्रम व्यवस्था भनिन्छ। जीवनलाई केलाएर हेर्दा केवल खानु पिउनु र मोटाउनु मात्रै होइन। जीवन यसभन्दा अतिरिक्त अरू पनि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिकता यिनै विभिन्न उद्देश्यका पूर्तिका लागि चार पुरुषार्थ भनिए। धर्म– भनेको धारणा हो कुनै कुरालाई समाती राख्नु– ग्रहण गर्नु लिनु आदि। समाजलाई स्थिरता प्रदान गर्न, जीवको कल्याणको लागि, एकले अर्कोलाई कष्ट नदिई सुख भोगका लागि यी तीन उद्देश्य पूर्तिका लागि धर्मको उत्पत्ति भएको पाइन्छ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थान मधर्मस्य तदात्मानं सृजाम्यहम्
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्
धर्म संस्थापनार्थाय संभवामि युगे युगे ।

धर्मः– भनेको सत्य हो, सत्य नै धर्म हो। सबै अवस्था सबै कालमा एक स्वरूपले जो रहिरहन्छ त्यही सत्य हो। अभ्युदय निःश्रेयस सिद्धिः स धर्मः– धर्म भनेको सबैको उन्नति र कल्याण हुने मार्ग नै धर्म हो। त्यस आधुनिक विचारकहरूले पनि धर्म त्यो हो जसले अर्काको रचना गर्छ। धर्मलाई कसै कसैले मनुष्यको दैवी र पाशविक प्रवृत्तिका बीचको जोड मानेका छन्। धर्म एउटा मनोवैज्ञानिक न्यायालय हो। सामाजिक नियम कानून व्यक्तिका लागि बनेका हुन्छन्। व्यक्तिको उन्नति यसैको माध्यम-बाट हुन्छ। मनुले धर्मको स्वरूप यसरी प्रस्तुत गरेका छन्।

धृतिः क्षमा दमोऽस्तेयः शौचमिन्द्रिय निग्रहः
धीर्विद्या सत्यम् अक्रोधः दशकं धर्म लक्षणम् ॥१॥
धृति धैर्य, क्षमा–सहिष्णुता, दम
कुभावनालाई हटाउनु, अस्तेय चोरी नगर्नु

शौच शारीरिक मानसिक कर्ममा पवित्र राख्नु, इन्द्रिय निग्रह कर्मेन्द्रिय र ज्ञानेन्द्रियलाई तहलगाउनु, अर्थात् असल कुरालाई धारणा गर्नु, विद्या ज्ञानार्जन गर्नु, साँचो बोल्नु, क्रोध नगर्नु, यी धर्मका लक्षण हुन्।

अर्थः– चारपुरुषार्थ मध्ये अर्थ महत्वपूर्ण मानिन्छ। अर्थ भन्नाले धन सम्पत्ति मात्र नभई शक्ति क्षमता आदिलाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिइन्छ । अर्थ त्यो साधन हो जसद्वारा सुख समृद्धि ऐश्वर्य प्राप्त गर्न सकिन्छ । धर्म शास्त्रीहरूको अनुसार शक्ति क्षमता गुण आदि पनि अर्थ भित्र पर्दछ । अर्थलाई प्राचीन ऋषिमुनिहरूले जीवनको साधन मात्र मानेका छन् । यी साध्य होइनन् । कौटिल्यका मतमा अर्थ पृथ्वीको रक्षण र पालन गर्ने यावत साधनलाई अर्थ मानिन्छ । अर्थको उपार्जन गर्न धर्म पूर्वक गरिनु पर्छ र धर्मपूर्वकको अर्जित अर्थले नै मनुष्यको कामपूर्ति गर्छ ।

ऐहिक कामः– मानव जीवनमा कामको पनि ठूलो स्थान छ । कामको अर्थ हो इच्छा । मनुष्यका अनन्त इच्छा हुन्छन् । ती इच्छाहरू मध्ये व्यक्ति र समाजका उन्नयनमा हित गर्ने इच्छाको पूर्तिवाट समाजमा मानिसले सुख र शान्तिको अनुभव गर्दछ । काम भित्र वासना पनि पर्दछ । यसै वासना पूर्तिका लागि विवाह गरिन्छ । विवाह जीवनको यात्रा पुरागर्ने मुख्य साधन हो र यसैवाट काम वासनाको पूर्ति हुन्छ । काम पूर्ति गर्दा धर्म नियन्त्रित हुनु पर्दछ अन्यथा पशु र मनुष्यमा अन्तर नै रहदैन । यसैकारण भनेको छः- आहार, निद्रा, भय मैथुनञ्च सामान्य मेतत् पशुभिर्नराणाम् । धर्मो हि तेषा मधिको विशेषः, धर्मेण हीनाः पशुभिः समानाः । आहार–खानु, निद्रा-निदाउनु, भय–डराउनु, मैथुन–स्त्री–संगम इत्यादि व्यवहार पशु र मनुष्यमा समान छन् । केवल धर्ममनुष्यमा विशेष रूपले रहेकोछ । यो धर्म छैन भने पशु र मनुष्यमा अन्तरनै रहदैन । त्यसैले होला गीतामा युद्धपनि धर्मपूर्वक गर्नु पर्छ भनि उल्लेख गरिएको छ । धर्मक्षेत्रे कुरुक्षेत्रे इत्यादि । मनुष्य जीवन भोगको लागि नभएर त्यागको लागि भएको हो । भोगको भन्दा त्यागको महिमा वढिछ । कामको भोग भौतिक सुख प्राप्तिका लागि नभई सन्तानोत्पादनका लागि हुनु पर्छ । सन्तानको उत्पत्ति जीवन द्वारका लागि आवश्यक मानिएको छ । पुत्रले श्राद्ध आदि और्ध्वदेहिक क्रिया सम्पादन गर्दछ र जीवले असल स्थान प्राप्त गर्छ भन्ने कथा पाइन्छ । मनुष्य जीवन सन्तानको अभावमा धर्मानुकूल हुदैन भनिएको छ । महाभारतमा विदुरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको सिर्जना संसार देखि पार गर्नका लागि भएको भनेका छन् । पुत्रको व्युत्पत्ति गर्दा पुंनामक नरकबाट त्र रक्षा गर्ने हुँदा पुत्र बनेको हो र नप्ता: न पतन्ति पितर-येषां नरके इति नप्ता-पितृहरू नरकमा नपर्ने हुदा नप्ता-नाती भएको हो । त्यसर्थ कामको भोग धर्मका लागिनै भएको छ। कालिदास लेख्तछन् !

मोक्ष:-यस शब्दको अर्थ हुन्छ मुक्त हुनु, छुट्कारा पाउनु मोक्ष भनिन्छ । जीवले यस संसारको आगमनबाट छुटकारा पाउन बाहिर यो जीवमा रहेको अज्ञानरूपी अन्धकार नष्ट भएर परम सत्यको बोध नहुदासम्म जन्म मरण चलिनै रहन्छ। मोक्ष प्राप्ति नै हिन्दु दर्शन अनुसार मानिसको अन्तिम लक्ष्य हो । जीवनको उद्देश्यनै मोक्ष प्राप्ति गर्नु हो । मनुष्यले आपनो हरेक पाइलामा मोक्षको चैतन्यलाई अंगाली राख्नु पर्छ । जुनसुकै कर्म गर्दा पनि निर्लिप्तता अंगाली गर्नु पर्दछ र यसोभए कर्मले बुद्धिले ईश्वरप्रति तिम्रो बस्तु तिमीलाई नै अर्पण गर्दछु भनी निमित्त बनी कर्म गर्नु पर्छ । "मामनुस्मर युध्यच" यसो गर्दा ईश्वरले जीवलाई आपनो स्वरूपको ज्ञान गराइदिनु हुन्छ अनि मात्र ज्ञानबाट मोक्ष प्राप्त हुन्छ। "ऋते ज्ञानान्न मक्ति" ज्ञान विना मुक्ति संभव छैन ।

यसो गर्दा मनुष्यलाई 'सुख र पारलौकिक शान्ति प्राप्त हुन्छ । बुद्धले पनि अष्टाङ्गिक मार्गमा "सम्यक् आजीव" भनी जीविकोपार्जन धर्मपूर्वक गर्न भनेका छन् ।

त्यागाय संभृतार्थानां, सत्याय मितभाषिणाम् ।
यशसे विजिगीषूणा प्रजायै गृहमेधिनाम् ।।

अर्थको संग्रह, त्याग सत्कर्मको लागि मात्र हो, नकि भोगका लागि । त्यस्तै वाणी अभिव्यक्ति सत्य प्रदर्शनका लागि मात्र हो । आश्रम व्यवस्थाको बीजरूप ऋग्वेदमा "ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत"। ऋग्वेद र अथर्व वेदमा ब्रह्मचर्य शब्द पाइन्छ । यसै गरी गृहस्थाश्रमको पनि चर्चा गरिएको छ । अग्निलाई गृहपति भनि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको छ। छान्दोग्य उपनिषद्मा तीन आश्रमको उल्लेख मात्र पाइन्छ। यो त्र धर्मस्कन्धा: थत् धर्ममा ३ तीन श्रेणी विभाग छन्। आश्रम प्रथा अनुसार ब्रह्मचर्याश्रममा अमृतत्व प्राप्त हुन्छ। जसरी तीन आश्रमको विभाग गरियो यसै गरी ३ लोक ३ आश्रम ३ अग्नि वेदको बढी महत्व छ। जावाल उपनिषद्मा ४ आश्रमको वर्णन पाइन्छ। श्वेताश्वतर उपनिषद्मा सन्यासलाई सबै भन्दा माथिल्लो तहमा राखिएको छ। यसमा कुनै विधि निषेधको वन्धन रहँदैन। गृहविहीन भएकोले अन्त्येष्टि क्रिया सन्यासीहरूको हुँदैन। आपस्तम्व सूत्रमा किसिमका आश्रम पाइन्छन्। त्यस्तै वाशिष्ठले वह्मचारी, वानप्रस्थ, र परिव्राजक आश्रम भनेका छन्। वात्स्यायनले पुरुषको आयुलाई १०० वर्षको मानी २५ वर्षसम्म ब्रह्मचार्यश्रम २५ देखि ५० सम्म गृहस्थाश्रम र त्यसपछि वानप्रस्थाश्रम भनो युवावस्थामा कामको उपभोग गरोस भनेका छन्। मनुष्यको आचरणको लागि आश्रम व्यवस्था अनिवार्य छ। "अचार:परमोधर्म:" आचार नै परम धर्म भएको हुदाँ यसै आचारमा रही कर्तव्य पुरा गर्ने आश्रम व्यवस्थाको कल्पना गारएको हो। कुल्लुक भट्टले चतुर्थ आश्रममा पुगेर प्राण त्याग गर्नले मोक्ष प्राप्त गर्छ भनका छन्।

ब्रह्मचर्याश्रम

उपनयन संस्कार उपनयन भनेको गुरूको समीपमा गई विद्या ग्रहण गर्नु हो। विद्या समाप्त भएपछि स्नान गरी गृहस्थाश्रममा प्रवेश गरिन्छ। यसै कारण ब्रह्मचारीलाई स्नातक पनि भनिन्छ। स्नातक तीन प्रकारका हुन्छन्। (१) विद्या स्नातक (२) ब्रतस्नातक (३) विधाव्रत स्नातक। विधा पुरा गरी गहस्थाश्रममा प्रवेश गर्नेलाई विद्यास्नातक र ब्रह्मचर्यको सबै नियम पालन गरो विद्या हासिल गर्नेलाई ब्रतस्नातक र विद्या ब्रत दुबै विधिवत् पुरा गर्नेलाई विधाव्रत स्नातक भनिन्छ।

ब्रह्मचर्याश्रमका नियम:—

अर्को शव्दमा गुरुकुलमा रहदा ब्रह्मचारले नियमहरूको पालना गर्नु पर्दछ। ती नियमहरू यस प्रकारका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगचर्म दण्ड, रूद्राक्ष र कमण्डलु आदि ग्रहण गर्नु पर्छ। शिर मुण्डन गर्नु पर्छ, सौन्दर्य प्रसाधन गर्नु हुदैन। भिक्षा माग्नु र भिक्षावाट प्राप्त अन्नबाट निर्वाह गर्नु, गुरूको शुश्रूषा गोसेवा व्रत प्रमुख छन्। सूर्योदय भन्दा पूर्व स्नान सम्पन्न गर्नु पर्छ, दिवाशयन वर्जित छ। ईश्वरसित श्रद्धा मेधा प्रज्ञा र दीर्घायुका लागि प्रार्थना गर्नु पर्दछ। उत्तरीय शरीरको माथिल्लो भागमा धारणा गर्ने मृगचर्म वा पीत वस्त्र, धारणा गर्नु पर्छ। भोजन सात्विक शुद्ध हुनु पछ र तीतो, पीरा, अमीलो आदि र अति भोजन निषेध छ। ब्रह्मचारी दुई किसिमका हुन्थे। उपकुर्वाण र नैष्टिक (१) विद्या समाप्ति पछि गृहस्थाश्रममा प्रवेश गर्ने ब्रह्मचारी उपकुर्वाण भनिन्थ्यो भने आजीवन गुरूको समीपमा वसी विद्या हासिल गर्नेलाई नैष्ठिक ब्रह्मचारी भनिन्थ्यो। शिक्षा हासिल गर्न उचित समयको आवश्यकता पर्ने हुदा उपनयनको ससय तोकिदिएको छ "आषोडषात् ब्राह्मणस्य" ब्राह्मणको १६ वर्षसम्म। वाणभट्टले १४ वर्षसम्म विद्याध्ययन गरेका थिए। ह्वेनसांगले २० वर्षसम्म विद्याध्ययन गर्छन भनी आपनो यात्रा विवरणमा उल्लेख गरेका छन्। बौद्ध ब्रह्मचारीहरूले १० वर्षसम्म विद्याध्ययन गरी ३ वर्ष कठोर अनवरत परिश्रम गर्छन् भनेका छन्।

गृहस्थाश्रम

गृहस्थाश्रमलाई सबै आश्रमको पोषक र रक्षकका रूपमा मानिएको छ। "धन्यो गृहस्थाश्रम" यसै आश्रममा देवता पितृ र मनुष्य सबैलाई तृप्त पार्ने साधनहरू प्राप्त हुन्छन्। सन्तानको उत्पादन गरेर पितृऋण चुक्ता गरिन्छ भने यज्ञ व्रत दान धर्म आदि गरी देवताहरू खुशी हुन्छन्। यस आश्रममा प्रवेश गरेपछि गृहस्थले मुख्यतया ५ महायज्ञ गर्नु पर्छ। पांच यज्ञमा ब्रह्मयज्ञ, वेदाध्ययनवाट पूर्ण हुन्छ। (२) पितृयज्ञ प्रतिदिन पितृहरूलाई तर्पण दिदा सम्पन्न हुन्छ। (३) देवयज्ञ- प्रतिदिन शालग्राम वा कुल देवताको पूजा वा मन्दिरमा गई देव पूजा देव दर्शन आदि गर्नाले पूर्ण हुन्छ। (४) भूतयज्ञः भान्छामा पाकेको भोजन भूतप्रेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिलाई पन्छयाई दिनुलाई भूत यज्ञ भनिन्छ। जो आज पनि काम पशु पन्छीलाई अन्न छुट्याई भोजन गरिन्छ। (५) अतिथि यज्ञ: अतिथिको सेवा गृहस्थको परम कर्तव्य हो। यसलाई नृयज्ञ पनि भनिन्छ। मुष्टि उठाई राख्ने र पछि साधु सन्त, जोगी, माग्ने, याचक आदिलाई अन्नदान दिने चलन यसैको प्रतीक हो। अझै पनि घरमा आएका पाहुनाको यथाशक्ति सत्कार गर्न पाउँदा धन्य सम्झने गृहस्थहरू पनि पाइन्छन्। समय र परिस्थितिले गर्दा अब त्यो धारणा बिस्तारै लोप हुन थालेको छ। गृहस्थाश्रम मनुष्यको उचित कर्तव्यले व्यक्तित्व प्रखर हुन थाल्दछ। धर्म, अर्थ, काम यी तीनै कुराको सेवन यसै गृहस्थाश्रममा हुने हुदाँ गृहस्थाश्रम सबै आश्रमको राजा हो। मातृदेवोभव, पितृदेवो भव, अतिथि देवो भव आदिको निर्वाह यसै आश्रममा हुन्छ। त्याग, संयम आदिको पाठ यसैमा गरिने हुँदा कर्मयज्ञ बन्न पुग्दछ। "पुत्रदारादि बन्धूनां सगम: यस्य संभव:" छोरी स्वास्नी बन्धुवान्धव यी बाटामा हिड्ने बटुवा सदृश हुन् भनी परत्रको चिन्तनका लागि सतर्क पारेको हुन्छ। भगवानको आराधाना गरी अन्त: करण शुद्ध गरी भगवत् आराधनाको सिढीमा उक्लने क्षमता राख्ने हुदा गृहस्थाश्रम महत्वपूर्ण मानिन्छ। कालिदासले गृहस्थाश्रमको प्रशंसा यसरी गरेका छन्।:

> महाभाग: काम नरपति रभिन्न स्थिति रसौ
> नकश्चिद्वर्णानं मयथमप क्रुष्टेऽपि भजते

जहाँ राजा र सबै भन्दा तल्लो वर्ण शूद्रले पनि खराब आचरण गर्दैन आ–आपनो कर्तव्य प्रथमा रही आचरण गर्दछन्।

वानप्रस्थाश्रम: - जीवनको तेस्रो मोड वानप्रस्थाश्रम हो। वानप्रस्थ शब्द वंने तिष्ठतीति अर्थात् वनमा बस्नु। घर सम्पत्ति सबै छोरा बुहारीलाई सुम्पी एकान्तमा वनमा गई ईश्वरको आराधना गर्ने काम यसमा गरिन्छ। 'अग्नि पक्कम् सूर्यपकवम्' वस्तुको सेवन गर्नु, संग्रहशील नबन्न, र ५ महायज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri.Funding: MIDF

यहाँ पनि गर्नु पर्छ। फलफूल खाई नित्य रमाई पूर्ण त्यागको अभ्यास गर्नु आदि। यस आश्रममा गरिनें कर्तव्य हो। यसमा धर्म र मोक्षको अभ्यास चिन्तन मनन गरिन्छ। वानप्रस्थमा मृत्यु भयो भनें मोक्ष हुन्छ भनी कुल्लुक भट्टले व्यक्त गरेका छन्।

सन्यासाश्रम:– यस आश्रममा प्रवेश गर्न चाहनेले ८ प्रकारको श्राद्ध र प्राजापत्य यज्ञ गर्नु पर्छ। कौपीन, उत्तरीय वस्त्र र लट्ठी यी तीन मुख्य बस्तु छन्। यसैबाट निर्वाह गर्नु पर्छ। सन्यासीहरुले गर्ने केही नियमहरू हुन्छन् तिनको पालन गर्नु पर्दछ। "सत्य पूतां वदेत् वाचं" सदा सत्य बोल्ने, सत्याचरण सत्य नै परं ब्रह्म हो। सत्यं ज्ञान मनन्तं ब्रह्म": यसै महा वाक्यलाई सदा स्मरण गर्ने। ओंकारको उच्चारण गर्ने। गोघाती र जातिच्युतको भिक्षा ग्रहण गर्नु हुँदैन। ७ सात घरमा भन्दा बढि घरमा गई भिक्षा माग्नु हुदैन। विधि निषेधबाट पर रही स्वच्छन्द विचरण गर्नु पर्छ। सन्यासीले कसै माथि रीस, राग, द्वेष आदि गर्नु हुँदैन्। पूर्ण संयम जीवन यापन गर्नू भन्ने छ। मनुले ब्रह्मचर्याश्रम पछि पनि सन्यासाश्रम ग्रहण गर्न सकिन्छ भनेका छन्। सन्यासीको मुख्य धर्म शान्ति र अहिंसा हो। पहिलो आश्रममा ज्ञान प्राप्ति, दोस्रो आश्रममा क्रिया गर्नु तथा तेस्रो आश्रममा चिन्तन, मनन गर्नु र चतुर्थ आश्रममा आत्म साक्षात्कार गर्नु आश्रम व्यवस्थाको लक्ष्य हो। आश्रमहरू श्रेणी सीढी हुन्। एकबाट क्रमश: सीढि उक्लदै अन्तमा अनन्तमा समाहितहुनु नै वर्णाश्रम व्ययस्थाको मूल उद्देश्य हो। पहिलो आश्रमले व्यक्तिको विकास गर्दछ। दोस्रो आश्रमले समाज, राष्ट्रको हितमा ज्ञान समर्पण गर्दछ। तेस्रो आश्रमले आत्माको चिन्तन विश्लेषण गरी चौथोमा समष्टिमा विलीन हुन्छ। यसैबाट मनुष्य मात्रको कल्याण हुन्छ। "भनेको पनि छ" "यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकंतत:" "जस्लाई प्राप्त गरिसके पछि अरू कुनै पाउन बाकि रहदैन" त्यही नै मनुष्यको परम पुरूषार्थ हो।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह - एक चिन्तन

दोस्रो आश्रममा प्रवेश गरिसके पछि गरिने संस्कार विवाहको अर्को शब्द पाणिग्रहण जसको अर्थ हुन्छ हात समाउन । मनुष्य जन्मदा तीन ऋणले ऋणी बनेको हुन्छ त्यो हो देव ऋण, पितृऋण र ऋषि ऋण। देव ऋण–देवताको पूजा यज्ञयागादि गर्नाले चुक्ता हुन्छ भने पितृऋण चुक्ता गर्न देश परम्परालाई कायम राख्न सन्तति पैदा गर्नुबाट हुन्छ । किनभने हिन्दू धर्ममा जतिपनि और्ध्व देहिक क्रिया छन् ती सबै पुत्रद्वारा सम्पादन गरिएमा प्रेतात्माले प्राप्त गर्दछ भन्ने शास्त्रमत पाइन्छ । यसै पितृऋणबाट मुक्त हुनका लागि तथा जीवनको रथलाई चलाउन विवाह आवश्यक मानिएकोछ । विवाहको प्रयोजन धेरै हुन सक्छन् ती मध्ये मुख्य मुख्य यी हुन् जस अन्तर्गत अनियन्त्रित भोग प्रवृतिलाई नियन्त्रित र नियमित रूपमा परिणत गरी शरीर मन बुद्धिको विकास गर्नु ।

उत्तम धार्मिक सन्तानोत्पतिद्वारा पितृऋणबाट मुक्त भई प्रजातन्तुको परम्परालाई अक्षुण्ण राख्नु ।

वधुवरको माङ्गलिक समन्वयबाट पारिवारिक सुख शान्ति प्राप्त गर्दै राष्ट्रिय जीवनलाई सुव्यवस्थित पारी कुल, देश, समाज र राष्ट्रलाई नै ऐहिक तथा पारलौलिक सुखमा अग्रसर बनाउनु आदि हो । यो गृहस्थाश्रम यसैकारणले महनीय बनेकोछ । किन भने यसै गृहस्थाश्रममा मनुष्य वैवाहिक जीवनबाट पूर्ण बन्दछ र अन्य आश्रमलाई पनि टेवा दिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालो ह्यय संक्रमितुं द्वितीय
सर्वोपकारक्षम माश्रमंच ।
प्रजायै गृहमेधिनाम् । "कालिदास"

वैदिककालमा विवाह सरल थियो । केटा र केटीले परस्पर रोज्न पाउँथे तापनि मातापिताको आज्ञा लिनु आवश्यक सम्झि-इन्थ्यो । अभिभावक नभएमा अन्तिम निर्णय केटा र केटीको रहन्थ्यो । उत्तर वैदिक कालमा यो स्थिति रहेन । सामाजिक व्यवस्था जटिल बन्न पुगि सकेको हुन्छ । उच्च जातिले निम्न जातिसंग पनि विवाह गर्न धक मान्दैनथे । अनुलोम विवाह र प्रतिलोम विवाह देखिन्छ । उच्च वर्गले तल्लोवर्गको कन्यासंग विवाह गर्नुलाई अनुलोम भनिन्छ भने तल्लो वर्गको पुरुषले उच्च वर्गको कन्यासंग विवाह गर्नुलाई प्रतिलोम भनिन्छ । राजपरिवारमा वहुविवाह प्रथा चलेको पाइन्छ ।

धर्मसूत्र अनुसार विवाह ८ प्रकारका मानिएका छन् । मनुस्मृतिमा पनि धर्म सूत्रले झैं आठ प्रकारको विवाह उल्लेख गरेको छ ती आठ प्रकारका विवाह यस प्रकार छन् ।

(१) ब्राह्म विवाह (२) दैव विवाह (३) आर्षविवाह (४) प्राजापत्य विवाह (५) आसुर विवाह (६) गान्धर्व विवाह (७) राक्षस विवाह (८) पैशाच विवाह

(१) ब्रम्ह विवाह त्यो हो जसमा पिताले योग्य उत्तम वरलाई आफ्नो घरमा निमन्त्रण गरी वस्त्रालङ्कारले कन्यालाई सुसज्जित पारी दाइजो समेत राखी प्रदान गरिन्छ । यो विवाह ब्राम्हणको लागि योग्य ठहरिएको छ । यो अति प्राचीन र सही विवाह हो ।

(२) दैव विवाहमा ऋत्विजलाई आफ्नो घरमा राखी धेरै दिनको यज्ञ सम्पन्न गरी त्यसै यज्ञमा अलङ्कृता कन्यालाई त्यसै ऋत्विजलाई दिइन्थ्यो । त्यस किसिमको विवाहलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देव विवाह भनिन्छ । यो विवाह दोस्रो दर्जाको भनिन्छ र यसमा यज्ञको दक्षिणा दिदा कन्या समेत दिइन्छ ।

(३) तेस्रो प्रकारको विवाह आर्ष विवाह हो । यसमा कन्याका बाबुले बरलाई कन्या दिन्छन् र बरले कन्याका पितालाई एक जोडा गोरू वा गाई उपहार स्वरूप दिनु पर्दछ । यसो हेर्दा कन्याको बाबुले कन्याको शुल्क (मूल्य) लिए जस्तो देखिन्छ तापनि कन्या दिदा त्यो बरलाई नै फिर्ता दिइने हुदा धर्म मुलक नै भनिएको छ ।

वीर मित्रोदयः- धर्म निमित्तो ह्यसौ नलाःभ निमित्तकः : गोमिथुन ग्रहणोच स्वयंकन्यो पकरणदाना समर्थस्य वद्धानार्थं वेदितव्यम्"

(४) प्राजापत्य विवाहः- यो आर्ष विवाह पछिको चौथो दर्जाको विवाह भनिन्छ । यसमा बरवधू दुबैलाई (समयवन्धन) परस्परमा कबूल गराइन्छ । धर्म, सेवा अथवा अरू कुनै कर्म गर्दा दुवै संग संगै भएर मात्र गर्ने प्रतिज्ञा गराई विवाह गराइन्छ । यसबाट नारीलाई पुरुष समान अधिकार दिएको कुरा स्पष्ट हुन्छ । यस कारण प्राचीन कालमा नारीलाई अधिकार थिएन भन्न मिल्दैन । यी चार प्रकारका बिवाहमा धर्म भावना भएको हुँदा यिनलाई प्रशस्त अर्थात उत्तम कोटीमा गनिन्छ । यस पछिका अन्य ४ प्रकारका विवाह अनुत्तम विवाह भनिएका छन् ।

(५) आसुर विवाहः- यसलाई पाचौं श्रेणीको विवाहमा दरिन्छ । यस विवाहमा कन्या सट्टापट्टा गर्नु पर्छ कि त कन्याका बाबु बराजु अथवा सम्बन्धीलाई रूपैया दिन सक्नु पर्छ । यी दुवै कुरा दिन सक्तैन भने त्यस्तो वरले विवाह गर्न सक्तैन यसलाई निषेध गरेको छ । मानव कर्तव्य र धर्मको ख्याल नगरिने हुंदा यो समाजमा प्रशंसनीय मानिदैन । यसलाई कन्या विक्रय सिवाय केही मानिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) गान्धर्व विवाह: आसुर विवाह पछि यस विवाहको नाउँ आउँछ। काम भावनाको वशीभूत भएर वर वधू दुवैले परस्परमा स्वीकृत गरेपछि बाबु आमाको आज्ञा विना गरिने विवाह गान्धर्व विवाह भनिन्छ। स्वयम्वर विवाह पनि यसैको दोस्रो नाम हो। यो स्वयम्वर विवाह प्राय: क्षेत्रीय हरूमा देखिएको छ।

राजाहरूले वीरता प्रदर्शन गरी योग्यलाई कन्या दिइने गरिन्छ। यसमा कर्म कान्डको आश्रय भने लिएको देखिन्छ। अचेल प्रेम विवाह चलेको छ यो पनि त्यति राम्रो हुदैन। केटा केटीमा जसरी काम भावले कुतकुतिएर क्षणिक आवेशमा आएर एक अर्कामा जोडिछन् त्यो धर्म पूर्वकको बन्धन नहुँदा त्यतिकै सजिलोसंग विछोड हुन पुग्दछ। पाश्चात्य मुलुकमा यस किसिमको विवाहको परिणाम देखिन्छ। जीवनमा सुख शान्ति र अभ्युदयको कुनै संस्कार हुदैन। यस्तो क्षणिक मिलनवाट भएका सन्तानको पछि गएर ठूलो जमात खडा हुन थाल्छ : त्यस्ता बालकको संरक्षक बन्ने कोही हुदैन। त्यस्तो समाजले धर्म संस्कृतिनै नष्ट गर्दछ। यसरी धर्मप्राण भएको हिन्दु समाजले उन्मुक्त प्रेम विवाहलाई छाडा छोड्नु हुदैन। धर्म नियन्त्रित पद्धतिवाट गरिएको विवाह चिर-कालसम्म सुख शान्ति प्रदान गर्ने र राष्ट्र समाज व्यक्तिको उन्नयसमा सघाउ पुन्याउँदछ।

(७) राक्षस विवाह:- विद्वानहरूले यस प्रकारको विवाहलाई सातौं श्रेणीमा राखेका छन् र कन्या वा कन्या पक्षको स्वीकृति नै नलिई बलजफ्ती मारपीट वा हरण गरेर लैजानेलाई भनिन्छ। अथवा अर्काले विवाह गरी लैजान लागेको कन्यालाई हरण गरी लैजानु राक्षस विवाह भनिन्छ। अघिका युद्धप्रिय राजाहरूले यस प्रकारको विवाह गर्दथे। भीष्मले, अम्बा, अम्बिका, अम्बालिकालाई यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी हरण गरेका र रुक्मिणी हरणको उदाहरण पाइन्छ ।

(८) पैशाच विवाहः– आठौं प्रकारको विबाह पैशाच विवाह भनिन्छ । सुतेकी उन्मत्त भएकी र अचेत अवस्थामा परेकी कन्यालाई पिचासको जस्तो छल कपट गरेर उसमा आफ्नो अधिकार जमाई विवाह गर्नुलाई पैशाच विवाह भनिन्छ । सभ्य समाजले यसलाई उति आदर गरेको र मान्यता दिएको पनि छैन । यो अधम विवाह भनिन्छ । गान्धर्वादि पैशाच सम्मका ४ प्रकारका विवाहमा पनि तिनले अग्नि साक्षी राखी विवाह गर्नु पर्छ भन्ने । "देवलको" मत छ ।

गान्धर्वादि विवाहेषु, पुनर्वैवाहिको विधिः ।
कर्तव्यश्च त्रिभिवर्णैः समयेनाग्नि साक्षीकः ।।

देश, जाति, धर्मभेदले विवाहका रीति भिन्दा भिन्दै हुन्छ । ईसाइहरूको बिवाह चर्चमा लगि औंठी लगाई पादरी-द्वारा वाइवल पढी हस्ताक्षर गरेर गरिन्छ । हिन्दु परम्परामा जति विवाह सम्बन्धमा विचार गरिएको पाइन्छ त्यति संसारका कुनै जातिमा पनि गहिरिएर विचार भएको पाइदैन । प्रेयमार्ग र श्रेय मार्ग दुवैको पूर्तिका लागि विवाहलाई मुख्य मानिएको छ । कन्यालाई लक्ष्मी सरस्वती पृथ्वी मानी यी सबै रुमापा हेरिएकोछ ।

सृष्टि नै प्रकृति र पुरुषद्वारा हुने हुँदा आत्माले आफ्नो स्वरूपलाई दुई भागमा विभक्त गरी पति र पत्नी बनी आनन्द-स्वरुपले रहन थालेको "वृहदारण्यमा वर्णित छ" (स इममेवात्मानः द्वेध्यापातयत् ततः पतिश्च पत्नी च श भवदत्मा" वर्ण संकर न आओस् भनी जुन जातिको वर हो त्यही जातिमा विवाह गर्ने भनि शास्त्रको मत छ । सभ्य समाजमा पनि यस्ता कतिपय नियमहरूको पालना गरिएको हुन्छ । जस्तै सगोत्रमा विवाहको निषेध गरियो त्यस्तै सपिण्डमा* अर्थात् रगतको

* वध्वा वरस्य कुटस्था यदिसन्तमः
पञ्चमी चेयमींतातरसापिण्ड्य निवर्तते । धर्मशास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाता हुने जतिलाई पिण्ड दिइन्छ त्यति भित्रमा विवाह गरिदैन । भाई बहिनी, दाजू बहिनीको नाता लाग्ने जतिमा विवाह निषेध छ । विवाह संस्कारको मुख्य उद्देश्य गार्हस्थ्य जीवन सुखमय मनोरम तुल्याउन गरिएको हुन्छ ।" रूपशील गुण सम्पन्नां कन्यां यच्छेत्" "कुल मग्रे परीक्षेत" भनी कुलको परीक्षा गर्नु भनिएको छ । नेपाली उखान यसैको आधारमा "कुलकी छोरी मूलको पानी खानू" भन्ने उखान प्रचलित भएको पाइन्छ । दश पुस्तासम्म आफ्नो आचार विचारमा रहेकी ब्राह्मणकी कन्यालाई ब्राह्मणले, त्यस्तै क्षत्रीय कन्यालाई क्षत्रीले गरोस् । त्यस पछि रूप शील स्वभाव र गुणलाई हेर्ने विधान पाइन्छ । उमेरको हकमा कन्याको उमेर पुरुषको अपेक्षा कम्ती हुनुपर्ने समयानुसार कन्याको उमेरमा परिवर्तन हुदै गएको छ । मुसलमानको आक्रमणले गर्दा कन्याको विवाह चाडै गरिदिनें चलन पनि नभएको होइन ।

अष्ट वर्षा भवेत् गौरी नववर्षा च रोहिणी

आठ वर्षमा गौरी स्वरूप हुन्छे र नौ वर्षमा रोहिणीको रूपमा । भनी रजस्वला हुनु भन्दा पूर्व विवाह गरिदिनें चलन पनि भएको पाइन्छ । तर वैदिक कालमा बाल विवाह थिएन । कन्या याचन उपयुक्त कन्या माग गरेपछि वरदान हुन्छ अर्थात् कन्यापक्षबाट वर पक्षलाई निश्चित तिथि मिति टुङ्ग्याई निधो गरिन्छ । विवाह पूर्ण गर्न निश्चित बिधि बिधान गरिन्छ । जसलाई कर्मकाण्ड भनिन्छ । यस अन्तर्गत वर कन्याका घरमा बरियात् सहित पुग्दछ । बरलाई मधुपर्कद्वारा स्वागत गरिन्छ । वस्त्र, परिधान, समंञ्जन, निष्क्रमण, समीक्षण, अग्निप्रदक्षिणा, वैवाहिक होम, लाजाहोम, पाणिग्रहण अश्मारोहण गाथा गान,अग्नि परिक्रमण सप्तापदी मूर्धाभिषेक,सूर्यदर्शन, हृदयस्पर्श, सिन्दुरदान, ध्रुवदर्शन, चतुर्थीकर्म मूधाभिषिञ्चन र स्थालीपाक (जुठो खुवाउने) आदि यस अन्तर्गत गरिने क्रिया हुन् । यी मध्ये बरबाट कन्यालाई वस्त्र प्रदान गरिन्छ । यसमा वरले वधूको दीर्घायुको कामना गर्दै सुखी जीवन दुवैको बितोस भन्ने प्रार्थना गर्दछ ।:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"अतच जीव शरद: सुवर्चा रयिश्च पुत्राननुसन्ततिश्च समञ्जन्तु विश्वेदेवा: "समापो हृदयानि नौ" (कन्यादानको वेलामा भनिने मन्त्र) अनुकूल भएका वायु देवता र जल देवताले हामी दुवैको हृदयलाई जोडिदेऊन् । यसबाट दुवैको विचार र भावना एक भई गृ स्थ जीवन सुखी बन्दछ । लाजाहुवनमा अग्निसंग पितृऋण तिर्ने शक्तिको याचना संगसगै आफ्ना पतिको दीर्घायुको प्रार्थना गरिन्छ । वरले पनि कन्याको हात समाती हे बधु तिमीलाई म संग १०० वर्षसम्म आयुको भोग गर्न र पुत्रादि सन्तान जन्माउन भग, अर्यमा र सविता देवताले मलाई दिएका छन् । म साम हुँ भने तिमी ऋक् हौ अर्थात सामवेदका मन्त्रहरूलाई मधुरस्वरमा गानगरिन्छ ऋग्वेदका मन्त्रहरूमा देवताको प्रार्थना छ । म आकाश हुँ अनि तिमी पृथ्वी हौ भन्दै वर वधूको अलग अलग अस्तित्व नभै एक अर्काका पूरक हुन भन्दै उच्च आदर्शको कल्पना पाइन्छ । जसरी शक्ति र शक्तिमानको अभेद सम्बन्ध छ त्यसरी नै पति पत्नीको सम्बन्ध भएको पाइछ । "न गृहं गृहमित्याहु गृहिणी गृहमुच्यते" गृहिणी विना घर घर हुदैन । रावणले सीतालाई हरण गरेर अशोक वाटिकामा पुऱ्याइसकेपछि रावणले सीताजीलाई फकाउँदा सीताजी भन्नुहुन्छ ।

"चरणेनापि सत्येन न स्पृशेयं निशाचरम्"
रावणं किं पुनरहं कामयेयं विगर्हितम् ।। १

रावणलाई स्वीकार गर्ने कुरा त परै जाओस् वायाँगोडाले पनि यस दुष्टको स्पर्श गर्दिन भनी सीताले राम प्रतिको हिन्दु आदर्शता व्यक्त गर्नुभएको छ । जबकि पाश्चात्य संस्कृतिमा केनेडीको हत्या भएपछि मिसेस केनेडीले अर्को पतिबरण गरिन्" अर्को एक प्रसङ्गमा रामचन्द्रजीले सीताजीलाई अयोध्यामै सासु ससुराको सेवा गरी बस, वनमा अनेक किसीमका कष्टहरू हुन्छन्, तिम्रो यो कमलो शरीरले यो कष्ट कसरी सहला भन्दा सीताजी भन्नुहुन्छ । हे राम हजुरका साथमा रहदा वन्य जन्तुहरूनै स्नेही सहचर हुनेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजुरका साथ रहँदा पर्णशाला पनि अमरपुरी बन्ने छ।'' भनी उच्च भावना र त्यागको अनुपम उदाहरण प्रस्तुत गर्नु भएको छ। जहाँ प्रेममा वासना छैन, जहाँ भोगमा स्वार्थ छैन, सन्तानका लागि सहभागिता छ त्यहाँ वृद्धावस्थामा दाम्पत्य जीवनको परीपाक भएर छोरा नातीकासाथ सय वर्षसम्म खेल्दै जीवन बिताउन प्रार्थना गरिन्छ। धन्य छ आर्य संस्कृतिको महिमा।
कालिदास यसबारे यसरी व्यक्त गर्दछन्।

अद्वैत सुखदु:खयो रनुगतं सर्वास्ववस्थासु यत्।
विश्रामो हृदयस्य यत्र जरसा यस्मिन्नहार्यो रस:॥
कालेनावरणात्ययात्परीणतै यत्स्नेहसारं स्थितं।
भद्रं तस्य सुमानुषस्य कथमप्येकं हितत् प्राप्यते॥

धन्य हो त्यो दाम्पत्य जीवन जहाँ सुख होस या दु:ख पति पत्नी दुवैले एक साथ रहेर त्यसको भोग गर्दछन्। परस्परमा कुनै प्रति खिन्नता छैन जहाँ वुढयाईले गर्दा शरीरको छाला चाउरी पर्दा पनि दुई प्राणीमा प्रेम तरूणावस्थामा भैं एकनाश रहिरहन्छ। धन्य हो त्यो मनुष्य जसले कल्याण बाहेक अरू केही गर्दैन।

नेंपालमा अन्य जाति जस्तै नेंवार, किराती आदि जातिमा पनि विवाह आर्यमा भैं परम्पराभित्र भएको पाइन्छ। नेवार जातिमा कन्याको कौमार्य अवस्थामा बेलसंग विवाह गर्ने चलन पाइन्छ। यसबाट रजोवती भैसकेपछि कन्यादानको दोष नलागोस र बेल ईश्वरको प्रतीक हुदा कन्या सदा सौभाग्यवती नै रहन्छिन भन्ने धारणा हो। किरातीहरूको बेद मन्धुममा नाता कुटुम्वमा विवाह गर्नु हुदैन यसबाट कुलको नाश हुन्छ भन्नें उल्लेख पाइन्छ। यिनीहरूको विवाहमा वर वधूलाई हिन्दुहरूको वेदमन्त्रले आशीर्वाद दिए जस्तै दाम्पत्य जीवन सुखमय रहोस भन्दै एक अर्कामा अर्को आत्मासंग एक भयो भन्ने पाइन्छ। सिन्दूर दानको प्रचलन यिनी-हरूमा पनि छ। यथाशक्य विवाहको उत्सव प्राय: सबै जातिमा हुन्छ स्वयम्वर प्रथा:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन कालदेखिने स्वयम्वर प्रथा रहिआएको पुराण आदिवाट ज्ञात हुन्छ। सर्व प्रथम आदिराज स्वयम्भु मनु र शतरूपाकी छोरी आकूतिबाट यो प्रथा आरम्भ भएको देखिन्छ। नल दमयन्तीको विवाहमा विभिन्न राजा महाराजाहरू स्वयम्वर समारोहमा एकत्रित भएका थिए। नैषधमा श्रीहर्षले त्यसताकाका नेपाली राजा पनि सम्मिलित भएको उल्लेख गरेका छन्। त्यस्तै सीता स्वयम्वर प्रसिद्ध छ। देवी रूक्मिणीको विवाह जेठो दाजु रुकमीले चेदिराज शिशुपालसंग गर्न खोज्दा कृष्णलाई पत्र पठाई "मां राक्षसेन विधिनोद्वह वीर्यशुल्काम" भनी पछि ब्राहम् विधिद्वारा विवाह भएको पुराण प्रसिद्ध छ। आजभोलि यही विधि प्रवल हुँदै गइरहेको देखिन्छ। नेपालका कतिपय जातिमा यो विधि पनि रहि आएको छ। छिमेकी देश भारतमा दहेज प्रथाको परिणाम देख्ता देख्तै पनि कुरीतिको धुवाँ यतकिन्चित मात्रामा सरूवा रोग झैं फैलन सक्ला भन्ने आशङ्का छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू संस्कार र यसको महत्व

"संस्कार" भन्दा भित्तिकै मानिसको मनमा धार्मिक कृत्यको वोध हुन जानु स्वाभाविकै हो । तर "संस्कार" शब्दको अर्थ व्यापक रूपमा ग्रहण गरिएको छ । संपूर्वक कृ धातुवाट भावमा घञ् प्रत्यय गरी सुट् आगम भएर यो शब्द वन्दछ । कुनै पनि मलिनतालाई हटाई दोषरहित तुल्याउनु हुनआउँछ । यही शब्द नैयायिक का मतमा अर्को अर्थमा प्रयुक्त हुन्छ भने मीमांसकहरूका मतमा यज्ञ यागादिमा प्रयुक्त द्रव्य, भूमि र यज्ञपात्रादिको मन्त्रद्वारा शुद्धि अर्थमा गरिएको छ । अद्वैत वेदान्तमा संस्कार भन्दा जीवमा गरिने शारीरिक मिथ्या आरोप बुझिन्छ । कतै यसको अर्थ छाप भन्ने देखिन्छ भने कतै शृङ्गार र गहना अर्थमा । जस्तै स्वभाव सुन्दरं वस्तु न संस्कारमपेक्षते । तर्क संग्रहमा संस्कारको अर्थ स्मरण शक्ति भनिएको छ । जस्तै "संस्कार जन्य ज्ञानं स्मृतिः" इत्यादि अर्थं वोकेको संस्कार शब्दको व्याख्य बैदिक परम्परा अनुसार ब्राह्मण, क्षत्री र वैश्यको गर्भाधान देखि लिएर अन्त्येष्टि क्रिया–मृत्युपर्यन्त गरिने कार्यकलापको वारेमा भन्न खोजिएको हो ।

यी संस्कारद्वारा संस्कारगर्नलायक व्यक्तिको वाहिरी भित्री शुद्धि हुने हुनाले यिनलाई शुद्धि संस्कार पनि भनिन्छ । यो शुद्धि संस्कार ब्राह्म र दैव दुइ भागमा वाँडिएको छ । मनुष्य जीवनको विभिन्न अवसरमा गरिने गर्भाधान देखि अन्त्येष्टि (मरे पछि गरिने क्रिया) सम्मको संस्कारलाई ब्राह्म भन्दछन् । श्रौत यज्ञ वाहेकका अरू सम्पूर्ण स्मार्त यज्ञ यागादि (स्मृतिग्रन्थ प्रतिपादित कार्यं) दैव कर्म भनिन्छ । यी संस्कारद्वारा

विद्यापीठ-पुस्तकालय

95420

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्तिको सम्पूर्ण व्यक्तित्व परिष्कार शुद्धि र पूर्णता पनि हुन्छ। यी सबै संस्कारको मूलाधार वेद हो। बिशुद्ध संस्कारद्वारा संस्कृत व्यक्ति विनारोक तोक अभ्युदय र निःश्रेयस सिद्धि प्राप्त गर्न सक्तछ भन्ने शास्त्रीय मत छ। शास्त्रपूर्वक गरिएका संस्कारले व्यक्तिमा शक्ति उत्पन्न गर्दछ। यो शक्ति व्यक्तिको जीवनमा नभै नहुने कुरा हो। यसै (मानसिक, शारीरिक, बौद्धिक) शक्तिद्वारा पुरुषले यस संसारमा सुख भोग गर्दै परत्रमा पनि उत्तम गति प्राप्त गर्दछ। जसरी एउटा राम्रो चित्र कोर्न विभिन्न सामग्रीहरूको आवश्यकता पर्दछ त्यस्तै व्यक्तिको संस्कारका लागि पनि विभिन्न वस्तु एवं मन्त्रको शुद्ध प्रयोग अति आवश्यक हुन्छ। मन्त्र सबै भन्दा उत्तम साधनको रूपमा प्रयोग गरिन्छ। द्विजजातिका लागि मन्त्र प्रयोग गरिन्छ भने शूद्रादिका लागि मंत्ररहित क्रियाद्वारा शुद्धि गरिन्छ। वसिष्ठ स्मृतिको अनुसार "गायत्र्या छन्दसा ब्राह्मण मसृजत् त्रिष्टुभा राजन्यम् 'जगत्या वैश्यम्, न केनचिच्छन्दसा शूद्रमित्य संस्कार विज्ञायते" ब्राह्मणोऽस्य मुख मासीत बाहू राजन्यः कृतः ऊरूतदस्य यद्वैश्यः पद्भ्या शूद्रो अजायत।

यसरी ब्राम्हण, क्षत्रीय, वैश्य शूद्र विराट् पुरुषका बिभिन्न स्थानीय अङ्ग मानिएका छन्।

यद्यपि ऋषि मुनिहरूले ४० संस्कार र आत्मगुण समेत जोडेर अठचालीस संस्कारको उल्लेख गरेका छन् तापनि १६ संस्कार सबैभन्दा मुख्य मानिन्छन्। यहाँ तिनै १६ संस्कारका बारेमा संक्षेपमा उल्लेख गरिन्छ।

(१) गर्भाधान (२) पुंसवन (३) सीमन्तोन्नयन (४) जातकर्म (५) नामकरण (६) निष्क्रमण (७) अन्नप्राशन (८) चूडाकर्म (९) कर्णवेध (१०) उपनयन (११) वेदारम्भ (१२) केशान्त समावर्तन (१३) विवाह (१४) आवसथ्या धान (१५) श्रौताधान (१६) अन्त्येष्टि।

यी १६ संस्कारहरू द्विजजातिका सबै हुन्छन् भने स्त्री र शूद्रका ९ वटा मात्र हुन्छन्। विवाह बाहेक स्त्रीहरूको संस्कार गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्र रहित गर्नु र शूद्रोप्येवं विध: कार्यो विना मन्त्रेण संस्कृत:- यसरी शूद्रहरूले पनि मन्त्र रहित कार्य गर्नू ।

यी १६ संस्कारहरू मध्ये सबैभन्दा पहिलो संस्कार हो

(१) गर्भाधान:- गर्भाधान त्यो संस्कार हो जुन कर्मको पूर्तिबाट स्त्री पुरुषले प्रदान गरेको वीर्यलाई धारण गर्दछे भने त्यसैलाई गर्भाधान भनिन्छ । "निषिक्तो मत्प्रयोगेण गर्भ: सन्धार्यते स्त्रिया, तद्गर्भालभ्यते नाम कर्म प्रोक्तं मनीषिभि: "वीरमित्रोदय" यो संस्कारद्वारा वैजिक दोष र गार्भिक दोषको परिहार भएर उत्तम फल प्राप्ति हुन्छ । जस्तै क्षेत्र (खेत)को राम्ररीसंस्कार गरी राखेको बीउबाट उत्तम फल प्राप्त भए झैं यसकर्मबाट उत्तम सन्तानको जन्म हुन्छ भन्ने धर्मशास्त्रको मत छ । शास्त्रको मत अनुसार रजस्वला भएको ५ पाँच दिन पछि मात्र गर्भाधान गर्नू दिनमा गर्भाधान गर्न वर्जित छ । किनभने "प्राणो वैदिवा" सूर्य नै प्राण हो । जोर रातमा रहेको गर्भवाट पुत्र र विजोर रातमा रहन गएको गर्भवाट पुत्री को जन्म हुन्छ भन्ने छ भने पुत्र र पुत्रीको जन्म हुनमा अन्यकारणहरू पनि हुन सक्छन् ।

तसर्थं निषिद्ध नक्षत्र र पर्वकाल वचाएर ज्योतिषशास्त्रले विधान गरेको दोष रहित दिनमा विधिपूर्बक विनायक पूजा, मातृका पूजा आम्युदयिक शाद्धहरू गरी दुवै पति पत्नीहरू मिली सूर्य नमस्कार गर्नु र ब्राम्हण भोजन दक्षिणा आदि दिई रातकोदोस्रो प्रहरमा श्रृङ्गारले युक्त भई शुद्ध वस्त्र र माला पहिरी प्रसन्न चित्तले गर्भाधान गर्नु भन्ने शास्त्रको विधान छ ।

(२) पुंसवन:- यो १६ संस्कार मध्यको दोस्रो संस्कार हो । मुख्यतया यो संस्कार गर्नुको मुख्य उद्देश्य छोरा पाउनका लागि हो । हिन्दू जातिमा छोराको महत्व वढी छ । किनभने छोराले नै दाह संस्कारमा आगलिने, श्राद्ध आदि क्रिया छोरावाटै सम्पादन गरिनेहुँदा यो संस्कार गरिएको हो । याज्ञवल्क्यको अनुसार गर्भ गतिशील नहुदै गर्नु पर्ने र गृह्यसूत्र अनुसार गर्भ रहेको दोस्रो महिनामा गर्नु भन्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) सीमन्तोन्नयन:- सीमन्त-सिउँदो उन्नयन-उठाउनु अर्थात् यो संस्कार गर्दा पतिले पत्नीको कपाल दुइ भागमा छुट्याइ दिन्छ। यसोगर्दा गर्भिणीलाई भूत प्रेत पिशाच आदिबाट रक्षा गर्नुका साथै स्वस्थ र मन प्रसन्न राख्नका लागि मद्दत गर्छ। यस संस्कारद्वारा गर्भवती स्त्रीको शारीरिक र मानसिक अवस्था राम्रो बनिरहोस भन्ने धारणा पाइन्छ। गर्भवतीको शारीरिक र मानसिक अवस्थाको असर बालकमा पर्नेहुँदा यो संस्कार आवश्यक देखिन्छ। यो संस्कार चौथो महीनामा हुन्छ।

(४) जातकर्म:- यो शिशु जन्मेपछि नाभिच्छेदनपूर्व गरिने संस्कार हो। पिताले पुत्रको अनुहार देख्नाले पुंनाम नरकबाट तर्छ भन्ने हुँदा यो संस्कार गरिन्छ। यसका ३ तीन चरण छन्। मेधाजनन, आयुष्य, बलप्रदकर्म छन्। मेधाजनन-यस कर्ममा बाबुले जातकलाई सूनको चम्चामा मह चटाउँदछ र गुप्तनाम राखी तिमी वेद होउ भनी कानमा सुनाउने काम गर्दछ। मधु-महको महत्व अधिक हुनाले बुद्धिमा यसको ठूलो असर परी बुद्धिमान बनोस भन्ने भाव देखिन्छ। आयुष्य कर्मबाट शिशुको चिरायुताको कामना गरिन्छ। बालकको सद्बुद्धि बढोस भन्ने उद्देश्यले कानमा मुखलगेर यसो भनिन्छ।" मेधा ते देव: सविता मेधा देवी सरस्वती।

"मेधांते अश्विनौ देवावाधत्तां पुष्करश्रजा दाहिने" काँध छोएर पिताले बलकर्मद्वारा पुत्र जन्माउने मांगको अभिशंशा गरिन्छ। यस उपलक्ष्यमा गरीव गुरुवा ब्राह्मण आदिलाई अन्न वस्त्र आदि दान दिइन्छ। यस प्रकारको खुशियाली व्यक्त गरिएको प्रतीक हो।

(५) नामकरण:- यो संस्कार १० दिन देखि १२ दिन भित्र गरिन्छ। यस संस्कारद्वारा जातक जन्मेको समयलाई हेरी नक्षत्रबाट कुनै नाम, महिनाको अभिष्ट देवताको नामबाट र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोलाउने मधुर सुखकर नामबाट गरी तीन थरी नाउँ राखिन्छ। रूख, पर्वत, नदी, सर्प आदिको नाउँ राख्न निषेध छ। "अयुजो नार्या" छोरीहरूको नाउँ राख्ता भरसक विजोडा अक्षर पार्नु भन्ने छ। "द्व्यक्षरं त्र्यक्षरं वा नाम कुर्यात्" दुइ अक्षर वा तीन अक्षरको नाउ राखोस्। अग्नि स्थापनाको विधिले हवन आदि गरी गृहशुद्धि र जातक शुद्धि पनि गरिन्छ।

(६) निष्क्रमण:– बालकलाई सूर्यदर्शन गराई बाह्य संसारसङ्ग तिम्रा सम्बन्ध रहन्छ भनि प्रकृतिसित सम्बन्ध राख्नेभाव देखिन्छ। यो जन्मेको ३-४ महीना पछि गरिने संस्कार हो तापनि अचेल नामकरण संस्कार कै दिन विधि गरिदिने चलन पनि छ।

(७) अन्नप्राशन संस्कार:–

यो संस्कार सामान्यतया ६ महिना लागेपछि गरिने संस्कार हो। यो संस्कारबाट शिशुलाई केवल आमाको स्तन्यले मात्र नभई अब शरीर पोषणका लागि अन्नादिको पनि आवश्यकता पर्छ भन्ने देखाउनु हो। आश्वलायनका मतमा शिशुलाई घ्यु दहि, मह, आदि दिनु भन्ने उल्लेख पाइन्छ। भने कतै शिशुको मीठो बोली एवं शरीरको पुष्टिको लागि माछा मासु पनि खुवाउने गर्छन्। यो संस्कार नेपालमा प्राय: द्विजजातिमा गर्ने चलन छ।

(८) चूडाकरण:–यो संस्कार कपाल काट्ने संस्कार हो। यसले सफाईको ज्ञान दिलाउने संकेत दिन्छ। गृहसूत्र अनुसार यो पहिलो वा तेस्रो वर्षको अन्त्यमा गरिने संस्कार मानिन्छ। यो संस्कार पनि अचेल द्विजजातिको व्रतबन्ध गर्दा विधिपूर्वक गरिन्छ।

(९) कर्णभेद:– यो कान छेड्ने संस्कार हो। यसबाट सौन्दर्य संचेतना आओस् र रोग व्याधिबाट संरक्षण होस् भन्ने धारणा रहेको पाइन्छ। सुश्रुतको भनाई यही रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ । ३ वा ५ वर्षमा यो कर्णभेद गर्छन् । किन्तु विधिपूर्वक भने व्रतबन्ध मै गर्ने गरेको पाइन्छ ।

(१०) विद्यारम्भः– बालकको मस्तिष्कले जब संसारप्रति जिज्ञासा गर्न थाल्दछ त्यहीदेखि विद्यारम्भ शुरू हुन्छ । प्राचीन समयमा वेदवाट नै शिक्षाको आरम्भ हुन्छ । यो पनि विधि दृष्टिले उपनयन गर्दा गर्ने चलन चलिआएकोछ । यसो त ५ वर्षमा अक्षरारम्भ गरिन्छ । नेपालमा शिक्षा यही ५ वर्षको उमेर देखि बालकलाई विद्यालय पठाउन आरम्भ गरिन्छ ।

(११) उपनयनः– यो हिन्दुहरूको अत्यन्त महत्वपूर्ण संस्कार हो । यस संस्कारलाई व्रतबन्ध पनि भन्ने चलन छ । व्रते बन्ध अथवा व्रतेन बन्धः– व्रत–भन्नाले– ब्रह्मचर्यरूपी व्रत अर्थात् ब्रह्मचर्यमा रही ज्ञानार्जन गर्नुलाई व्रतबन्ध भनिन्छ । द्विज भनिने यसै संस्कारले हो। सावित्रीको उपासना जसलाई गायत्री पनि भनिन्छ यस कर्मद्वारा अधिकार प्राप्त गरी मन्त्र श्रवण गरी गुरुका समीपमा रही वेद वेदाङ्गको शिक्षा ग्रहण गरिन्छ । प्रायः "आषोडशात्– ब्राह्मणस्य" सोह्र वर्ष नपुग्दै ब्राह्मणले उपनयन गर्नु भन्ने शास्त्रीय कथन पाइन्छ । २२ वर्ष भित्र वैश्यले उपनयन गर्नुभन्ने छ । यसपछि उपनयन संस्कार गर्न निषेध छ । उपनयन नगरेको ब्राह्मणलाई व्रात्य–अर्थात् संस्कार हीन भनिन्छ । आजभोलि ४ चारवटा संस्कार अर्थात् चूडाकर्म, कर्णभेद वेदारम्भ, समावर्तन यी सवै उपनयन संस्कार गर्दा एकै चोटी गर्ने चलन आएको छ । समय अवस्था र देश काल अनुरूप मानिस यो उपर्युक्त चार संस्कारहरूलाई अलग अलग रूपमा गर्न असमर्थ भैसकेकोछ । "पुराकालेतु नारीणां मौञ्जी वन्धन मिष्यते" पहिले नारीहरूको पनि व्रतवन्ध हुन्थ्यो ।" कादम्बरीमा महाश्वेताले र सरस्वती आदिको मूर्तिमा जनैधारण गरेको प्रमाण पाइन्छ । वसन्ने ब्राह्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुपनयीत, ग्रीष्मे राजन्यं शरदि वैश्य मित्यादि'' मुहूर्त चिन्तामणि अनुसार ब्राह्मणको गर्भदेखि आठ वर्षमा, क्षत्रियको ११ वर्षमा वैश्यको १२ वर्षमा। मनुस्मृतिले- ''ब्रह्मचर्यं कामस्य कार्यं विप्रस्य पञ्चमे अर्थात् ब्रह्मचर्यको इच्छा राख्ने ब्राह्मणको पाचौं वर्षमा उपनयन गर्नू भनेका छन्।

(१२) समावर्तनः– समावर्तन सम् आ वर्तन सम आङ उपसर्ग पूर्वक वृत धातुबाट ल्युट् प्रत्यय भई बनेको शब्द हो। जसको अर्थ हुन्छ राम्ररी शिक्षा प्राप्त गरिसकेपछि घरमा फर्कनु। यसलाई आधुनिक दीक्षान्त समारोहसंग दाजन सकिन्छ। गुरूकुलमा गुरूबाट शिक्षा ग्रहण गरिसकेपछि गुरु दक्षिणादिई गुरूबाट प्राप्त ज्ञानलाई समाजमा फिजाउन शिष्य गृहस्थाश्रममा जाने आज्ञा गुरूबाट ग्रहण गर्दछ। ''आश्रमाद् आश्रम गच्छेत्'' कुनै कुनै विरक्त भएकाहरू भने सोझै संन्यास आश्रममा पनि जान सक्थे।

(१३) विवाहः– यसको अर्को नाम पाणिग्रहण पनि हो। सबै संस्कारहरू मध्ये यो पनि एक महत्वपूर्ण संस्कार हो। वि पूर्वक वह पुऱ्याउनु अर्थबाट घञ् प्रत्यय भएर बनेको शब्द हो। विवाह संस्कार पूर्व कन्याको परीक्षा कुलशील उमेर आदि विषयमा परीक्षण गर्ने चलन छ। उमेरका सम्बन्धमा वाशिष्ठ स्मृति, महाभारत, ब्रह्मपुराण आदिमा यसबारे विस्तृत वर्णन पाइन्छ। विभिन्न ऋषिहरूको अनुसार भिन्न भिन्न मतछन्। पुरुषको उमेर स्त्रीको भन्दा बढि नै हुनु पर्ने देखिन्छ। अहिलेको समयमा पुरूषको २५ वर्ष र २१ वर्ष स्त्रीको हुनु आवश्यक छ।

विवाह संस्कार – हिन्दु जातिमा विवाह एक संस्कारको रुपमा लिइएको छ। यस संस्कारबाट पुरुष र स्त्रीको जन्म जन्मान्तरसम्म चलिरहने बन्धनको रूपमा मानिएको छ। हिन्दूजातिमा सगोत्र विवाह वर्जित छ। विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह निषेध छ। किनकि पितृहरूलाई श्राद्धादि कर्मगर्दा धर्मपूर्वक विवाहिता स्त्रीबाट जन्मेका सन्तानले गरेको कार्य देव पितृहरूलाई ग्राह्य हुन्छ। हिन्दूजातिमा विवाहको समयको विचार राखिन्छ। ऋतुकाल भन्दा पूर्व विवाह गर्ने प्रथा हिन्दुहरूले बनाए। आठ वर्षमा गौरी स्वरूप ९ वर्षमा रोहिणी आदि पाइन्छ। धर्म शास्त्रमा प्रतिलोम विवाह अर्थात् आफ्नो जाति भन्दा उच्च जातिको स्त्रीसंग विवाह नगर्नु भन्ने छ। जस्तै क्षत्रीले ब्राह्मणी कन्या-संगको विवाह प्रतिलोम विवाह ठहरिन्छ। अनुलोम आफू भन्दा तल्लो जातसंगको बिवाहलाई शास्त्रले निषेध गरेको छैन। तरपनि स्वजातिमा विवाहको विधान गरिएको छ। गीतामा वर्णसंकरको निन्दा गरिएको पाइन्छ। "संकरो नरकायैव कुलघ्नानां कुलस्य च" एक वर्णले अर्को वर्णको स्त्रीबाट जन्मेका सन्तानले कुललाई नाश गर्दछ। संसारका सबै जातिभन्दा हिन्दु नै यस्तो जाति छ जस्ले अर्थ र काम भन्दा धर्म र मोक्षलाई महत्व दिन्छ र अर्थ र कामको भोग धर्मपूर्वक गर्न विधान गर्दछ। मनुष्य जीवनको ध्येय आध्यात्मिक उन्नति गर्नु रहेकोछ। यो हिन्दु जीवनले संग्रहभन्दा त्यागमा बढि जोड दिन्छ। विवाहमा पितामाताको आज्ञा लिएर विवाह गर्ने हिन्दु परम्परा देखिन्छ। जस्तै रामचन्द्रले धनुर्भङ्ग गरिसके पछि सीताजीसंगविवाह गर्न दशरथ जीको स्वीकृति लिनुभयो। क्षत्रीहरूमा स्वयंस्वर प्रथा रहेको पाइन्छ। विशेषत राजाहरूमा यो प्रचलन थियो। विवाहमा कन्यादान, पाणिग्रहण, अग्निस्थापना हवन, अग्नि परिणयन। अश्मारोहण, चतुर्थीकर्म आदि विधिहरूद्वारा यो विवाह संस्कार सम्पन्न गरिन्छ। यसको उद्देश्य यस जीवनको विकास(सुख समृद्धि प्राप्त गर्दै सन्तानको उत्पत्ति गरी वंशलाई कायम राख्नु रहेको छ।

<u>वानप्रस्थ र संन्यास</u>:– यस संस्कारद्वारा गृह त्याग गरी वनमा गई कुटि बनाई ईश्वरको आराधनामा आफूलाई लगाउँछन् र पत्नीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रको हातमा सुम्पी जंगल जानु यसको कर्म हो । बल्कल रूखको बोक्रा र मृगचर्म धारण गर्नु सौन्दर्यसाधनको प्रयोग निषेध छ । अग्निमा पकाएको अथवा समयले पकाएको खानुपर्छ । फलफूल खाएर रमाउनु पर्छ । भूमिशयन र वृक्षमुनि बस्नु पर्छ । पञ्च महायज्ञ गर्नुपर्छ । भिक्षाटन गरी जीविका चलाउनु पर्ने भोग्य बस्तुको पूर्णतया त्याग, वेदाध्ययन, प्राणी मात्रमा दया वेदाध्यापन गरी दैव यज्ञ सम्पादन गर्नुपर्छ ।

सन्यास:– सन्यासी हुनेले ८ प्रकारको श्राद्ध र प्रजापत्य यज्ञ गर्नुपर्छ । कौपीन उत्तरीय वस्त्र र लठ्ठी यति तीन कुराले जीवन धान्नु पर्छ । "दृष्टिपूतं न्यसेत् पादं बस्त्रपूतं पिवेज्जलम्" । "सत्य पूतां बदेत् वाचं मनः पूतं समाचरेत्" यसरी सत्यवाणी बोल्नु पर्छ ।

"सन्यास कर्म योगश्च निःश्रेयसकरावुभौ । 'गीता'

गीतामा सन्यास र कर्मयोग यी दुवैलाई परलोक सपार्न गरिने कर्तव्य मानिसको छ । अन्त्येष्टि संस्कार:– यो संस्कार मानव जीवनको अन्त्य भैसकेपछि गरिने संस्कार हो । मानव देह विसर्जन गर्दा दाह क्रिया गर्दा र त्यसपछि १३ दिनसम्म मृतात्मा-लाई उत्तमगति प्राप्तहोस् भनी दान पिण्ड आदि दिइन्छ । सपिण्डीकरण श्राद्ध गरिन्छ । मासिक श्राद्ध, वार्षिक श्राद्ध गरिसके पछि प्रतिवर्ष तिथिमा गरिने एकोद्दिष्ट, पितृ पक्षमा गरिने पार्वण श्राद्ध आदि यसै विभाग भित्रका हुन् । यसको वर्णन वेदमा र परवर्ती वैदिक ग्रन्थमा आउँछ । सूत्रकालमा पनि यसको विस्तृत विवेचना गरिएको छ ।

विभिन्न किसिमका संस्कारहरू शास्त्रीय बिधि अनुसार शुद्धरूपबाट गर्न गराउन् पुरोहित र यजमान दुवैको आवश्यकता पर्दछ । पुरोहितले कर्मकाण्ड राम्ररी सम्पन्न गर्नका लागि संस्कृतको ज्ञान गर्नु अत्यन्त जरूरी हुन्छ । हरेक संस्कारहरू गर्दा देवताको पूजा र अग्निमा हवन नगरी शुरू हुदैन भन्ने धारणा छ । जातक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म लिनु भन्दा अघि गरिने संस्कारहरु आजभोलिको वैज्ञानिक युगमा बहुतै कम्ति व्यक्तिले गर्दा हुन । यसो गर्न समय र परिस्थितिले मानिसलाई बाध्य तुल्याई सकेको छ । नेपाली समाजमा प्रचलनमा आएका केहि संस्कारहरु मध्ये नामकरण संस्कार प्राय जसो सबै जातिका आफ्नो कुल परम्परा अनुसार कुनं न कुनै रुपमा गर्ने गर्दछन् । द्विज वर्गमा यो पुरोहितले अग्निस्थापनाको बिधिबाट जन्म दिनको घडीपला आदि जुराइ नक्षत्रबाट नाम राखिने र यो नामलाई प्राय: प्रचलनमा ल्याइदैन । बालकलाई बोलाइने र महिनाका देवताको नाउँबाट अलग अलग नाउँ राखिएको हुन्छ । नेपाली समाजमा यो दिन देखि जातकको आमालाई स्पर्श गर्न हुने र उसलाई समाजमा छुवा छूत गर्न अनुमति पनि दिइन्छ । यो संस्कार १० दिन देखि ११ दिन भित्र गरिन्छ । यसपछि अन्न प्राशन संस्कार अथवा भात ख्वाउँनें संस्कार पनि गनिन्छ । यो संस्कारमा पुरोहितको त्यति आवश्यकता पर्दैन तरपनि बालकको शारीरिक तथा मानसिक वृद्धिमा देवता आदिबाट रक्षा र इष्टमित्र आफन्तको आशीर्वाद लिन आफ्नो घरका परिवार बाहेक अन्य इष्टमित्रहरुलाई पनि भोज आदिमा बोल ई खुशीयाली मनाउने चलन सम्म पनि छ । यो संस्कार पनि प्राय: धेरै जसो जातिमा पाइन्छ । यो संस्कार ५ पाँचौ छैठौ महीनामा सम्पन्न गरिन्छ । यो संस्कार पनि राम्रो मुहूर्त दिन हेरी गरिन्छ । यसमा नवजात शिशुलाई गहना र नयाँ वस्त्र पहिराइ छ र सौन्दर्य प्रतिको भावना र सुग्घर सफाईको ज्ञान गराउने संकेत यसमा अन्तर्निहित छ । चूडाकर्म टुप्पी राख्ने अथवा बालकको जन्मदाको कपाल खौरी शरीरलाई शुद्ध तुल्याउनु हो । धेरै जसो बौद्ध र हिन्दुहरुले ३/५ वर्षको उमेरमा यो कर्म गर्दछन् । हिन्दूले टुप्पी राख्ने र बौद्धधर्मावलम्वीहरुले टुप्पी नराख्ने मुण्डन गर्दछन् । यो कार्य बाबुले सुन वा चाँदीको छुराले काटी अरुबाट मुण्डन गराइन्छ । यसको आफ्नै जात अनुसारको विधि छ र यो पुरोहितद्वारा सम्पन्न गराइन्छ । अचेल यो उपनयन संस्कार संग संगै प्राय: विधिका लागि गर्ने गरिन्छ । उपनयन संस्कार प्राय:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विज जातिमा सबैले गर्ने गर्दछन् । आर्थिक स्थितिले गर्दा यो संस्कार धूमधामसंग गर्न सबैलाई अनुकूल नपर्ने हुँदा तीर्थ स्थलमा लगी छोटकरीमा विधि पुऱ्याउने पनि गर्दछन् । यस संस्कारमा गायत्री मन्त्र ब्राह्मणलाई क्षत्रिलाई विष्णु गायत्री र वैश्यलाई अर्कै दिने चलन छ । उपर्युक्त व्यक्ति वा पुरोहितद्वारा मन्त्र सुनाइन्छ । यसै संस्कारले गर्दा नै चूडाकर्म, कर्णभेद, वेदारम्भ समावर्तन पाँचै संस्कार एकै पटक गर्न समय परिस्थितिले बाध्य तुल्याई धेरै जसोले गर्ने गर्दछन् । बास्तवमा यी पाँचैवटा संस्कार अलग अलग समयमा भिन्न प्रयोजनकोलागि गरिन्थ्यो । अचेल यो दुई दिन भित्र सम्पन्न गरिन्छ । ब्रह्मचारीको भेषमा मृगचर्म दण्ड र भिक्षा पात्र लिई वेद पढ्ने गुरुकहाँ जानु र सो अध्ययन समाप्त भएपछि समावर्तन अर्थात गुरुकूलबाट फर्केपछि स्नान गरी समाप्त गरिन्छ तर आजभोलि एउटै यज्ञ मण्डपमा यी सबै कुरा सम्पन्न गरिन्छन् । त्यसपछि विवाह संस्कार गरिन्छ । नेपालमा विवाह बिभिन्न जातिमा आ-आफ्ना कुलरीति परम्परा अनुसार गर्दै आएका छन् । आठ प्रकारका विवाह भित्र सबै जातिका विवाह पर्दछन् । द्विजहरू-को विवाह ब्राह्म विवाह अर्न्तगत गरिन्छ । यो जीवनको यात्रा पूरा गर्न र धर्मको आधारमा यो हेरिन्छ । पाश्चात्य सिद्धान्त अनुसार मात्र सम्झौता नभई धर्मपत्नीलाई धार्मिक कृत्य सम्पादनका लागि अभिन्न अंगको रुपमा लिईन्छ । <u>मृत्यु संस्कार:</u>— जसलाई अन्त्येष्टि क्रिया पनि भनिन्छ । यो संस्कारको पछाडी जीव परलोक यात्रा गर्दा राम्रो संस्कारद्वारा देह शरीर त्याग गर्दछ भने त्यसै अनुरुप असल देह धारण गरी कर्मफल भोग्दछ र संस्कारहीन भएमा जीव यसै लोकमा अ स्कृत जीवको रुपमा दुःख भोग्दछ भन्ने धारणा पाइन्छ । उसले अनेक प्रकारका नरकको यात्रा पार गर्नु पर्ने हुन्छ । त्यसमध्ये वैतरणी नदीको कल्पना गरिएको छ । त्यो गाईको पुच्छर समाती सहज पार उत्रन्छ जसले मर्ने बखत गाई दान गर्दछ, त्यसैले त्यो सुविधा प्राप्त गर्दछ भन्ने धार्मिक धारणा देखिन्छ । मरिसके पछि देह अशुद्ध हुन्छ । मरेको घर त्यसका परिवारहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशुद्ध हुन्छन् भनी १३ दिन क्रिया गर्नु र वर्षदिन सम्म शोक स्वरुप "बर्खी बार्ने" चलन नेपाली समाजमा पाइन्छ। भिन्नभिन्न जातिमा यो शुद्धीकरण क्रिया आ-आफ्ना धर्म रितिथिति अनुसार गरेको पाइन्छ। यसमा आमाको क्रिया गर्दा दुध नखाने चलन पनि पाइन्छ। वर्ष दिन पुग्दा मृत जीवका लागि भनी आफ्नो औकात अनुसार वस्त्र अन्न र उसले रुचाएका वस्तुहरु पनि दानमा दिइन्छन्।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन शिक्षा प्रणाली र नेपालमा शिक्षा

प्राचीन शिक्षा प्रणालीको विचार गर्दा के कुरो विचार गर्नु आवश्यक छ भने शिक्षाको स्वरूप, शिक्षाको स्रोत, शिक्षा कसले दिन्थ्यो, शिक्षा प्राप्त गर्ने व्यक्ति र शिक्षाबाट लाभ आदिको चिन्तन जरूरी छ।

शिक्षा भन्दा बित्तिकै शिक्ष विद्योपादाने धातुबाट अत्र् प्रत्यय गरी टाप् प्रत्यय भएर शिक्षा शब्द बन्दछ। प्राचीन समयमा विद्यालाई परा र अपरा गरी दुई भागमा विभाजन गरिएको पाइन्छ। अपरा विद्या अन्तर्गत ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद यी पर्छन् "अथ परा यथा तदक्षर मधिगम्यते"। परा बिद्या त्यो विद्या हो जसबाट अक्षर-ब्रह्म ज्ञान गरिन्छ। कौटिलीय अर्थशास्त्रमा उल्लेख गरे अनुसार विद्या ४ छन "चतस्र एव विद्या इति कौटिल्य, आन्वीक्षिकी, यत्री, वार्ता, दण्डनीति। आन्वीक्षिकी भनेको उपपत्ति पूर्वक वस्तु तत्वको विचार गर्नु हो। यस अन्तर्गत आध्यामिक दर्शन र तर्क बिद्या पर्दछन्। त्रयीभन्नाले ऋग् यजुः साम अथर्ववेद त्रयी भित्र पर्ने हुदा अलग मानिएको छैन। कृषि, पशुपालन, वाणिज्य, सम्बन्धी ज्ञान गराउनें विद्याको नाम वार्ता हो, राजदण्ड प्रधान भएर लोकलाई मर्यादामा राख्ने विद्या नै दण्डनीति ही। यीनै ४ चार मूल प्रस्थानहरूद्वारा व्यावहारिक ज्ञान र पारमार्थिक कल्याणको साधन भएको हुनाले मूलतः विद्या ४ मानिएका हुन्। यी विद्याले धर्म र अधर्मको ज्ञान गराउने हुनाले नै विद्या मानिएको हो। त्रयी अन्तर्गत ३ वेद र वेद अन्तर्गत अथर्ववेद र इतिहास वेद थी दुवै ग्रहण गरिन्छन्। वेदाङ्ग भन्नाले शिक्षा, कल्प व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी ६ वेदका अङ्ग मानिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णको उच्चारण आदिको उपदेश गर्ने कात्यायन आदिद्वारा रचित शिक्षा शास्त्र, यज्ञयागादिको क्रमिक ज्ञान गराउने आश्वलायन आदिद्वारा रचित कल्प सूत्र, शब्दको शुद्धिको लागि पाणिनि आदिद्वारा रचित व्याकरण शास्त्र, शब्दार्थको निर्वचन गर्ने यास्क रचित निरुक्त शास्त्र, पिङ्गल आदिले रचित छन्दशास्त्र ग्रहगति आदिको प्रतिपादन गर्ने ब्रह्मादि निर्मित ज्योतिष शास्त्र यिनले वेदार्थ ज्ञान गर्न मद्दत गर्दछन् ।

याज्ञवल्क्य स्मृति अनुसार–पुराण न्याय मीमांसा धर्मशास्त्राङ्गनिश्रिताः वेदाः स्थानानि विद्यानां धर्मस्य चचतुर्दश । यी १४ विद्याको नाम उल्लेख पाइन्छ । वात्स्यायनले कामसूत्रमा ६४ कलाको उल्लेख गरेका छन् । कौटिल्यको अनुसार सम्पूर्ण शास्त्रको आशय इन्द्रिय माथि विजय गर्नु हो । "कृत्स्नं हि शास्त्रं इन्द्रिय जयः"

यसरी धर्म अधर्मको, कर्तव्या कर्तव्यको ज्ञान गराउने गुरु शब्द गृ सेचन धातुवाट गरति सिञ्चति कर्णयो र्ज्ञानामृतम् इति अथवा गरयते– विज्ञापयति रहस्यम् इति गुरु शब्द बन्न पुग्दछ । शास्त्रको रहस्य वताउने हुदानै गुरु मानिएको हो ।

गुरुको महिमा यस श्लोकवाट पनि व्यक्त गरिएको छ ।

गुरुर्ब्रह्मा, गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ।
गुरु साक्षात् परब्रह्म तस्मै श्रीगुरुवेनमः ।।

याज्ञ वल्क्य अनुसार गुरुले शिष्यलाई आफ्नो समीपमा राखी विधि पूर्वक वेद पढाओस् सथै 'शौचाचारान् चशिक्षयेत्' रही ब्रह्मचर्य पवित्र आदिको पनि शिक्षा देओस् । किनभने ब्रह्मचर्यद्वारानै देवताहरूले मृत्युलाई जिते । "ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत ।

शिष्य कस्तो हुनुपर्छः भन्दा "असूय कायानृजवे, वीर्यवती यथा स्याम– अर्थात विद्यादान त्यस्तालाई दिनु जो अर्काको गुणमा दोष देख्तैन जो कुटिल व्यवहार गर्दैन, जो सरल स्वभावको छ; जसले इन्द्रियलाई आफ्नो वशमा राख्तछ जस्ले इन्द्रियलाई जितेको छ जो काम, क्रोध, लोभ; मोहका वशमा पर्दैन त्यस्तालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदान गरेको विद्याले गुरु शिष्य दुवैको रक्षा गर्दछ "विद्या ह वै, ब्राह्मण माजगाम गोपायमा शेवधिष्टे ऽहमस्मि"। निरुक्त २।१।४ जसले सत्य सिद्धान्तरूपी अमृत पान गराउँदछ त्यस्ता गुरुलाई मातापिता समान सम्झी गुरुको द्रोह नगरोस् । जस्ले आफ्ना गुरुको मन वचन कर्मद्वारा आदर गर्दैन त्यस्ताशिष्यलाई गुरुले आफ्नो समीपमा राखी विद्यादान नदेओस् । किनभने त्यस्ले गुरुप्रदत्त विद्यालाई ग्रहण गर्दैन । जो शारीरिक मानसिक रूपबाट पवित्र छ जो मलिन वस्त्र कुअन्न आदि सेवन गर्दैन, जो अप्रमत्त–असावधान छैन जो निरन्तर आफ्नो कर्तव्य प्रति सचेष्ट रहन्छ जो एक पटक सुनेर सुनेको कुरालाई धारण गर्दछ, जो (श्रवण, स्मरण, केलि प्रेक्षण गुह्य भाषण संकल्प अध्यव साय, 'क्रिया निवृत्ति, यी अष्टाङ्ग मैथुनबाट आफूलाई जोगाइ राख्तछ त्यस्ता शिष्यलाई ज्ञान दिनु, विद्याको उपदेश गर्नु भन्ने छ ।

यसरी गुरुका समीपमा रहेर शिष्यले विद्या हासिल गर्दा शिष्यले पालन गर्नु पर्ने नियम हुन्थे । ती नियमहरूको कठोरतासाथ पालन गरिन्थ्यो । दैनिक गर्नु पर्ने नियमहरूमा प्रार्थना, गुरूको लागि पूजासामग्री तयार पारिदिनु जस्तोकि नित्यहवनका लागि समिधा ल्याउनु आदि, यस्ता धार्मिक कार्यले कोमल मष्तिस्कमा दया धर्म आदिको विकास भई समाज कल्याण कार्यमा जीवन अर्पण गर्दथे । गुरुले दीक्षान्त भाषण गर्दा भन्नु हुन्छ कि जुन असल कर्म छन् तिनै तिमीले गर्नू, अन्य समाजद्वारा तिरस्कृत कर्म नगर्नू, मातापिताको सेवा गर्नू, राष्ट्रको सेवा गर्नू गुरुको सेवा गर्नू, आदि यसबाट शिष्यको रूपमा रहेर जीवनको सामल बटुलेर समाजकै सेवामा समर्पण गर्नु जीवनका उद्देश्य रहेको थियो ।

व्यक्तित्वको विकास गर्नु शिक्षाको उद्देश्य रहेको थियो । उपनयन संस्कारद्वारा मनुष्यको दोस्रो जन्म हुन्थ्यो । भनिएको छ ब्रह्मचारीलाई गुरुले तीन रात आफ्नै गर्भमा राख्तछ । गर्भबाट पहिलो जन्म हुन्छ भने संस्कार द्वारा दोस्रो जन्म हुन्छ । अतः एव द्विज नाम हुन गएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"संस्काराद् द्विज उच्यते" आध्यात्मिक जन्म हुने हुँदा ब्राह्मण, क्षत्री, वैश्य यिनीहरू द्विज कहिन्छन् । जाति अनुसारको मेखला लट्ठी र कर्धनीको उल्लेख पाइन्छ । ब्राह्मणको लागि कर्धनी मुन्ज्को हुन्छ भने क्षत्रियको लागि धनुषको ताँदो कर्धनी हुन्थ्यो । उपनयन गर्ने समय पनि अलग अलग तोकिएको हुन्छ । जस्तै बसन्त ऋतुमा ब्राह्मणको उपनयन संस्कार गरोस् भनिन्छ भने क्षत्रियका लागि गृष्ममा यस्तै गरी ब्राह्मणको उपनयन संस्कार ८ वर्षमा तोकिएको छ भने क्षत्रियको ११ वर्ष वैश्यको लागि १२ वर्ष १६ वर्ष भन्दा माथि ब्राह्मणको उपनयन संस्कार निषेध छ । यस संस्कार भित्र शिष्यले गर्नु पर्ने आचरणको कुराहरू सिकाइन्छ । कौपिन धारण, स्नान, सावित्रीको उपासना आदि आमोद प्रमोदको जीवनबाट टाढा रहनु भक्ष्याभक्ष्यको विचार श्रृङ्गारादिबाट अलग र रहन सात्विक भोजन, अत्याचार, दिवाशयन, नारी सितको सहवास आदि ब्रह्मचर्य नष्ट हुने कुनै किसिमको कार्य नगरी अलग राखिन्थ्यो । भूमि शयन दुबै सन्ध्याको समय सावित्रीको उपासना आदि अनिवार्य नियमहरू हुन्थे । गुरूले आफ्नो शिष्यको शारीरिक मानसिक एवम् बौद्धिक विकासका लागि पुरा पुरा ध्यान दिने काम गर्दथे । गुरूको आज्ञापालनको कठोर व्रतमा रही गुरू एव गुरुमातालाई प्रसन्न पार्नु शिष्यको परम कर्तव्य ठानिन्थ्यो । गुरूबाट पनि आफ्नो छोरा र शिष्यमा कुनै भेदभाव गरिदैन्थ्यो । कति यस्ता शिष्य पनि हुन्थे जो जीवनभर गुरूकै सेवा गर्दथे । प्राचीन गुरुकुल प्रणालीमा धेरै गुणहरू थिए । जसको तुलना अहिलेको 'बोडिङ' सित गर्न सकिदैन । धनी गरीबको त्यहाँ भेदभाव थिएन । निर्धनता शिक्षाको बाधक बन्न सक्तैनथ्यो । कृष्ण र सुदामाले एकसाथ गुरुकुलमा शिक्षा ग्रहण गर्नु यसको उदाहरण थियो । शिक्षा ग्रहण पछि गुरु दक्षिणा दिने चलन पनि थियो । शक्ति अनुसार शिष्यले आफ्ना गुरुलाई गुरु दक्षिणा दिनुपर्दथ्यो । महाभारतमा द्रोणाचार्यलाई गुरु दक्षिणा स्वरूप एकलव्यले आफ्नो दाहिने हातको बुढी औंला नै समर्पण गरेको उदाहरण छ । विद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहण गर्न तीन कुराबाट सकिन्छ भन्ने कथन गीताको यस उक्ति बाट पनि सिद्ध हुन्छ । "तद् विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया" सेवा, छलफल र नम्रता ज्ञान प्राप्तिका उपाय हुन् ।

द्विजले धारण गरेका ३ सरा जनैबाट ३ तीन प्रकारका ऋणको संकेत हुन्छ । त्यो हो ऋषिऋण, देवऋण र पितृऋण" यी तीन ऋणले जीव बद्ध छ । यो तीन ऋणबाट मुक्त हुन नै गुरु समीपमा रहेर विद्याग्रहण गरिन्थ्यो र पछि गृहस्थाश्रममा बसी आचरणद्वारा आफूलाई मुक्त गर्दथे । प्राचीन समयमा नारीहरूको पनि उपनयन हुन्थ्यो । अर्थात् उनीहरूपनि शिक्षा ज्ञानबाट बञ्चित रहदैन्थे । अथर्ववेद ११ । ५ । १८ । यसरी वैद्धिक कालमा बाल विवाह प्रथा नरहेको प्रमाण पाइन्छ । दण्ड मेखला र कर्धनी आदिको धारणाको साथै राष्ट्र, समाज, र संस्कृतिमा कटिबद्ध रहने गृह्यसूत्रको अनुसार विद्यार्थीलाई अश्मा भव कठोर जीवन विताउनु, परशु भव आपनो संस्कृत देश र समाज प्रति आघात पर्न आएमा तिमी बञ्चरो बन, हिरन्यं भव सुनजस्तै सदा उपयोगी र कर्मद्वारा सधै चम्किदै अगाडी बढ । आदि ।

गुरुकुल शहरबाट अलग शान्त सुन्दर प्रकृतिको काखमा रहन्थ्यो । गुरुहरु आपनो आचारमा रहन्थे । गुरुको अर्को नाम आचार्य अर्थात आचार्य चिनोति इति आचार्यः- आचरण राख्ने र आचरणको शिक्षा दिने हुदा आचार्य भनिन्थ्यो । प्राचीन शिक्षा प्रणालीमा आचारलाई ठूलो महत्व प्रदान गरिएको थियो । जो आधुनिक शिक्षा प्रणालीमा बिल्कुलै पाइदैन । श्रमको पनि ठूलो महत्व थियो । सबै विद्यार्थीले आपनै हातले सबैकाम गर्नु पर्दथ्यो । "गो सेवा" प्राचीन शिष्यको महान कर्तब्य मानिन्थ्यो । दिलीपले यसै गो सेवा द्वारा आफूले चिताएको अभिष्टफल प्राप्त गरेका थिए । प्राचीन शिक्षाको माध्यम मौखिक थियो । शिक्षा वार्तालाप र प्रश्नोत्तरको रूपमा दिइन्थ्यो । गुरुले भनेको कुरालाई आवृत्ति गर्नु र त्यसलाई कण्ठस्थ गर्नुपर्दथ्यो । यसरी वेदाङ्गादि कण्ठस्थ पार्दथे । तुलसीदासले यसलाई यसरी लेखेका छन्ः-दादर धुजिनेचहु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओर सुहाई वेद पढाई जन वटु समुदाई" कागको जस्तो चेष्टा गर्नु वकुलाले झैं ध्यान गर्नु कुकुरको जस्तो निद्रा परि मताहार मारी त्याग आदि विद्यार्थीमा हुनु पर्ने गुण थिए । चिनियाँ यात्री यूआन चाँग र ह्वेनसांगले पनि प्राचीन शिक्षाको प्रशंसा गरेका थिए भन्ने पाइन्छ । नारीहरूले पनि मन्त्र साक्षात्कार गरेका थिए । घोषा, विश्ववारा लोपामुद्रा अपाल उर्वशी आदिको नाम पाइन्छ । रामायण महाभारतको प्रमुख पात्रा सीता, कुन्ती कौशल्या, सुनयना आदि शिक्षित नारी थिए । सुरेश्वराचार्यकी पत्नी भारती काम-शास्त्रमा पारङ्गत थिइन । त्यस्तै राजशेखरकी पत्नी समालोचक थिइन् । बौद्धकालमा थेरगाथा अनुसार वौद्ध संघमा प्रवेश पाएका नारीहरूले शिक्षा हासिल गरेका थिए । बिदेशीहरूको आक्रमणले गर्दा पछि गएर कालान्तरमा स्त्री शिक्षामा ह्रास आयो । शिक्षामा व्यावसायिक शिक्षाको पनि स्थान थियो । औषध विज्ञनमा त प्राचीन ऋषि मुनिहरू सिद्ध थिए । चरक सुश्रुत आदि औषध विज्ञानका प्रसिद्ध ग्रन्थहरूको अद्यापि पठन पाठन भइरहेछ । पशु चिकित्साको पनि शिक्षा दिइन्थ्यो । सैनिक शिक्ष नीति शास्त्र, विधिशास्त्र, सगीत, चित्रकला मूर्तिकला आदिको शिक्षा पनि दिइन्थ्यो । निमिवंशमा जनक जसलाई विदेह भनन्छ उनी ब्रह्मज्ञानी थिए । यिनको राज्य मिथिला थियो । यहाँ ऋषिमुनिहरू ज्ञानको चर्चा गर्न आउँथे । जनकको सभामा टाढा टाढाबाट ब्रह्मज्ञान माथि छलफल गर्न आउँथे । जनक स्वयं ज्ञानी भएको हुँदा विशिष्ट ज्ञान हासिल गर्न आउँथे ।

प्राचीन नेपालमा शिक्षा प्रणाली आजको जस्तो सरकारबाट रेखदेख नभइ समाजवाटै अनुप्राणित थियो । शिक्षा संस्कृति र संभ्यता त्यही मौलाउँछ जहाँ जीवन यापनको निमित्त संघर्ष गर्नु पर्दैन । नेपालको सम्यता कोशी गण्डकी र कर्णाली यी तीन क्षेत्रमा विकास भएको हामी इतिहासबाट बुझ्न सक्छौं । प्राचीन नेपालमा जनधनत्वको कमी उब्जनीको दृष्टिले उपत्यकाको माटो मलिलो हुनुको साथै उपत्यका प्रवेश गर्न सरल नहुँदा शत्रुको आगमन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहज थिएन। चतुर्थ ई. पूर्व नेपाल एक व्यापारिक केन्द्र रहेको थियो। कौटिल्य अर्थशास्त्रमा नेपालको कम्बल र जडिबूटीको उल्लेख पाइन्छ। ईसवी सातौं शताब्दी तिर नेपाल आएको वाङहेन्चे ह्वेनसाँगको यात्रा वृतान्त बाट तत्कालीन नेपाल समृद्ध एवं व्यापारिक केन्द्र रहिसकेको थियो भने बौद्ध तीर्थस्थल पनि बनिसकेको थियो। धार्मिक संस्थाहरूबाट पवित्र तीर्थस्थलहरूको संरक्षण एवं सञ्चालन गरिन्थ्यो। यीनै धार्मिक संस्थाहरूद्वारा शिक्षाको पनि व्यवस्था हुन्थ्यो। तत्कालीन मठ मन्दिर विहारहरूमा बौद्धिक, धर्मशास्त्र वेद वेदाङ्गको शिक्षा दिइन्थ्यो भने बौद्ध ग्रन्थको अध्ययन, विहार वहीलहरूमा गरिन्थ्यो। यिनीहरूको संरक्षण तिनै धार्मिक गोष्ठी–गुठी आदिबाट सञ्चालित हुन्थे। यहाँ धर्म समन्वय भएकोले शिक्षण संस्थाहरू पनि हिन्दू बौद्ध दुवैको संगम रहेको पाइन्छ। विश्वामित्र, कपिल, महामुनि कौशिक विदेहराज जस्ता आर्य संस्कृतिका मूर्ति र ज्ञानका स्रोतहरूको एकातिर जन्मभूमि रहेको छ भने अर्कोतिर भारतमा जगदगुरू शंकराचार्यको जन्म भएपछि विभिन्न मतमा देखा परेका विकृतिहरूको शास्त्रद्वारा विनाश गर्दै अद्वैत सिद्धान्तको स्थापना गर्दै काठमाडौंमा पनि आइ यहाँका भिक्षु भिक्षुणीहरूलाई गृहस्थ धर्म अँगाल्न लगाई वैदिक धर्मको पुन: स्थापन गरेको कथन पाइन्छ। नेपालमा अंग्रेजका आगमन हुनुभन्दा अघिसम्म प्राचीन वैदिक शिक्षा उत्तर वैदिक युगमा तत्व चिन्तनको लहर उठेको थियो। बृहदारण्यक उपनिषद्मा राजा जनकले यज्ञको आयोजना गरेको प्रसङ्ग पाइन्छ। त्यस यज्ञमा विभिन्न देशबाट सिद्धान्त तत्वचिन्तकहरूको मेला नै लाग्यो। सर्वश्रेष्ठ बिद्वानलाई सुवर्णमण्डित दश हजार गाईदान दिने घोषणा गरिएको र यस विद्वत् सभामा सबैलाई हराई याज्ञवल्कले पुरस्कार जिते भन्ने कथन पाइन्छ। प्राचीन विद्याको प्रचार प्रसार गर्ने केही प्रसिद्ध विश्व बिद्यालय यस प्रकार छन्।

१ नालन्दा पटनाबाट ५५ माइल दक्षिणमा रहेको वडगाउँ भन्ने ठाउँमा यो अवस्थित थियो। यो बौद्ध दर्शनका लागि प्रसिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्व विद्यालय थियो । गुप्त सम्राटहरूको उदारताले यो विश्व-विद्यालय धेरै समृद्ध भएको थियो । यस विश्वविद्यालयको प्रशंसा चिनीया यात्री फाह्यान, हुआनचाङ्ग, आदिले गरेका छन् । यहाँ प्रवेश पाउँन धेरै गाहारो थियो । द्वार पण्डितको ग्रन्तर्वार्तामा सफल हुनु पर्दथ्यो । यहाँ विभिन्न विषय वेद, वेदाङ्ग, सांख्य दर्शनशास्त्र चिकित्साशास्त्र आदि विभिन्न विषयहरूमा यसको ख्याति चीन, कोरीया, तिव्वत र मध्य एशियामा समेत फैलिएको थियो । यहाँका शान्तक्षित नाम गरेका बौद्धविद्वान नेपालवाटै तिव्वत गई तिव्वतमा बौद्ध धर्मको प्रचार गरेको पाइन्छ । ११ एघारौ शताव्दीतिर यस विश्वविद्यालयको ख्याति कम हुन थाल्यो । मुसलमानको आक्रमणले यो विश्वविद्यालय नष्ट भ्रष्ट हुन गयो ।

विक्रम शिला:–

यो विश्वविद्यालय विहारको भागलपुर जिल्लामा पर्दथ्यो । आठौं शताव्दीतिर पाल बंशीय राजाहरूले यसलाई स्थापना गरेका थिए । १३ शताव्दीसम्म यसै वंशका संरक्षणमा रह्यो । यस विद्या-लयको तिव्वतसित विशेष सम्बन्ध थियो । तिव्वतबाट अध्ययन गर्न आउनेहरूको लागि अलग अलग अतिथिशाला निर्मित थियो । यसको भव्य पुस्तकालय थियो । मुगल आक्रमणकारीहरूवाट पनि प्रशंसा गरिएको पाइन्छ । यसको व्यवस्था कुलपतिको नेतृत्वमा सातजना पण्डितद्वारा गरिएको थियो ।

यिनीहरूले यस विश्वविद्यालयको रेखदेख गर्नुका साथै यस विश्वविद्यालयमा पढ्न इच्छुक विद्यार्थीको प्रवेश परीक्षा लिन्थे । व्याकरण, तर्कशास्त्र, तत्वमीमांसा, तन्त्रशास्त्र आदिको पढाइ गरिन्थ्यो । यो विश्व विद्यालय पनि १२०३ ई. तिर मुस्लिम आक्रमणको शिकार हुन पुग्यो ।

वलभी विश्वविद्यालय:– यो काठियावाडमा पर्दथ्यो । यसका एकसयवटा बौद्ध विहार थिए । करीब १६ हजार विद्यार्थी यहाँ वसी अध्ययन गर्दथे । यहाँ स्थिरमति, गुणमति जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध बौद्ध विद्वान रहन्थे। शिक्षाप्रेमी राजाहरूको दानबाट यसको खर्च चल्थ्यो। यो बौद्ध धर्मको केन्द्र भएर पनि साहित्य विधि नियम जस्ता शास्त्रहरूको अध्ययन अध्यापन गराइन्थ्यो। विद्वानहरूको नाउँ हरेक कोठाक ढोकामा टाँसिथ्यो। आठौं शताब्दीको अन्त्यतिर अरब आक्रमणकारीद्वारा यो नष्ट गरियो।

तक्षशिला विश्वविद्यालय - रावल पिण्डीबाट २० माइल पश्चिममा यो विश्वविद्यालय अवस्थित थियो। इस्वी सन् ७ तौ शताब्दीअघि राजगृह बनारस मिथिला उज्जैन कुरू आदि ठाउँबाट विद्वानहरू यहा जम्मा हुन्थे। सिकन्दरको समयमा यो विश्वविद्यालय दर्शनका लागि प्रसिद्ध थियो। यहाँका बिद्वानहरू सोकोट्रिज र युरेपाइडस जस्ता विद्वानसित परिचित थिए। यहाँ निश्चित कोर्स थिएन। विद्यार्थीको रूची अनुसार शिक्षा दिइन्थ्यो। भारतका विभिन्न भागबाट राजकुमारहरू धनुर्विद्या सिक्न आउंथे। धनी गरीब विद्यार्थीहरू सबैले विद्या हासील गर्न पाउथे। गरीब विद्यार्थी गुरु सेवाबाट विद्या हासिल गर्थे। औषधी विज्ञान, शल्य चिकीत्सा, सैनिकशिक्षा, कला, ज्योतिष, खगोल विद्या, व्यापार वाणिज्य कृषि सर्प विद्या संगीत नृत्य चित्रकला आदिको पढाइ हुन्थ्यो। क्षत्रीहरुले ब्राह्मणबाट र ब्रह्माणहरूले क्षत्रीयबाट धनुर्विद्या सिक्थे। यो विश्वविद्यालय हूँणहरूको शिकार बन्न पुगेको थियो। पाचौ शताद्वीतिर फाहायान भारत आउदा यसले आफ्नो ख्याति गुमाइसकेको थियो। पाणिनि यहिका थिए। जीवक आयुर्वेदका धुरन्धर विद्वान यहिका थिए।

बनारसः- विद्याको केन्द्रहरु मध्ये बनारस एक प्रसिद्द केन्द्र हो। यहाँ विभिन्न भागबाट विद्या हासिल गर्न आउँथे। आद्य शङ्कराचार्य पनि काशीमा आई विद्या हासिल गरेको थाहा हुन्छ। पवित्र तीर्थस्थल हुनुका साथै विश्वनाथको नगरी भएको हुँदा दक्षिण भारतबाट आई विद्या ग्रहण गरी अध्यापन गर्न यहीं बस्थे। तुलसी दासले राम चरित्र मानसको रचना पनि यहि गर्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीहरुको उखान "विद्या चाहिए काशी जानु न्याय हराए गोर्खा जानू" भन्ने बाट यो कुरा सिध्द हुन्छ। नेपाली नहरु संस्कृत शिक्षा हासिल गर्न अझैपनि बनारस जाने गर्दछन्।

चतुर्थ शताब्दी अगाडिदेखि नै नेपालमा संस्कृत अध्ययन अध्यापन चलेको देखिन्छ। महायान धर्म प्रवेश भएको समय देखि सस्कृतको महत्व बढेको पाइन्छ। विशुध्द संस्कृतमा लेखिएका शिलापत्रमा उट्टङ्कित संस्कृतबाट यो कुरो पुष्टि हुन पुग्दछ। मान देवको समयमा मानदेवकी आमा सत्यवती र छोरा मानदेवको संवाद बडो हृदय स्पर्शी मार्मिक ढङ्गबाट लेखिएको छ। हुएन सांगले लिच्छिवी राजाहरुलाई उत्कृष्ट विद्वान मानेका छन्। राजकुमारी विजयवती कला, नृत्य, गीत, बाद्य, आदि विभिन्न कलामा निपुण थिइन् भनिएको छ।

"प्रख्याता विविध कला विचक्षणत्वात्" अंशुवर्मालाई टिष्टुङ्गको अभिलेखमा विभिन्न शास्त्रको अध्ययन गर्ने प्रतिभा-शाली व्यक्ति मानिएको छ। उदयदेवको चितलाङ अभिलेखबाट पनि अंशुवर्माले विद्याको प्रसार गरेका थिए भन्ने थाहा हुन्छ। युआनचांङले अंशुवर्माले लेखेको शब्दविद्याको प्रशंसा गरेका छन्। हाडीगाँउको अनुपरमले लेखेको शिला लेखबाट उनको कवित्वशक्ति दार्शनिकता र विद्वत्ताको परख हुन्छ। जयदेव द्वितीय पनि कवि थिए भन्ने पशुपति शीलालेख-बाट थाहा हुन्छ। बुद्धकीर्तिले ओजपूर्ण प्रभावकारी शैलीमा स्तुति गरेबाट उनको संस्कृत भाषामा पूर्ण अधिकार भएको ज्ञात हुन्छ। सातौं तथा आठौं शताब्दीतिर उच्च संस्कृत शिक्षाको प्रचार रहेको प्रष्ट हुन्छ। नालन्दा विश्वविद्यालयमा नेपाली पण्डित, नारोपा, आदि विद्वान थिए। त्यस्तै विक्रम शिला पिठमाजु श्रीभान विहार, खर्जुरिका विहार, श्री राज विहार, मध्यम बिहार आदि विहारहरू थिए। कनकश्री नामक पण्डित त्यहाँको द्वार पण्डितको रुपमा रहेका थिए। पाटनका पण्डित महा करुणाकार पनि प्रसिद्ध पण्डित थिए। ११ रौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शताद्वीमा पाटन फर्पिङ्ग काठमाडौं तीनवटा विद्याका केन्द्र थिएं। यहाँका विहारहरू जस्तै पशुपतिस्थित शिवदेव विहार धर्मचक्र आदि–शिक्षाको केन्द्र थिए। यिनै विहारहरूमा तन्त्रशास्त्र मूर्ति निर्माण कला, पुस्तक लेखन कला र धातुकला आदिको पनि शिक्षा दिइन्थ्यो। भृकुटीसित तिब्वतजाने शीलमञ्जुले तिब्वतमा संस्कृतको प्रचार गरे भने शान्त रक्षितले महायान धर्मको प्रचार गरे। एघारौं शताव्दी देखि १४ शाव्दीसम्त नेपाल पनि विद्याको ठूलो केन्द्र थियो। पन्धौं शताव्दीमा सैकडौ तिव्वती विद्धानहरूले नेपाली विद्धानको शिष्यत्व ग्रहण गरेका थिए। यस समयका लक्ष्मीकर व्याकरण शास्त्रका ठूला विद्धान र कवि थिए।

नेपालमा शिक्षा:–

नेपाल बैभव सम्पन्न लिक्छवि युगपछि उतराधिकारको रूपमा आइरहेको संस्कृतिको भण्डार मल्लकालमा पनि चौतर्फी रूपमा विकसित देखिन्छ। तरैपनि यस कालमा यसकालमा मल्ल राजाहरूले नेवारी भाषा जो काठमाडौं उपत्यकाका जनताको बोलचालीको भाषा थियो। त्यसको विकासमा पनि प्रशस्त ध्यान दिएका थिए। त्यस समय संस्कृत भाषा प्राय प्रमुख भाषा थियो अभिलेख ग्रन्थ र सामान्यतया धार्मिक व्यवहारमा,प्रयुक्त गरियो भन्न अत्युवित्त नहोला। यसको पुष्टि मल्लकालीन र जाहरूवाट प्रणीत नाटक र अन्यान्य ग्रन्थहरूवाट हुन जान्छ। मल्लकालीन संस्कृत कतिपय राजाका कृतिलाई छाडर व्याकरणको दृष्टिले त्यति सम्पन्न छैन जतिको लिच्छवि युगमा पाइन्छ। यसो हुनुमा के पनि कारण थियो भने छिमेकी मुलुक भारतमा मुगलहरूको प्रभुत्व र मुगलकालीन सभ्यता एवं भाषाले पखेटा फिजाउदै थियो। दरवार आदिमा र जनताका सम्पर्कमा आईरहेको पर्वतीय भाषाको माध्यमबाट नेवारी भाषामा पनि अरवी फारसी उर्दू हिन्दी आदि भाषाका शव्दले प्रवेश पाउँन थालिसकेको थियो। संस्कृतको धेरै निकट सम्पर्कमा रहेको नेवारी भाषाले त्यतिखेरको अभिलेखहरूमा देश भाषा भनि उल्लेख पाइन्छ। नेपाली भाषा अर्थात पर्वते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा त अरबी फारसी, उर्दूको निकै प्रभाव परिसकेको थियो। तापनि राजाबाट स्थापित तामपत्र, अभिलेख, प्रस्तराभिलेख ग्रन्थहरूमा संस्कृतको प्रयोग सर्वप्रथम, मान्य रूपमा भएको छ। त्यतिवेलाका राजाहरूले आफूलाई विद्यामा निपुण पारङ्गत आदि उल्लेख गर्न गौरव सम्झन्थे।

त्यस समयको कुनै मन्दिरको जिर्णोद्धार, विहार, चैत्य, मन्दिरको निर्माण मूर्तिको प्रतिष्ठा, भूमिदान एवं धार्मिक कृत्य आदि सम्पन्न गरेमा तामपत्र, प्रस्तर अभिलेख स्थापना गर्ने चलन पाइन्छ र त्यस्ता अभिलेख आदिमा संस्कृत भाषा र देशभाषाको प्रयोग गरिन्थ्यो। नेवारी भाषाको प्रयोग बाहुल्यले एकातिर प्रयोग हुन थालेको थियो भने अर्को तर्फ संस्कृत भाषाले आफ्नो प्राञ्जलता र मधुरतालाई हटाइराखेको थियो। व्याकरणको दृष्टिले संस्कृत ह्रासोन्मुख थियो। संस्कृत भाषा दर्बारको वरिपरि मात्र सीमित नभई जनताको पनि दानपत्र अभिलेख, धार्मिक कार्य र अन्यस्थलमा केहि हदसम्म यसलाई बुझेर प्रयोग गर्थे। रायमल्लले जयदेव कविको गीत गोविन्द काव्यमा आफूलाई "विद्वद्वाद कला-विवाद: भनि लेखेका छन्। यस समय मैथली भाषामा पनि प्रशस्त नाटक लेखिएका छन्। 'विद्याविलाप नामक नाटक विश्वमल्लको समयमा मैथली भाषामा लेखिएको नाटक हो। भक्तपुरे राजाहरूमा जगज्ज्योतिर्मल्ल एक प्रकाण्ड विद्वान थिए। उनी संस्कृत र साहित्यमा धुरन्धर थिए। उनले नरपति जयचर्या र नागर सर्वस्वमा टीका लेखेका छन्। उनी श्लोक सारसंग्रह संगीत भास्कर संग्रहका लेखक थिए। यसका अतिरिक्त "मुदित कुवल्याश्व" हरगौरी विवाह कुञ्ज विहार जस्ता मैथली नाटक उनका नाउँमा लेखिएका छन्। जगज्ज्योतिर्मल्लका नाती जयप्रकाश पनि संस्कृतका ज्ञाता र साहित्यका अनुरागी थिए। यिनले संस्कृत नेवारी र मैथली भाषामा नाटक लेखेका छन्। उथाहरण, पारिजात हरण, प्रभावती हरण, जस्ता नाटक संस्कृत र मैथली मिश्रित भाषामा लेखेका छन्। यिनका छोरा सुमतिजय र जितामित्र मल्ल एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुयोग्य पिताका योग्य विद्वानपुत्र थिए। यिनले कालिय मथनोपाख्यान नाटक मैथिली भाषामा, मदालसाहरण नेवारी भाषामा, जैमिनी भारत संस्कृतमा लेखेका छन्। उनले लेखेको १५ अंकको रामायण नाटक मैथली भाषामा प्रसिद्ध छ। यो पुस्तक ऐतिहासिक तथा काव्यको दृष्टिले महत्वपूर्ण छ। कान्तीपुरका राजा प्रताप मल्ल शास्त्र र शस्त्र दुवैमा निपुण थिए। यिनले आफलाई तलेजु भवानीको अगाडि स्थित प्रस्तराभिलेखमा "कवीन्द्र" संगीतार्णव पारग" जस्ता उपाधिले विभूषित गरेका छन्। यिनको "गीत केशव" काव्य १२ सर्गमा लेखिएको छ। वंशावलीमा यिनलाई १५ भाषाका ज्ञाता भनि उल्लेख गरेको पाइन्छ। मल्ल कालमा तन्त्रको उन्नति भएको थियो। लम्बकर्ण भट्ट र जामुनो गुभाजु जस्ता तान्त्रिकहरू भएकोवाट यो पुष्टि हुन्छ। मल्लकालमा शिक्षा विहार वा गुम्बा मन्दिर आदिमा दिइन्थ्यो। पाटनका प्रसिद्ध राजा सिद्धि नरसिंह मल्लले जनतालाई इसाई वन्नवाट रोकी विहारहरू निर्माण गराई पूजा आजाको व्यवस्था गरी धार्मिक शिक्षा प्रदान गर्नलगाए। ग्रोवर क्यापुचिन जस्ता पादरी नेपाल पसिसवेका थिए तर पृथ्वी नारायण शाहले यिनीहरूलाई धपाई पठाए।

शाहवंशीय राजाको उदयहुनु पूर्व नेपालमा वाइसी, राज्यहरू थिए यस्ता वाइसे, चौविसे राज्यका राजदरवारमा कतिपय राजाश्रित विद्वानहरू यस प्रकार छन्। गोरखा दरवारमा शक्तिवल्लभ अर्याल तनहुँमा सेनराजाका गुरू गौरीश्वर ठुला विद्वान र कवि थिए। यिनैले रामशाहलाई मन्त्र सुनाई गोरखाका पनि राज गुरू वनेका थिए।

कास्कीमा सिद्धिनारायण शाहद्वारा संस्कृत शिक्षाका लागि गुठीको प्रवन्ध गरी शिक्षा दिइन्थ्यो। पाल्पाका राजाका गुरू पुरोहित अर्यालहरू र तनहुँमा आचार्य, भण्डारीहरु विद्वान कुलमा गणना गरिन्थे। यसको उदाहरण भानुभक्त आचार्यलाई लिन सकिन्छ। पर्वतमा ज्योतिषका पण्डितहरूको परंपरा अद्यापि प्रसिद्ध छ। कर्णाली प्रदेशमा खस राज्य स्थापना भएपछि यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिल्लाको मध्य भागमा पर्ने सिंजामा वृहद खस भाषाले नै कालान्तरमा राष्ट्र भाषाको रूपलिन पुग्यो। त्यस वखत खसहरूको राज्य विस्तार गण्डकी प्रदेश सम्म फैलिएको र मल्लकालीन शिलालेख ताम्रपत्र आदिमा यसै भाषाको व्यवहार भएको पाइन्छ।

पृथ्वीनारायण शाह र त्यसपछिको शिक्षा:– पृथ्वीनारायण शाहका दरबारमा शक्ति वल्लभ, कुलानन्द ज्योतिषी, हरिदेव, गुणानिधि पन्त, भानु ज्योतिषी जस्ता विद्वानहरूले ठूलो आदर र सम्मान पाएका थिए। शक्ति वल्लभले जयरत्नाकर नाटक र पुरश्चर्याणव लेखी संस्कृत भाषाको गौरव वढाएका थिए। प्रताप सिंहका राजज्योतिष कुलानन्दको भविष्यवाणी सत्य साबित हुन्थ्यो। यिनका दरवारमा लक्ष्मीपति नामका एक ठूला विद्वान तथा लेखक जसले पुरश्चरणपद्धति, वार्षिक रत्नावली आदि ग्रन्थ लेखेका थिए। श्री ५ गीर्वाणयुद्ध विक्रम शाहक दरवारमा यदुनाथ वाणी विलास पाण्डे आदि विद्वानहरूमा विद्यारण्य केशरी अर्ज्याल, पंडित दैवज्ञ केशरी अर्ज्याल, पण्डित रघुनाथ पोख्याल वसन्त शर्मा आदि संस्कृतका विद्वान हुनुका साथै नेपाली साहित्यको विकाशमा आफ्ना लेखनीवाट ठूलो योगदान पुऱ्याएका छन्। श्री ५ सुरेन्द्रका पालादेखि कुटिल एव बुद्धिमान जंगवहादुरले संस्कृत शिक्षाका अतिरिक्त अंग्रेजी शिक्षाको पनि बीजारापण गरे! जंगवहादुर वेलायत बाट फर्केपछि अंग्रेजीशिक्षावाट प्रभावित भई दुई अंग्रेजहरूलाई ल्याई आफना छोराहरुलाई शिक्षा दिन वि. सं. १९१० मा अंग्रेजी प्रारम्भिक स्कुलको स्थापना थापाथली दरवारमा गरे! ३८, अठतीस वर्षसम्म यो स्कूल थापाथलीवाट लालदरवार हुदै १९४८ मा भोटाहिटीमा स्थापित भवनमा चल्न थाल्यो। राणाका आफ्ना भाई भतिजाका लागि खोलिएको यस स्कूलमा जनताका छोराले देवशम्शेरको पालादेखि पढन पाउन थालेका हुन्। त्यस वखत दरवारस्कूल एकमात्र अंग्रेजी स्कूल भएकोले यसको पाठ्यक्रम कलकत्ता विश्व विद्यालय के पाठ्यक्रममा रह्यो। अध्ययन अध्यापनको माध्यम अंग्रेजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । जाँचदिन कलकत्ता जानु पर्थ्यो वाटाखर्च र जाँचदिन बस्दाको खर्च सरकारबाट दिई पठाइन्थ्यो । राणाजीहरूमा सर्व प्रथम ईन्ट्रान्स परीक्षा पास गर्ने चन्द्र शमशेर हुनपुगे भने श्री तारामान सिंह स्वाँरका भनाईमा जनताका छोराहरू मध्ये सर्व प्रथम ईन्ट्रान्स परीक्षा दिने व्यक्ति वलमान सिंह थिए । दरबार स्कूलमा पढाउने शिक्षक कलकत्तावाट झिकाइन्थे । यिनीहरू कडा स्वभावका फूर्तिला र राफिला हुदाँ यिनीहरूले अनुशासनमा कडाई र पढाइमा कठोर व्यवहार गर्दथे । कक्षाहरूमा अनुशासन र त्रासको वातावरण बनिरहेको हुन्थ्यो । अर्कोतिर जंगबहादुरले दिङलामा गुठी स्थापना गरी संस्कृत पाठशाला खुलाएका थिए । यिनका पालामा नारायणहिटी पाठशाला १९२७ तिर खुली आर्थिक अभावले वन्द भएको थाहा हुन्छ । श्री ३ रणोद्दीपको पालामा धीर शमशेर शिक्षा डाईरेक्टर भएकोले प्रधान मंत्री सग वक्साएर रानीपोखरी संस्कृत पाठशालाको स्थापना गरे । पहिले यो रणमुक्तेश्वरमा चल्यो पछि वीर शमशेरले दरवार स्कूलको तल्लो खण्डमा स्थायी भवन दिई रानीपोखरी संस्कृत पाठशाला चल्न थाल्यो । गुठीको प्रवन्ध गरी छात्राबासको प्रवन्ध गराए । त्यसै ३ धारा पाठशालामा ५४ जना छात्रहरू अरू थपी वीर शमशेरले १०८ जनालाई खान वस्नको प्रवन्ध गरिदिएका थिए । यहाँ प्रथमा सम्मको पढाई गरी परीक्षा दिन वनारस जान्थे । बेद, साहित्य, दर्शन, ज्योतिष विषयहरू पढाइन्थे । देव शमशेर उदार राजा मानिन्छन् । बडौदाका राजाले गरेको शिक्षा प्रचारको प्रभाव परेकोले जनतामा शिक्षाको प्रचार होस् भन्ने भावना यिनमा थियो । त्यसैले यिनले पाठशालाहरू खोले पाठशालामा पढाउने माध्यम नेपाली राष्ट्रभाषा हुनुपर्छ भनी राष्ट्रभाषा प्रचार गर्न खोजेका थिए । यिनले शिक्षालाई गाउँगाउमा पुर्‍याउने योजना बनाई ३ तीन लाख रूपैया छुट्याइ राखे तर यसलाई सदुपयोग गर्न राणाहरूले दिएनन् । अन्तमा यो ३ तीन लाख रूपैंयाँ बेलायत को अनाथालयमा पुग्यो । अन्तमा यिनलाई पदच्युत गरी चन्द्र शमशेर प्रधान मंत्री बने । चन्द्र शमशेरका आफ्नै छोरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्जाई बझाङ्गी राजा जयपृथ्वी बहादुर सिंह शिक्षाप्रेमी र प्रगतिशील विचार धारा भएका नवयुवक थिए । यिनले भाषा पाठशालाहरूमा पढाउन अक्षराङ्क नामक किताव तयार पारी पाठ्य पुस्तकको रूपमा राख्न लगाएका थिए । यिनले आफ्नै दरबारमा सत्यवादी नामको स्कूल खोलेर कामी, दमै, सार्कीलाई व्यावसायिक शिक्षा दिई शिक्षा प्रचार गर्न खोजेका थिए । तर चन्द्र शमशेरको कूटनीतिक चालले यिनी अप्रिय भए । पछि आफ्नै बझाङ्गमा सत्यवादी नामको पाठशाला खोलियो तर ३८ वर्ष पछिमात्र यस स्कूलले स्वीकृति पाउन सफल भयो । चन्द्र शमशेर कुटिल भएकाले भाषा पाठशालाहरू खोले तापनि तिनलाई नियन्त्रणमा राखे । स्वीकृति विना स्कूल खोल्न नपाउने रूपमा यिनले वि सं १९७६ को इस्तिहार जारी गरे । उपत्यका बाहिर धनकुटा, सिरहा, काभ्रे पलान्चोक, लमजुङ्ग, तनहुँ, कास्की स्याङजा, पर्वत, जाजरकोट, प्यूठान, खलङ्गा, सल्यान, दाचुला, आदि ठाउँमा भाषा पाठशालाहरू खोलिए । त्यस वखत देशको एक कुनाबाट अर्को कुनामा जान भारत भै जानु पर्थ्यो । ओटिआर रेलवेको टिकट अंग्रेजीमा हुदा सर्वसाधारणले सामान्य अंग्रेजी ज्ञान नगरी नहुने र अंग्रेजहरू सित लेखापढी गर्न समेत अंग्रेजी आवश्यक पर्ने भएको हुँदा अंग्रेजी स्कूल खोल्न चन्द्र शमशेरलाई काल वेला वखतले बाध्य गरायो र भाषा पाठशालाहरू पनि खोलिए । यिनले ढोका टोलमा कन्या पाठशाला पनि खोले । अग्रेजी स्कूलको विस्तार भयो । वेलायत भ्रमणपछि बाध्यता वश चन्द्र शमशेरले १९७५ सालमा त्रिचन्द्र कलेज खोलेका थिए । यस कलेजमा पढाउन भारतबाट विद्वान झिकाइए र तिनीहरूको आवासका लागि जमलमा क्वाटरहरू बनाइए । यसको सम्बन्ध कलकत्ता विश्वविद्यालय सित थियो । परीक्षा दिन कलकत्ता जानु पर्थ्यो पहिले त्रिचन्द्रमा आइ. ए. र आई एस्सीको मात्र पढाई हुन्थ्यो । खुलेको २७ वर्षपछि गएर मात्र विए बि. एस्सी. को पढाई हुन थालेको हो । वि. सं. १९८० मा पटनाले काठमाण्डौं केन्द्र खोली काठ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माण्डौंमा एस. एल सी. सञ्चालन गर्न थालेको हो। त्यो भन्दा अघि पहिले कलकत्ता र पछि पटनामा गई इन्ट्रान्स परीक्षा दिनु पर्दथ्यो। वि सं. १९९० सालदेखि एस एल. सी. परीक्षाको बोर्ड गठन भएपछि पटनासंग परीक्षाको सम्बन्ध टुट्यो। पहिलो एस. एल. सी परीक्षा माघ २ गते हुने भएकोमा भूकम्पको कारणले पछि परीक्षा भएको थियो। दरवार स्कूल वाट २७ जना परीक्षार्थी र पाटन हाइस्कूलबाट ७ जना गरी जम्मा ३४ जना छात्रहरू जसमा १ महिला सवीना कुमारी देवी अनुपस्थित थिइन। तेत्तीस जनाले परीक्षा दिएकोमा १० जना द्वितीय श्रेणीमा र ९ जना तृतीय श्रेणीमा उत्तीर्ण भएका थिए। २०४६ सालमा रेगुलर एक्जेम्प्टेड र कम्यार्ट गरी हाल परीक्षार्थीको संख्या १२५९९६ पुगेको र केन्द्रको संख्या दुबै समूह गरी ५२१ छ।

<u>नपालमा उच्च शिक्षा:-</u> नेपालमै उच्च शिक्षाको आरम्भ त्रिभुवन चन्द्र कलेजको स्थापना भएपछि हुन्छ। यो कलेजको स्थापना वि. सं. १९७५ मा भयो। १९७६ देखि आई. ए. र १९७७ साल देखि आइ. एस सी. को अध्यापन आरम्भ गरियो। वि.सं १९८१ मा बी. ए को पढाई भए तापनि बी एस. सी. भने २००४ साल मा शुरू भयो। संस्कृत तर्फ भने २००७ सालमा महा विद्यालय स्थापना भयो र आयुर्वेदको उच्चशिक्षा सात साल पूर्व १९८५ सालमा नेपाल राजकीय आयुर्वेदिक विद्यालय स्थापना भयो र १९९०, ९२-९४ सालमा वैध विनोद वैध भूषण र वैद्यरत्न स्तरको पढाई क्रमश शुरू गरियो। रानीपोखरी संस्कृतको उच्च अध्ययन गरे काशीमा परीक्षा दिन जाने परपाटी भने वि. सं १९८० साल देखि १९९० सालमा बढ्दै गएको ज्ञात हुन्छ। यसका अतिरिक्त ललितकलाका क्षेत्रमा वि. सं. १९९१ सालमा नेपाल आर्ट स्कूल पछि वि. सं १९९५ मा जुद्धकला पाठशालाको स्थापना भयो। प्राविधिक शिक्षा तर्फ १९८९ सालमा टेक्निकल स्कूल स्थापित भयो। वि. सं २००३/०४ सालतिर आधार शिक्षाको थालनी भयो। यसरी २००० सालसम्म ११ माध्यमिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कूल ११८० विद्यार्थी उच्च शिक्षामा २५० विद्यार्थी र शिक्षकसंख्या १२०२, ३७ मात्र थिए। २००३ सालमा सरकार तर्फबाट शिक्षा विकासका लागि २० सदसीय समिति २०१० सालमा राष्ट्रिय शिक्षा योजना आयोग, २०१२ सालमा विश्वविद्यालय योजना आयोगको गठन, २०१३ सालमा शिक्षातर्फ पनि पञ्च वर्षीय योजना आरम्भ भएको पाइन्छ। वि. सं २००७ साल देखि २०१६ सालसम्म उच्च शिक्षामा शिक्षा कला वाणिज्य विज्ञान र कानूनमा स्नातकसम्म पढाइ शुरू भएको पाइन्छ। तालिमका हकमा प्रवेशिका पछिको तालिमको विकास पाइन्छ। वि. सं. २०१६ सालको त्रिभुवन विश्व विद्यालय ऐन अन्तर्गत स्वशासित संस्थाको रूपमा विश्व विद्यलयको स्थापना संगसगै अग्रेजी नेपाली हिन्दी राजनीति शास्त्र, अर्थ शास्त्र, इतिहास र सस्कृति, भूगोल र वाणिज्य एमएको पढाई वि. सं. २०१८ मा, शिक्षा शास्त्रमा स्नातकोत्तरको पढाई र २०२२ सालमा, विज्ञान तर्फ भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान, प्राणी शास्त्रको अध्यापन प्रारम्भ भयो।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना आयो। यस योजनाले अधिराज्य भरि छरिएका सरकारी र गैर सरकारी कलेजहरूलाई एक सूत्रमा आबद्ध गर्नु र राष्ट्रलाई बलियो र राष्ट्रको खाँचो पूर्ति हुने रूपमा स्वदेश मै जनशक्ति तयार गरी शिक्षाको गुणस्तर उठाउने रूपमा योजना ल्याइयो। यस योजनाले गर्न खोजेका कुराहरूमा पाठ्यक्रममा आमूल परिवर्तन, उच्च शिक्षाको संगठन, व्यवस्थापन, वित्तीय प्रणाली, शिक्षक सेवा परिवर्तन आदि मुख्य छन्।

सर्व प्रथम यसले त्रि. वि. वि. अन्तर्गत संस्थानको व्यवस्था गर्‍यो।

१. मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान
२. विज्ञान तथा प्राविधिक अध्ययन संस्थान
३. वाणिज्य शास्त्र अध्ययन संस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. कानून अध्ययन संस्थान
५. संस्कृत अध्ययन संस्थान
६, कृषि र पशु विज्ञान अध्ययन संस्थान
७. वन विज्ञान अध्ययन संस्थान
८. इन्जिनियरिङ्ग अध्ययन संस्थान
९. चिकित्सा शास्त्र अध्ययन संस्थान
१०. शिक्षा शास्त्र अध्ययन संस्थान
११. व्यावहारिक विज्ञान अध्ययन संस्थान
१२. नेपाल तथा एशियाली अध्ययन संस्थान उपर्युक्त अध्ययन संस्थान अन्तरर्गत विभिन्न कलेजलाई क्याम्पस नाम दिई यिनै अन्तर्गत राखियो ।

२०३६ सालमा आएको राष्ट्रिय शिक्षा पद्धतिका केही देन र यसका असफलताका कारणहरू

१. देशभित्रको योजनाको बहुमतद्वारा प्रशंसा
२. अनुसन्धानको महत्व बुझ्न थाले
३. प्राविधिक अध्ययन संस्थानको योजना अनुरूप काम गरेको
४. पिरामिड वमोजिम काम

रा. शि. प. यो. को असफलताका केही कारणहरू:-

१. राष्ट्रिय योजनाबाट यथार्थ मार्ग दिन नसक्नु
२. लक्ष्य अनुरूप प्राविधिक जनशक्ति तयार हुन नसक्नु
३. गुणात्मकता शिक्षामा नआई घट्नजानु
४. प्रवेश परीक्षाको असफलता
५. सिमेस्टर प्रणालीको उद्देश्य पूर्ति नहुनु
६. पाठ्यक्रममा छिटो छिटो परिवेर्तन
७. नोट्सका आधारमा पढाई र पाठ्यक्रम उपलब्ध नहुनु
८. उद्देश्यानुरूप शिक्षकहरूको योग्यतामा बृद्धि हुन नसक्नु
९. स्तरीय पठन पाठन भन्दा औपचारिकतामा बढि समय बिताइनु
१०. अनुसन्धान तर्फ ठोस नीति तर्जुमा अनुरूप कार्य नहुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. क्याम्पस प्रमुख डीन आदि वरिष्ट शिक्षकहरू वढी प्रशासन मुखी हुनु ।
१२. गुणात्मक विद्यार्थी उत्पादन हुन नसक्नु
१३. गरीब विद्यार्थीहरुले पढ्ने मौका नपाउनु
१४ क्याम्पस बीच समन्वय स्थापनामा कमी हुनु
१५. केन्द्रिय कार्यालय तर्फ अधिकार र कर्तव्यबोधको राम्रो सन्तुलन नहुनु
१६. क्याम्पस तर्फ प्राविधिक शिक्षकको आवश्यकता पूर्ति नहुनु

राष्ट्रिय शिक्षा पद्धतिमा हाल भैरहेका केही सुधार

१ परोक्षा पद्धतिमा–वार्षिक परीक्षाको रूपमा लानु
२. सर्टिफिकेट डिप्लोमा डिग्री र रिसर्चको नाम परिवर्तन गरी व्याचलर, र मास्टर डिग्री र पि. एच. डि. नामकरण
३. शिक्षालाई तीन समूहमा विभाजन–प्राविधिक, व्यावसायिक र साधारण।
४. प्राविधिक अध्ययन संस्थानमा अध्ययन गर्नेले २ वर्षको अध्ययन समाप्त गरेपछि १½ वर्ष तालिम लिनुपर्ने गरिएको छ।

शाही उच्च शिक्षा आयोगको प्रतिवेदन अनुसार २०४३ मा त्रिभुवन विश्वविद्यालय ऐनमा संशोधन र महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना गर्न ऐन जारी गरियो र दाङमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भयो ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत हाल निम्न ४ चार अध्ययन संस्थानहरू कायम राखी व्यवस्थापन, कानून, शिक्षाशास्त्र मानविकी तथा सामाजिक शास्त्र र बिज्ञान तथा प्राविधि विषयका उच्च शिक्षाको लागि संकायहरूको व्यवस्था गरिएको छ । तर पनि गुणात्मक शिक्षा अझै सकेको छैन । अब प्रजातन्त्र आएकोले यसमा पनि सुधारको अपेक्षा गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन दर्शनमा एक दृष्टि

पूर्व मीमांसा दर्शन

सांख्य, योग र उत्तर मीमांसा दर्शनले कुनै न कुनै रूपमा तत्व ज्ञान गर्नका लागि पुण्य कर्मको आवश्यकता ठान्दछ। यसै कारणले कर्मको विकास भयो। निष्काम कर्मबाट मुमुक्षु वैराग्य लिएर मुक्त हुन सक्तछन् भने जो वैरागी छैनन् तिनका लागि कर्म प्राधान्यवादको प्रधानता हुँदा मीमांसा दर्शनको उदय हुन गयो।

तैत्तीरीय संहिताको प्रथम प्रपाठकको प्रथम अनुवाकमा वेदलाई २ दुई काण्डमा विभक्त गरिएको छ पूर्व र उत्तर। पूर्व काण्डमा नित्य नैमित्तिक काम्य र निषिद्ध यी ४ किसीमका कर्मको निरूपण गरिएको छ। उत्तरकाण्डमा सद्योमुक्ति र क्रम मुक्ति मोक्षरूप पुरूषार्थको वर्णन पाइन्छ।

वेदको आदि मीमांसा ब्राह्मण ग्रन्थ हो। यस दर्शनका अविष्कारक जैमिनी मानिन्छन्। ज्ञान विज्ञान रूप फल दिने कर्म हो भनि यस दर्शनले प्रतिपादन गर्दछ। धर्म, अर्थ, काम, मोक्ष पुरूषार्थ चतुष्टयको प्राप्ति कर्मद्वारा हुने र कर्मको कर्ता भोक्ता जीव भएकोले जीव कर्मफलद्वारा आवद्ध छ।

वेद नित्य अपौरूषेय छ। यिनका मन्त्र नै देवता हुन वेदको विधि अर्थवाद मन्त्र स्मृति, नामधेय यी ५ मीमांसा दर्शनका अंगहुन्। शब्दमा यी पाँचै कुराको अभिव्यक्ति पाइन्छ। तदर्थ वेदादि कुनै ग्रन्थको तात्पर्य जान्नु, ग्रन्थको उपक्रम–थालनी उपसहार, अभ्यास अपूर्वता फल अर्थवाद र उपपत्ति, यी सातकुरा माथि ध्यान दिनु जरूरी हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आम्नायस्य क्रियार्थत्वादानर्थक्य मतदर्थानाम्, प्रारब्ध कर्मणां भोगादेव क्षयः। वेदका प्रत्येक वाक्य कुनै न कुनै व्यापार या कर्मको वोधक हुन्छ र त्यसको कुनै प्रयोजन हुन्छ। कर्मफलको विधान, कर्मभेद आदिको वर्णन धर्मको विवेचना गर्दा संगसंगै गरिएको हुन्छ। पूर्व मीमांसा दर्शनको विवेचना गर्दा संग संगै गरिएको हुन्छ। पूर्बमीमांसा दर्शनको उद्देश्य मनुष्यको शास्त्रमा प्रवल निष्ठा जगोस र कर्ममा प्रवृत्त होओस् भन्ने रहेको छ। यस दर्शनका प्रवर्तक जैमिनी हुन् हुन्छ। यस मतमा वेदलाई अपौरूषय भनिन्छ। यस दर्शनले जीवलाई सुखदुःख आदि सम्पूर्ण फलदिने कर्म नै हो। तसर्थ जीवले नित्य नैमित्तिक कर्म गरि नै रहनुपर्छ। प्रारब्धकर्मको क्षय भोगवाट नै हुन्छ भन्ने यस मीमांसा दर्शनको सिद्धान्त रहेको छ।

न्याय दर्शन

न्याय शास्त्रलाई अर्को शब्दमा अन्वीक्षिकी पनि भनिन्छ। न्याय सूत्रका प्रतिपादक गौतम हुन्। गौतम अहल्याका पति थिए। रामायणमा यिनको प्रसग आएको छ। न्याय शास्त्रको वारेमा यस्तो भनाइ छ।

प्रदीपः सर्व विद्याना मुपायः सर्वकर्मणाम्।
आश्रयः सर्वधर्माणां शश्वदान्वीक्षिकी मता॥

न्याय सूत्रका पाँच अध्याय छन्। प्रमाणद्वारा अर्थको परीक्षण अर्थात् विभिन्न प्रमाणले वस्तुलाई परीक्षण गर्नु न्याय हो। "प्रमाणैनैव वस्तु परीक्षणं न्याय" र नव्य न्याय १६ पदार्थको विस्तृत निरूपण भएका ग्रन्थ सर्बप्राचीन न्याय भनिन्छ। १६ पदार्थ यी हुन् प्रमाण, प्रमेय, संशय, प्रयोजन दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय वाद जल्प. वितण्डा, हेत्वाभास, छल, जाति, निग्रहस्थान। यिनै सोह्र पदार्थको तत्वज्ञानवाट मोक्ष प्राप्ति हुन्छ। दुःख जन्य प्रवृति दोषको मुख्य कारण मिथ्याज्ञान हो। यस अज्ञानको विनाशवाट नै मोक्ष हुन्छ भन्ने न्यायको मत छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणवाट कार्य हुन्छ । कारण नाश गर्नाले कार्य नष्ट हुन्छ । दुःखको कारण जन्म हो । जन्म नभए दुःखनै हुदैन । धर्म अधर्म दुवैको नाश भए जन्म हुदैन । प्रवृतिको कारण रागद्वेष, रागद्वेषादिको कारण मिथ्या ज्ञान, मिथ्या ज्ञान नष्ट हुँदा सत्य ज्ञान हुन्छ । सत्यज्ञानद्वारा मोक्षप्राप्ति हुन्छ ।

तदत्यन्त विमोक्षोऽपवर्ग

उत्तर मीमांसा दर्शन

उत्तर मीमांसा शास्त्रको नाम नै वेदान्त हो वेदान्त सूत्रका प्रणेता भगवान् वादरायण व्यास हुनु हुन्छ । व्यासको समय इ.पू. ६ सय शताव्दी मानेका छन् । "जम्माद्यस्य यतः जसवाट" सृष्टि स्थिति प्रलय हुन्छ । सम्पूर्ण दर्शनशास्त्रले यसैको व्याख्या गर्दछन् । पुराण कालमा आई यस दर्शनलाई सूत्रमा आवद्ध गरियो । व्यासकृत ब्रह्मसूत्र माथि विभिन्न आचार्यहरूले अआपना दृष्टिकोणवाट भाष्य लेखे । सम्प्रदायहरूको प्रतिष्ठा नै त्यसै भाष्यमा आधारित छ । वेदान्तका मुख्य सम्प्रदाय ५ छन् । छन् । (१) अद्वैत (२) विशिष्टा द्वैत (३) द्वैत (४) द्वैताद्वैत र (५) शुद्धाद्वैत । यी सवैं मतमा अद्वैत वेदान्तक सर्वोपरी स्थानछ । अद्वैत दर्शनका प्रवर्तक शंङ्कराचार्य हुनुहुन्छ । उहाँले प्रस्थान त्रयी अर्थात् ब्रह्मसूत्र, गीता र उपनिषदको भाष्य लेख्नु भएको छ । विशिष्टाद्वैतका प्रवर्तक रामानुमाचार्य हुनुहुन्छ । द्वैत दर्शनका प्रवर्तक आचार्य श्री भाग्य या आनन्द तीर्थ हुन् । द्वैताद्वैत दर्शनका प्रवर्तक निम्वार्क आचार्य हुनुहुन्छ । शुद्धाद्वैतका प्रवर्तक आचार्य वल्लभ हुनुहुन्छ ।

वैशेशिक दर्शन

कणादे पाणिलीयञ्च सर्वशास्त्रोपकारकम्"

कणाद ऋषिको वैशेषिक दर्शन र पाणनिको अष्टाध्यायी व्याकरण सवैं शास्त्रको उपकारक छन् । यसवाट यस शास्त्रको महत्व बुझिन्छ । कणाद यो नाउँ कणान अत्ति इति कणादः जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमाणुलाई आफ्नो सिद्धान्तको रूपमा स्वीकार गर्छ त्यसलाई कणाद भनिन्छ। जैनाचार्य राज शेखरको भनाई अनुसार भगवान शंकरले उलुक, उल्लुको रूपधारण गरी यस शास्त्रको शिक्षा दिएको हो भन्ने छ। "मुनये कणादाय स्वयमीश्वरः उलूकरूप धौरी प्रत्यक्षीभूय द्रव्य गुणकर्म सामान्य विशेष समवाय लक्षण पदार्थषटंक उपदिदेश" द्रव्य गुण, कर्म सामान्य र पञ्चम तत्वक रूपमा विशेष भएको हुँदा यस दर्शनको नाउँ वैशेषिक हुन गएको हो। भाषा परिच्छेद तर्क संग्रह र मुक्तावली यस दर्शनका प्रतिपादक ग्रन्थ हुन्। वैशेषिक सूत्र दश खण्डमा विभाजित छ। प्रशस्त पादको पदार्थ धर्म संग्रह नामको भाष्य ग्रन्थ छ। शङ्कर मिश्रले यसको उपकार नामको महत्वपूर्ण टिका लेख्नु भएको छ।

वैशेषिक दर्शनले छ तत्वलाई मान्दछ। द्रव्य, गुण, कर्म, सामान्य र विशेष समवाय र अभाव पनि यसैको अङ्ग मानिएको छ। परमाणुवाद र विशेष पदार्थवाट यसका अन्य दर्शन देखि भिन्न मौलिक विशेषता हुन्। परमाणु अविभाज्य अतीन्द्रिय पदार्थ हो। यसैवाट सृष्टि चल्दछ। यस दर्शनमा आत्माको अनेकना स्वीकार गरिएको छ। प्रत्येक व्यक्तिका प्रतिनियत अवस्था छन् त्यसैले अनेंक आत्मा पुरूष छन्। धनी गरीव सुखी, दुःखी, रोगी दरिद्र आदि प्रतिनियत अवस्थाले गर्दा हो। निवृत्त लक्षण धर्मको अनुष्ठान नै यस दर्शनको प्रतिपाद्य वस्तु हो। मिथ्याज्ञानको कारणवाट राग द्वेष हुन्छ। यसैबाट धर्म अधर्म हुन जान्छ। धर्माधर्मवाट सुख दुःखको भोग हुन्छ यही संसार हो। भोग क्रिया भोक्ता भोग्य र भोग साधन यी एक साथ संबद्ध छन्।

भोक्ता भोगक्रियाको कर्ता हो। भोग्य भोगको विषय हो। भोग साधन इन्द्रिय समूह हो। भोग क्रिया, नष्ट हुँदा अन्यतीम स्वतः नष्ट हुन्छन्। मिथ्याज्ञानको कारणवाट आत्माको कर्तृत्व अकृर्तृत्व आदि आत्मविकार हुन्छ। अकर्तृत्व अभोक्तृत्व यहि आत्माको स्वरूप अवस्था हो। अत तत्वज्ञान नै वैशेषिक दर्शनको मुख्य उद्देश्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुतेऽर्जुन !" । तत्व ज्ञान नै वस्तुको यथार्थ ज्ञान हो । यसर्थ वैशेषिक दर्शन मुक्तिको साधन हो ।

सांख्य दर्शन

कपिल मुनिद्वारा प्रणीत सांख्य दर्शन अतिशय प्राचीन दर्शन हो । सांख्य शब्द संख्यासित सम्बन्ध राख्दछ । यो आस्तिक दर्शन हो । २४ चौविस तत्वको निर्देशन गर्ने भएकोले एवं प्रकृति पुरुषसंग भिन्न छ । मूलतः २४ तत्व र पुरुष आत्मतत्व समेत २५ छन् । यीतत्वहरु हुन् -प्रकृति महत् (बुद्धि), अहंकार, ५ ज्ञानेन्द्रिय, ५ ज्ञानन्द्रिय, ५ तन्मात्रा (रूप, रस, शद्व गन्ध, स्पर्श) ५ महाभूत (पृथ्वी, अप्तेज वायु, आकाश) पुरूष आत्मा वा चेतन गरी २५ । मनुष्य सुखभोगको आशाले बाँचेको हुन्छ । आयु सीमित छ । दुःख नाशको उपाय वताउँने यस दर्शनको लक्ष्य हो । दुःख ३ प्रकारका छन् । आधिदैविक, आध्यात्मिक पशुपक्षीवाट हुने दुःख अधिभौतिक हो । ग्रह नक्षत्रादिवाट आउने दुःख अधिदैविक हो । त्यस्तै शारीरीक एवं मानसिक दुःख अध्यात्मिक दुःख हुन् । दुःखको अत्यन्तिक विनाशको एक मात्र साधन सांख्य दर्शन हो । यस दर्शनमा प्रकृति भन्नाले, सत्वरज तम, यी तीन गुणको साम्यवस्थालाई भनिन्छ । प्रकृत प्रकर्षेण करोति आफूदेखि भिन्न अरू तत्वको उत्पत्ति गर्ने हुँदा यस्तो नाम हुन गएको हो । बिकृतिः दश इन्द्रिय मनगरी ११ पृथ्वी, जल, तेज, वायु आकाश यी १६ पदार्थको नाम विकृति (कार्य) हो । प्रकृति, विकृति महत्व (समष्टि बुध्दि) अहंकार ५ तन्मात्रा गरी ६ तत्व हुन् । प्रकृत विकृति रहित पुरूष =जीवात्मा हो ।यस प्रकार चेतनपुरूष सहित जम्मा २५ तत्व सांख्य दर्शनले मानेको छ । ईश्वर नमान्ने हुँदा निरीश्वर दर्शन भनिन्छ । जस्तो चुम्वकको संयोगले फलाममा क्रियाशक्ति उत्पन्न हुन्छ । जसरी लगडो र अन्धो दुवै मिलेर व्यवहार चल्न सक्तछ त्यसरी नै सक्रिय अन्धी प्रकृति र निष्क्रिय लंगडो पुरूषको मेलवाट नै यस सृष्टिको विस्तार भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरूषलाई भोग दिलाउन प्रकृति नै अग्रेसर हुन्छिन् । यस दर्शनको मनाइमा कुनै पनि पदार्थको वास्तविक सत्तानाश हुदैन । केवल आविर्भाव र तिरोभाव हुने मात्र हो ।

ज्ञानान्मुक्तिः ज्ञानवाट मुक्ति हुन्छ । आत्यन्तिक दुःख निवृतिको लागि ज्ञान आवश्यक छ । यसैज्ञानद्वारा निर्लेप चेतन आफू हो भन्ने ज्ञान भएपछि कैवल्य मोक्ष हुन्छ भन्ने सिद्धान्त यस सांख्य दर्शनले प्रतिपादन गर्दछ ।

योग दर्शन

योग दर्शनका प्रवर्तक भगवान पतञ्जलि मानिनु हुन्छ । त्यसैले यस दर्शनको नाउँ पातञ्जल योग दर्शन प्रसिद्ध छ । यो ४ पदमा बिभक्त छ । यसमा जम्मा सूत्र १९५ छन् । जसको भाष्य व्यासजीले गर्नु भएको छ । अरु संख्याका २४ तत्त्वहरुको अतिरिक्त ईस्वर एक तत्त्व वढि मानिएको हुदा सेश्वर सांख्य दर्शन पनि भनिन्छ ।

क्लेश कर्म विपाकाशयैरपरामृष्टः ईश्वरः यो. सू. १।२४ योगसूत्र अनुसार ईश्वरको परिभाषा यसरी गरिएको छ । क्लेशकर्मकोफल आशय–वासनाहरूले सदा मक्त भएको पुरूष विशेषको नाम ईश्वर हो क्लेश–यहाँ ५ प्रकारको वताइएको छ ।

अविद्या स्मिता राशद्वेषा भिनिवेशाः

(१) अविद्या- अज्ञान अनिन्यमा नित्य देख्नु दुःख सुखादि–

(२) अविद्याले गर्दा पुरुष आत्मा र चित्तको अभेद प्रतीति हुन्– अर्थात् अविद्याले गर्दा चित्त आफूदेखि भिन्न हो भन्ने ज्ञान नहुनु ।

(३) रागः– सुख भोग पछि चित्तमा त्यो पाउँने लोभ भइरहनु राग हो ।

(४) रागको प्रतिकूल द्वेष । दुःखको अनुभूति पछि घृणाको भाव रहनु द्वेष

(५) अभिनिवेशः मरणकोडर–जो स्वभावैले सवै प्राणिमा हुन्छ ।

यीनै पाँच प्रकारका क्लेशले सवै प्राणीलाई सताइरहन्छ । त्यसवाट मुक्त भई प्रपञ्च देखि मुक्त भई रहनु नै कैवल्य मोक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ। त्यस्तो स्वरूपमा असंप्रज्ञात समाधिद्वारा प्रतिष्ठित गराउनु नै योग्य दर्शनको मुख्य कांम हो।

योग–भनेको "योग: चित्तवृत्ति निरोध:" चित्तवृत्तिको निरोधको नाउ योग हो। मन वुद्धि चित्तकै नाउँ हो। योग भनेर संप्रज्ञात र असंप्रज्ञात समाधीलाई भनेको छ। चित्तवृत्तिको निरोध र एकाग्रता दुइ अवस्थामा देखिन्छन्। चित्तवृतिको निरोध हुनासाथ आफ्नो दृष्टि परमात्म स्वरूपमा अवस्थान भइहाल्छ। अभ्यास र वैराग्यको वलले चित्त निरुद्ध हुन्छ। यसका लागि योगका आठ अंगहरूको अभ्यास नितान्त आवश्यक छ।

यम–	अहिंसा, सत्य अस्तेय, व्रह्मचर्यं अपरिग्रह
नियम–	शौच सन्तोष तप स्वाध्याय ईश्वर प्रणिधान
(आसन) प्राणायाम–	श्वास प्रश्वासलाई विधिवत् रोक्नु
प्रत्याहार–	वाहिरी विषयबाट इन्द्रियहरूलाई हटाएर अन्तर्मुखी गराउनु,
धारणा–	कुनै मूर्ति वा शरीरको स्थानमा चित्तलाई रोक्नु
ध्यान–	ध्येय वस्तुमा चित्तलाई लगातार प्रवाहित गर्नु।
समाधि	योगाभ्यासको अन्तिम सिढी हो।

यसै समाधि अवस्थामा पुग्नु नै योग दर्शनको ध्येय हो। मानिसका यीनै प्रवृत्तिको विकासको फलस्वरूप विभिन्न दर्शन खडा गरिए। वेदलाई प्रमाण नमान्नेहरूका मतका ६ वटा नास्तिक दर्शन र वेदलाई प्रमाण मानी खडा गरिएका ६ आस्तिक दर्शन गरी १२ वटा दर्शन छन्।

(१) चार्वाक दर्शन (नास्तिक दर्शनमा) सुन्दर मिठो रमाउनें ईश्वरको अस्तित्व स्वीकार नगर्ने परलोक नमान्ने मत यस दर्शनले प्रतिपादन गर्दछ। यस दर्शनले ४ तत्व, पृथ्वी, जल तेज, वायु, यी ४ चार तत्वको संमिश्रनले देहतत्व बन्दछ र जसरी मदिरामा मद्शक्ति उत्पन्न भएझैं देहमा आत्मतत्व उत्पन्न हुन्छ। यही इन्द्रिय आदिको समूह आत्मा हो। यस मतमा स्वर्ग, परलोक केहि छैन, और्ध्वदेहिक क्रिया अर्थात् श्राद्ध अन्तेष्टि आदि क्रिया धूर्तका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाकलाप हुन् भनी भन्दछन् । सुख आनन्दले विताउनु पर्छ भन्ने यिनीहरूको प्रबल धारणा छ । चार्वाक मतमा यो श्लोक अतिनै प्रसिद्ध छ ।

यावज्जीवं सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् ।
भष्मीभूतस्य देहस्य पुनरागमनं कुतः ।।

अर्थात् बाच्तासम्म सुखपूर्वक बाँचोस् । मरीसके पछि पुनर्जन्म हुदैन तसर्थ यस लोकमा ऋण गरेर भएपनि शरीरलाई पोषण गरोस् ।

बौद्ध दर्शन

बौद्ध दर्शनका प्रतिपादक राजा शुद्धोदनका सुपुत्र मायादेवीका छोरा सिद्धार्थ गौतम राजपाट त्याग गरी १९ वर्षको उमेरमा गयामा तपस्या गरी २५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरी सारनाथमा गई जो उपदेश प्रदान गर्नु भयो त्यही नै बौद्ध दर्शनको रूपमा देखा पर्‍यो ।

उहाँको दर्शन सूत्र हो ''सर्वं क्षणिकम् क्षक्षिकम, सर्वं दुःखम् दुःखम्, सर्वं स्वलक्षणम् स्वलक्षणम् सर्वं शून्यम् शून्यम् । यीनै ४ विचारको फलस्वरूप चारमत भए । एकले सर्वशून्यवाद अर्थात् सवै शून्य रहेछ अन्तमा केहि रहदैन भनि सर्वशून्यवादी माध्यमिक कहलिए । शून्यवादीहरू के भन्छन् भने यो संसार शून्यकै विवर्त हो । केवल संस्कारले गर्दा क्षणिक विज्ञानधारा नै बाह्य पदार्थको रूपमा प्रतीत भएको हो । बत्तीको ज्वालामा तेलशिखा "बल्दै" गइरहेकोले प्रतीक्षण हराउदै गइरहेछ । तेल समाप्त हुदा साथ निभ्दछ । त्यस्तै कुनै पनि वस्तुको ज्ञान, अर्थ, विचारमा टिक्न सक्तैन नष्ट हुदै जान्छन् त्यसैले शून्य एक तत्व हो ।

योगाचार,– बुद्धका अर्का थरी शिष्यले बुद्धको भनाईलाई यसरी अर्थ गर्न थाले । सवै शून्य भए ज्ञान कसरी गर्ने । नष्ट हुदै गए त्यसको ज्ञानको आक्षेप बुद्धिमा गर्नु पर्‍यो । जसलाई योग भनिन्छ । गुरूले वताएको कुरा पनि स्वीकार गर्नु पर्‍यो । जसलाई आचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । योग आचार दुवैको मिश्रणवाट योगाचार भनिन थालियो। योगाचार मान्नेहरूको भनाइ– सारा पदार्थ सपनामा देखिए जस्तो मिथ्या हो खाली निरालम्वन विज्ञान मात्रको क्षणिक सत्ता छ । यो जगत मिथ्या बुद्धि या चित्तको विवर्त हो । वासनाले गर्दा बुद्धिनै अनेक आकारले भासमान भएको हो । वाह्य कुनै पदार्थको सत्ता छैन । सबै दुःखरूप हो भन्ने भावनाको दृढताले वासनाको उच्छेद भइहाल्छ । कुनै आकारको उदय नहुनु नै मोक्ष हो, निर्वाण हो भनि योगाचारका अनुयायीहरू भन्दछन् ।

सौत्रान्तिकः– अर्थात बुद्धको सूत्र सबै शून्य शून्य छ । पदार्थको अस्तित्व छैन तर बुद्धिमा त्यसको ज्ञान रहन्छ भन्ने योगाचार मत पनि सबै अंशमा ठिक होइन । वाहिरको पदार्थ पनि छ भनि स्वीकार गर्नै पर्छ । तर वाह्य पदार्थ प्रत्यक्ष सिद्ध होइन केवल अनुमानवाट सिद्ध अनुमेय हो । किनभने बुद्धिमा विभिन्न किसीमका पदार्थहरूको जो आकार प्रतीत भइरहन्छ त्यो यदि वाह्य विषयको अस्तित्व नै नभए कसरी बुद्धिमा प्रतिविम्वित हुनेछ । यसैकारण वाह्य पदार्थको अस्तित्व अनुमानवाट सिद्ध हुन्छ । यसरी सूत्रको रहस्य खोज गरी सिद्धान्त प्रतिपादन गरेकोले सौत्रान्तिक भनिन गए ।

वैभाषिक मत

वाह्यथ पदार्थलाई सत्य स्वीकार नगर्ने हो भने अनुपयुक्त ठहरिन्छ । किनभने व्याप्तिज्ञान नभइकन अनुमान हुन सक्तैन व्याप्ति ज्ञानमा प्रत्यक्ष दृष्ट पदार्थको अपेक्षा रहन्छ । वाह्य पदार्थ-लाई प्रत्यक्ष सत्य मान्ने मतानुयायीहरू वैभाषिक नामले प्रसिद्ध भए ।

उपर्युक्त चारै मतलाई संक्षेपमा प्रकाश गर्न श्लोक निम्न लिखित छ ।

मुख्यो माध्यामिको विवर्तमखिलं शून्यस्यमेने जगत् ।
योगाचार मते तु सन्तिमतयः स्तासां विर्वतो ऽखिलः ।
अर्थोऽस्ति क्षणिक स्त्वसावनुमितो वुद्ध्येति सौत्रान्तिकः
प्रत्यक्षं क्षणभङ्गुरं च सकलं वैभाषिको भाषते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्ध मतावलम्वीहरू २ भागमा विभक्त छन् (१) हीन-यानी अर्का (२) महायानी, हीन यानी कट्टरपन्थी हुन्। बुद्धको भनाईलाई हुवहु अनुसरण गर्न खोज्नेहरू हीनयानी हुन्। यिनीहरू सिहेल, वर्मा, थाइलैण्ड जावा आदिमा र नेपालमा वहुतै कम छन्।

महायान सम्प्रदायका वौद्धहरू बुद्धलाई अवतारको रूपमा पूज्दछन्। यिनका ग्रन्थहरू संस्कृतमा निवद्ध छन्। महायान सम्प्रदाय नै पछि तन्त्र मन्त्रको योगले तन्त्रयान वज्रयान सहजयान आदिको रूपमा विकसित भएको हो र नेपालमा यो पाइन्छ।

आर्य सत्य

आर्यसत्य हुन् दु:ख, दु:खको कारण, दु:ख हटाउन सकिन्छ। दुख हटाउने उपायहरू छन्। दु:ख आयतन समदय मार्ग यी ४ को ठीकठीक ज्ञानबाट मोक्ष हुन्छ भन्ने वौद्ध मत छ। रूप, विज्ञान, वेदना, संज्ञा, संस्कार यी ५ स्कन्ध भनिन्छन्। आ-आफ्ना विषय युक्त ज्ञानेन्द्रियको नाम रूप स्कन्ध हो। अहं - अहं (म म) पो यो (इदं इदं) भन्ने वाह्य पदार्थको पवृत्ति विज्ञान धाराको नाम हो विज्ञान स्कन्ध। यी रूप र विज्ञान स्कन्धको सम्वन्धबाट उत्पन्न हुने सुख र दु:खको प्राकृत प्रवाहको नाम हो वेदनास्कन्ध। शब्दको उच्चारण गरेर त्यस शद्वले बुझाउने गाई, घोडा आदि बुझाउने विज्ञानलाई संज्ञास्कन्ध भनिन्छ। मान, अपमान, मद' मोह, राग द्वेष, धर्म' अधर्म, आदिको नाम संस्कार स्कन्ध हो। यी उपर्युक्त पञ्चस्कन्धको नाम हो दु:ख। विज्ञान स्कन्धलाई नै बौद्धहरूले आत्मा चित्त मान्दछन् र यिनीहरूको मतमा छुद्धनित्य, चैतन्य, शुद्ध आनन्द स्वरुप आत्माको अलग्गै अस्तित्व नहुदा आत्माको आस्तित्व स्वीकार गर्दैनन्।

आयतन (दु:खका कारण)

पाँच ज्ञानेद्रिय र यिनका विषय अर्थात् रूप रस गन्ध शब्द स्पर्श र मन बुध्दि यी १२ वाह्ल दु:खायतनहरू हुन्। जाति—जन्मनु र मर्नु यसको कारण हो। अव पुनार्जन्म गराउने कर्म। उपादान—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसक्ति तृष्णा, वेदना, (इन्द्रियजन्य अनभूति) स्पर्श (विषय र इन्द्रियको सम्पर्क) षडायतन-मन सहित ५ पाँच ज्ञानेन्द्रियको समूह, नामरूप दृश्यमान प्रपञ्च, विज्ञान चित्तधारी या चैतन्य, संस्कार पूर्व जन्मको कर्म र त्यसको अनुभववाट उत्पन्न वासना, अविद्या अज्ञान दुःखको मूल कारण

समुदयः– दुःखको कारणले हृदयमा जो राग द्वेषको उदय हुन्छ त्यसैको नाम हो समुदय ।

दुःखबाट छुटकारा पाउन अष्टाङ्गिक मार्गको अनुसरण गर्नु पर्दछ । अष्टाङ्गिक मार्ग निम्न छन् ।

(१) सम्यक ज्ञान, सम्यक संकल्प, सम्यक वचन, सम्यक्, प्रयास, सम्पक आजिविका सम्पक् कर्म, सम्यक् स्मृति, सम्यक् संमाधी–यी हुन् दुःखवाट छुट्कारा गराउने मार्ग ।

अहिंसा, अस्तेय, सत्यवाणी, ब्रह्मचर्य, मादक पदार्थको त्याग यी बौद्धमतको कर्तव्य रूपले मानिएका पञ्चशील हुन् ।

वौद्धहरू प्रत्यक्ष र अनुभव दुई प्रमाण मात्र मान्दछन् ।

रागद्धेषादि विज्ञानधाराको वासना छिन्न भिन्न हुनु नै मोक्ष हो भनेंर सबै बौद्धमतातुयायीहरूले मानेंका छन् ।

जैन दर्शन

यस दर्शनलाई आर्हत् दर्शन पनि भनिन्छ । यस दर्शनको मत अर्हतद्वारा प्रचार भएकोले रह्न गएको हो । यस मतका प्रथम प्रचारक तीर्थङ्कर ऋषभदेव थिए । अन्तिम तीर्थङ्कर वर्धमान (इ. पू. ५९९) मा जन्मनु भएको थियो । वहाँले १३ वर्षसम्मको कठोर तपस्याबाट जो ज्ञान प्राप्त गर्नुभयो त्यसैको कारणले महावीर जिन कहलाउनु भयो । त्यसपछि यो ज्ञान जैन मतको रूपमा प्रसिद्ध हुन पुग्यो ।

संसारी र मुक्तको भेदले जीव दुई प्रकारको हुन्छ । जीव र अजीवको भेदले तत्व पनि दुई किसिमका छन् ।

जैन मतावलम्वीहरू जीव, अजीव आस्रव, संवर, निन्त्रर, वन्ध, मोक्ष, यी सात पदार्थ मान्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जैनहरु प्रत्यक्ष र परोक्ष दुई प्रमाण मान्दछन् । यिनीहरू "स्यादवाद" (कुनै अपेक्षा होला) यो विशेषण जोडी कुनै पदार्थ-का विवेचना गर्दछन् । यसरी पदार्थको सत्ता सापेक्ष रूपमा स्वीकार गरेको हुनाले सप्तभङ्गी न्याय अनेकान्तवाद प्रसिद्ध छ ।

जैनीहरूको मतमा सृष्टि स्वयं सिद्ध छ । सृष्टिकर्ता कुनै ईश्वर छैन नत फलदातानै ईश्वर छ । जीव अनन्तगुण विशिष्ट भएतापनि कुकर्मको कारणले आफ्नो स्वरूप आवृत छ । साराकर्म-को नाश भए जीव मृत हुन्छ । "कृष्ण कर्मक्षयो मोक्षः"

रत्नत्रय (३ साधन)

सम्यक् दर्शन– तत्वज्ञानमा उत्पन्न श्रद्धा हुनु । सम्यक ज्ञान– शास्त्रको मूलभूत सिद्धान्तको गम्भीर अध्ययन, सम्यकचरित्रद्वारा ज्ञान प्रकाशित हुन्छ नराम्रो कामको उठानै नगरी मनले नचिता-उनु सम्यक चरित्र हो । यीनै तीन साधनद्वारा राग र द्वेषको विनाशबाट साराकर्म क्षीण हुन्छ र असंग रूपले जीव अनन्त ज्ञान, अनन्त वीर्य, आनन्त दर्शन, अनन्तसुखमा स्थित हुन्छ . यही नै जैनको दर्शन हो ।

वेद र ईश्वरको सत्तालाई नमान्ने हुँदाँ यी चार्वाक, वौद्ध र जैनको मतलाई नास्तिक मत भनिएको हो ।

शाङ्कर मतमा जगत्:–

शङ्कराचार्यले ब्रह्मसत्य हो र जगत् कल्पित मिथ्या हो भनि भन्नु भएको छ । ब्रह्ममा आरोपित जगत् वास्तवमा अधिष्ठान ब्रह्मभन्दा अर्को हुदैन । डोरीमा आरोपित सर्प वास्तवमा नाम मात्र हो । यो जगत् कसरी भयो भन्ने जिज्ञासा हुँदा वेदमा यसलाई यसरी भनेको छ "इन्द्रो मायाभिः पुरूरूप ईयते" ब्रह्म नै शक्तिले गर्दा अनेक रूपमा भासित हुन्छ ।

"सो ऽ कामयत बहुस्यां प्रजायेय तैतीरीयो" पनिषद्; त्यो परमात्माले कामना गऱ्यो कि म धेरै होऊँ र यसै ब्रह्मबाट आकाश, आकाशबाट तेज, तेजबाट वायु, वायुबाट जल, जलबाट पृथ्वी, यी पञ्च महाभूतको उत्पति र यसै पञ्चममहाभूतबाट जीवनको सृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । जगत कुनै अचेतन परमाणुहरूको संघात् (समूह) को परिणाम होइन नत स्वतन्त्र चेतन अचेतन दुईको संमिश्रणको परिणामनै हो । किन्तु "सर्वं खलु इद ब्रह्म, तज्जलानिति छान्दोग्यो पनिषद– ३–१४–१ एउटै ब्रह्म परमात्माकै विवर्त यो जगत हो ।
मोक्षः– ब्रह्ममा लीन हुनु नै मोक्ष हो । आत्मबोध बिना मोक्ष सम्भव छैन । एकमात्र साधन हो । आत्मबोध कुनै वस्तुलाई पकाउन आगोको ज्ञान आवश्यक छ त्यस्तै मोक्षका लागि पनि ज्ञान आवश्यक छ । कर्मद्वारा अविद्या हट्तैन । अन्धकार नाश गर्न प्रकाश-को आवश्यकता पर्दछ । अज्ञानले गर्दा आत्मा परिछिन्न टुक्रिएको जस्तो देखिएतापनि अज्ञान नाश हुँदा साथ आत्मा स्वयं प्रकाशित हुन्छ । निर्मल शान्त जलमा सूर्यको प्रतिविम्ब स्पष्ट देखिएझैं अज्ञानको कार्य भएको जीव ज्ञानाभ्यासद्वारा नष्ट भएपछि आत्मा स्वयं प्रकाशित हुन्छ । सर्व व्यापक आत्मा भएतापनि सर्वत्र प्रकाशित भएको देखिदैन जस्तो सूर्यको प्रकाश सबैतिर छरिएतापनि धमिलो जलमा त्यो प्रतिविम्बित देखिदैन । यो आत्मा राजा झैं साक्षी स्वरूप शरीरमा इन्द्रियहरूको कर्ममा तटस्थरूपले हेरिरहन्छ । हावाले गर्दा वादल हिडेमा चन्द्रमा हिडेको भान हुन्छ त्यस्तै अवि-वेकीहरूले आत्माको आरोप इन्द्रियादिमा गर्दछन् । सूर्यको प्रकाशमा मानिसहरूले आ-आपनो काम गरे जस्तै आत्माले प्रकाश पाएर नै इन्द्रिय देहादिले आपनो-आपनो काम गरेको हो । वालकले अज्ञान-वश हल्लिएको पानीमा प्रतिबिम्बित चन्द्रमालाई हल्लिएको देखे झैं मन कर्तृत्व भोक्तृत्व आदि उपाधीहरूलाई आत्माको आरोप गर्दछन् । जस्तै सूर्यको धर्म प्रकाश, आगोको पोल्ने धर्म स्वरूप भए झैं आत्माको धर्म सच्चिदानन्द, निर्मल नित्य हो । बुद्धि वृत्तिमा अज्ञानको साभास अहंकार हुन्छ र म जान्दछु आदि झूठो व्यबहार गर्दछ । आत्मामा कुनै विकार छैन जड बुद्धिमा चैतन्य छैन किन्तु फलाम आगोमा पर्दा अग्नि स्वरूप देखिए झैं डोरीमा सर्प देखे झैं जीवले आफूलाई अज्ञानद्वारा आत्मस्वरूप विर्सेर जड भएमा सुख दुःखादि वस्तुको ठान्दछ । घट पट आदि जड वस्तु स्वयं प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैनन् । जस्तै बुद्धि आदिलाई प्रकाशित गर्ने आत्मा हो । घट पटले वत्तीलाई प्रकाशित गर्दैन । आत्मा स्वय प्रकाश स्वरूप, चैतन्यरूप आनन्द स्वरूप भएकोले एउटा वत्तीलाई प्रकाशित गर्न अर्को बत्ती चाहिँदैन । त्यसो भए ज्ञान स्वरूप आत्माको ज्ञान कसरी गर्ने भन्दा श्री शङ्कराचार्य लेख्नु हुन्छ ।

निषिध्य सकलोपाधीन्नेति नेतीतिवाक्यतः ।
विन्द्या दैक्य महावाक्ये जीवात्म परमात्मनोः ।।

"नेति नेति" यो वेद वाक्य प्रमाणद्वारा अर्थात् कार्य पनि छैन कारण पनि छैन भन्ने निश्चय गर्नु पर्छ र तत्वमसि यस महा-वाक्यको तत् पदले बताएको ईश्वरको सर्वज्ञत्वादि उपाधिलाई र त्वं पदले वताएको जीवको अल्पज्ञत्व उपाधीलाई र यी अनात्म हुन् भन्ने वाध गर्नुपर्छ अर्थात् हटाइदिनु पर्छ अनि 'अहं ब्रह्मास्मि' ,अयमात्मा 'ब्रह्म लक्षणद्वारा ब्रह्म र आत्मा एकै हो भन्ने यस्तो वोध भएपछि मात्र मोक्ष हुन जान्छ । डोरीमा प्रतिभासित सर्प नहटेसम्म सर्प जन्य कम्प भयादि भईनै रहन्छ । अतः यसैको वोधका लागि अद्वैत दर्शन खडा भयो र सम्पूर्ण भारत भरी यस दर्शनको प्रकाश छरिएर व्याप्त भयो । पुराण मीमांसा आदि सम्पूर्ण विधि निषेध यसै ज्ञानका लागि हुन् । मनुष्यका ४ पुरुषार्थ मध्ये अन्तिम महान लक्ष्य यसै ज्ञान प्राप्तिका लागि हो भन्ने पूर्वीय दर्शन घोषणा गर्दछ अस्तु ।

आत्माको परिचयः–

स्थूल सूक्ष्म र कारण शरीरदेखि भिन्न पञ्चकोष (अन्नमय, प्राणमय मनोमय विज्ञानमय र आनन्दमय) अवस्था त्रयं, जाग्रत् स्वप्न, सुषुप्तिदेखि पर साक्षी स्वरूप तथा सच्चिदानन्द स्वरूप जो छ त्यही आत्मा हो । त्यही आत्मा उपाधिहरूको ढकनीले गर्दा जीवात्मा ईश्वरात्मा परमात्मा आदिको रूपले भान भएको हो ।

आत्माः–

यच्चाप्नोति यदादत्ते यच्चात्ति विषयानिह ।
यच्चास्य सन्ततो भाव स्तदात्मेति कीर्त्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा त्यो तत्व हो जसले सबलाई ग्रहण गरेको छ। जसले सारा कल्पित विषयहरूलाई (अत्ति) खान्छ। जो निरन्तर अटूट रूपले रहन्छ। उपनिषदहरूले आत्माको परिचय यसरी दिएका छन्।

य आत्माऽपहतपाप्मा विजरो विमृत्यु र्विशोको
विजिघत्सोऽपिपासः सत्यकामः सत्य सङ्कल्पः सोऽ
न्वेष्टव्यः स विजिज्ञासितव्यः। छान्दोग्य ८।७।१

जो आत्मा हो त्यो पापरहित, बुढ्याई रहित, मृत्युहीन, शोक शून्य क्षुधा, प्यास रहित सत्य कामना र सत्य सङ्कल्प भएको छ त्यस्तो आत्मा शास्त्र र गुरूद्वारा जान्न योग्य छ।

आत्मा नै सगुण रूप हुँदा जीवात्मा र निर्गुण रूपमा साक्षी आत्मा भनिएकोले मुण्डकोपनिषद्मा शङ्कराचार्य स्पष्ट गर्नु हुन्छः- सुख दुःखादिको भोगगर्ने जीवात्मा हो र साक्षी स्वरूप सत्ता मात्रले फलभोग नगरेर केवल द्रष्टा मात्र भएको हो केवल प्रेरकत्व र प्रकाशक अवभासक मात्र हो।

जीव र ईश्वरः–

अविद्या र मायारूप उपाधीलेगर्दा एक चिन्मात्र क्रमशः जीव र ईश्वर भनिएका छन्। श्री शङ्कराचार्य स्वात्मप्रकाशिका-मा स्पष्ट पार्दै लेख्नु हुन्छः–

अधिष्ठानं चिदाभासो बुद्धिरेतत्त्रयं यदा
अज्ञानाद् एकवत् भाति जीव इत्युच्यते तदा।

ब्रह्म चैतन्य (अधिष्ठान) अविद्यावाट उत्पन्न बुद्धि आदि बुद्धि प्रतिविम्वित चैतन्य यी तीन अज्ञानले गर्दा जीव भन्ने व्यवहार भएको हो। जीव भावमा रहुन्जेल आवागमन चलिनै रहन्छ। यसबाट छुटकारा पाउन भेद भावको विनाश आवश्यक हुन्छ।

चैतन्यस्यैक रूपत्वाद् भेदोयुक्तो न कर्हिचित्
जीवत्वञ्चमृषा ज्ञेय रज्जौ सर्पग्रहो यथा

चैतन्य एकै रूप भएको हुँदा कहिले पनि भेद युक्त छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डोरीमा सर्पको भ्रान्ति भएझैं चैतन्यमा जीव भन्ने व्यवहार झूठा हो।

डोरीमा सर्पको जवसम्म अध्यास रहन्छ तवसम्म सर्पवाट हुने डर त्रास भईनैरहन्छ। यो सर्प कल्पित हो, यो न पहिले थियो न पछि नै रहन्छ। त्यो त डोरीको यथार्थ ज्ञान नहुँदा सम्म कल्पित रूप रहिरहेको हो। यही आभास छुट्नासाथ यथार्थ सत्यको ज्ञान हुन्छ। त्यस्तै जीवको व्यवहार पनि त्यस्तै हो, त्यो छुट्नासाथ ईश्वर बोध झलमल्ल हुन थाल्दछ। घटरूप उपाधिले गर्दा घटाकाश महाकाशको अंश झैं प्रतीत भए जस्तै बुद्धि रूप उपाधिले गर्दा जीवात्मा परमात्माको अंश झैं प्रतीत भएको हो।

साक्षी:–

जगदगुरू शङ्कराचार्यले देह, बुद्धि र चित्प्रतिविम्वर चिदाभासी) यी तिनैको प्रकाशकद्रव्य आत्मा नै साक्षी हो। देह वुद्धि र चित्प्रतिविम्व यी तिनैलाई छाडेर जो चिन्मात्र अखण्ड बोध स्वरूप नित्य, व्यापक सर्व प्रकाशक तत्व छ त्यही साक्षी हो।

वन्ध र मोक्ष:–

धर्म अर्थ, काम मोक्ष, यी चार पुरुषार्थ चतुष्टय मध्ये जीवको परम लक्ष्य मोक्ष हो। ब्रह्मविद् ब्रह्मैव भवति भनेझैं म सदा चैतन्य स्वरूप हो भन्ने आत्मबोधकालागि नै संसारका वस्तुहरू साधन हुन्। न च पुनरावर्तते। आत्मज्ञानी व्यक्ति संसारको चक्रमा पर्दैन जन्म मरणको चक्रमा पर्दैन। मनले विषय समाती रहदा बन्धन हुन्छ। मन निर्विषयक हुँदा मोक्ष हुन्छ। म याका गुणहरू देखि अजित हुनु नै मोक्ष कहिन्छ। शङ्कराचार्य भन्नुहुन्छ:–

अज्ञानले गर्दा वन्धनको भान हुन्छ। बन्धनको भान हटाउन ज्ञान नै चाहिन्छ, नत्र भने शरीरादिमा आत्म बुद्धि भई जन्म मरण जरा व्याधि आदि दु:खहरूको प्रवाह वहिरहने हुन्छ।*

नान्योऽस्ति पन्था भवबन्धमुक्तये
विना स्वतत्वागम मुमुक्षो: (विवेक चूडामणी)

---

* नान्य: पन्था विद्यतेऽयनाय–ऋग्वेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्म तत्वको ज्ञान विना मुक्तिको इच्छा राख्नेहरूको निम्ति भव बन्धनवाट मुक्त हुन अर्कोबाटो छैन । केवल आत्म साक्षात्कार एकमात्रबाटो हो ।

अनात्म पदार्थहरूको अपपाद गरेर शुद्ध नित्यानन्दैकरस, स्वयं प्रकाश, आफ्नै स्वरूपमा मात्रै भईरहनु मोक्ष हुनु हो ।

श्री आद्य शङ्कराचार्य र उहाँका कार्यको संक्षिप्त चर्चा:-

दक्षिण भारतको केरलको कालदी नाउको गाउँमा वि. सं. ८४५ तथा इ. सं ७८८ मा नम्बूदरी ब्राह्मणकुलमा पिता श्री गुरु माता आर्याम्बरका कोखबाट बैशाख शुल्क पूर्णिमाका दिन भगवान श्री शङ्कराचार्यले जन्म लिनु भयो । एक वर्षमै अक्षर ज्ञान तथा मातृभाषाज्ञान गरी ३ वर्षमा सबै काव्यादि अध्ययन गरिसक्नु भयो । श्रुतिधर श्री शङ्कराचार्यको पाँच वर्षमै उपनयन संस्कारबाट संस्कृत मै गुरु कुलमा साङ्गोपाङ्ग वेद वेदाङ्गको अध्ययन गर्नु भयो । सातौं वर्षमै सम्पूर्ण वेद वेदाङ्ग समाप्त गरि आठौं वर्षमा गृहस्थाश्रम जानुभई मातृ सेवामा तल्लीन हुनु भयो । तर उहांको मन सर्व कल्याणका लागि सन्यास ग्रहण गर्न गुरुको खोजिमा निस्कदा अद्वैत स्वरुप श्री गोविन्द पादाचार्य त्यस वखत समाधिमा हुनुहुन्थ्यो । शङ्कराचार्यको आगमनले समाधिवाट अवतरित मै तिमी को हौ भनी प्रश्न गर्दा चेतन स्वरूपको परिचय दिनु भया र शिष्य वनाउन योग्य ठानी ऋगवेदको महावाक्य "प्रज्ञानं ब्रह्म" यस्तै यजुर्वेदको महावाक्य "अहं ब्रह्मास्मि" सामवेदको महावाक्य तत्वमसि" अथर्ववेदको महावाक्य "अयमात्मा ब्रह्म" माण्डक्यो पनिपन् यी ४ महावाक्य श्रवण गराईदिनुभयो र शिष्य वनाउनु भयो । लगभग ३ तीन वर्षसम्म गुरुपाद समीप रहेर शास्त्रहरूको मात्र अध्ययन होइन योग आदिमा पनि प्रतिष्ठित हुनु भयो । जुन ज्ञान आज आर्यावर्त भरी फिजिएको छ त्यस ज्ञानका परम्परा यस श्लोकमा अभिव्यक्त छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायणं पद्मभवं वसिष्ठं
शक्तिं च तत्पुत्र पराशरंच
व्यासं चशुकं गौडपदं महान्तं
गोविन्द योगिन्द्र मथास्य शिष्यम् ।
श्री शङ्कराचार्य मथास्य पद्म
पादं च हस्तामलकं च शिष्यम्
तं त्रोटकं वार्तिककार मन्या
नस्मद् गुरून् सन्तत मानतो ऽ स्मि

नारायणबाट ब्रह्मबाट बशिष्ठबाट शक्तिबाट प्रराशर तिनबाट व्यास व्यासबाट शुकदेव शुकदेवबाट गौडपाद गोविन्द त्यसपछि शङ्कराचार्य र त्यसपछि पद्मपाद हस्तामलक त्रोटक आदिमा परम्पराबाट प्राप्त भएको विद्याज्ञान थियो ।

गुरूको आज्ञाले श्री शङ्कर काशीमा आउनु भयो र शङ्कर भगवानको दर्शन एवं आशीर्वाद प्राप्त गरी यही बसेर ब्रह्मसूत्रमा भाष्य लेख्नु भयो । उपनिषदहरूको व्याख्या श्रीमद् भगवत् गीताको व्याख्या र अनेकौं ग्रन्थको भाष्य लेख्नु भयो । वैदिक सिद्धान्तमा कतैबाट पनि मलिनता नआओस भनी सर्वत्र समुचित व्याख्या गर्नु भएको छ । आफूले लेखेको भाष्य व्याख्या आदि आफ्ना शिष्य-हरूलाई पढाउँदै काशीमा साक्षत् नारायण स्वरूप व्यासको दर्शन एवं आशीर्वाद प्राप्त गरी अद्वैत वेदान्तको प्रचार गर्न आरम्भ गर्नु भयो । काशीबाट शिष्यगण सहित प्रयाग आई कुमारील भट्टसंग भेट भयो गुरू द्रोहको प्रायश्चितको निमित्त भुसको आगोमा जल्न लागेका वेद मार्गका संरक्षक कुमारील भट्टद्वारा शङ्कर भाष्यको वार्तिक लेख्न प्रेरणा दिनु भयो । त्यहाँबाट मन्डन मिश्रलाई परास्त गरी आफ्नो बाटो ज्ञान मार्गमा प्रवृत गराउन महिष्मती नगरीमा पुग्नु भई शङ्कराचार्यले मण्डन मिश्रसंग शास्त्रार्थ गर्न खोज्नु भयो । कर्म काण्डका धुरन्धर विद्वान की पत्नी साक्षात् सरस्वती रूपमा भारतीले अध्यक्षता ग्रहण गरी कर्मकाण्डमा बताएका वैदिक अनुष्ठानबाट मोक्ष हुन्छ भन्ने पक्षबाट मण्डन मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् सुरेश्वराचार्यले र विपक्षबाट श्री शङ्कराचार्यले शास्त्रार्थ गर्दा अन्तमा सुरेश्वराचार्य हारीसक्ता पनि उनकी पत्नीले अर्धाङ्गिनीको रूपमा शास्त्रार्थ गर्न खोज्दा काम शास्त्रद्वारा परास्त गर्न खोजेकोले शङ्कराचार्यले १ एक महीनाको अवधि मागी एक मृत राजाको शरीरमा प्रवेश गरी विविध ज्ञान गरी पुनः शास्त्रार्थ गरी हराएर मण्डन मिश्रलाई आपनो शिष्य बनाउनु भयो र वेदान्तको शिक्षा दिनु भयो । यिनले गुरू शङ्कराचार्यको वृहदारण्यक उपनिषद उपर वार्तिक लेखी नैष्कर्म सिद्धि नामक ग्रन्थ पनि लेख्नु भयो । शङ्कराचार्य त्यसपछि शिष्य गणसहित दक्षिण भारत तर्फ लाग्नु भयो । कापालिकहरूलाई परास्त गर्दै प्रभाकरलाई आफ्नो शिष्य बनाउनु भयो । श्री शङ्कराचार्यले गिरी नामक शिष्यलाई चौधै विद्या प्रकाशित गरिदिनु भयो र उनले तोटक छन्दमा स्तुति गरेकोले उनलाई तोटकाचार्य नाम दिनुभयो । श्री शङ्कराचार्यका शिष्यहरूमध्ये पद्मपादाचार्य, सुरेश्वराचार्य हस्तामलकाचार्य र तोटकाचार्य यी ४ शिष्य प्रमुख थिए । आमाको मृत्यु भएपछि दाहसंस्कारका लागि पूर्व प्रतिज्ञा बमोजिम शङ्कराचार्य आफ्नो जन्मभूमिमा गई आमाको और्ध्वदेहिक क्रिया सम्पादन गर्नु भएको थियो । यसरी शङ्कराचार्यले सम्पूर्ण भारतको भ्रमण गरी, शाक्य, वैष्णव, कापालिक विभिन्न सम्प्रदायका अनिश्वरवाद एवं तान्त्रिक वामाचारहरूको मतलाई खण्डन गरी अद्वैत सिद्धान्तको प्रचार गर्नुभयो । शङ्कराचार्यले भारतवर्षको ४ चारै दिशामा ४ चार मठको स्थापना गरी वैदिक परम्परा र ज्ञानको धारा प्रवाहित भइरहने व्यवस्था मिलाउनु भयो । यी ४ चार पीठ जगन्नाथ पुरीमा ऋग्वेदाध्यायी, श्रृङ्गेरीमठ रामेश्वरमा यजुर्वेदाध्यायी, द्वारका शारदामठमा सामवेदाध्यायी, वदरीकाश्रमप्रद ज्योतिर्मठमा, अथर्ववेदाध्यायी, पाँचौपीठ उत्तराम्नायको रूपमा काञ्चीमा स्थापना गर्नु भयो ।

शङ्कराचार्यले कैलाशवाट ५ पाँचवटा शिवलिङ्ग ल्याई केदार, नेपाल, श्रृङ्गेरी चिदम्वरम् र काञ्चीमा स्थापना गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो। नेपालमा त्यस समय बौद्ध धर्मको प्रचार भएको हुनाले श्री पशुपति नाथको पूजामा शैथिल्य आएको हुँदा त्यसलाई हटाउन आद्य शंकराचार्य नेपाल आउनु भएको कुरा बलदेव उपाध्याय लेख्छन्। ज्ञानमणि नेपालमा आपनो पुस्तकमा आद्य शङ्कराचार्य नै आउनु भएको भन्ने बारे शङ्का उठाउनु भएको छ। पशुपतिको पूजा पद्धति दक्षिण भारतका नम्बूदरी ब्राह्मणको व्यवस्था, शङ्कराचार्यको मठ का यन्त्रको पूजा' नेपालमा शङ्कराचार्य प्रतिको श्रद्धा आदिले शङ्कराचार्यको आगमनलाई भने पुष्टि गर्दछ। आद्य शङ्कराचार्यले बैदिक सनातन धर्मको स्थापना गर्नुका साथै वहाँ कर्मभक्ति र ज्ञानको त्रिमूर्ति हुनुहुन्थ्यो। शङ्कराचार्यको भाष्य प्रस्थानत्रयी अर्थात ब्रह्मसूत्र, गीता र उपनिषद विशेष छन्। शङ्कराचार्यको प्रतिभा कर्मठता र लगनशीलताको फलस्वरूप आजसम्म बेदको रक्षा र सनातन धर्मको प्रतिष्ठा भएको छ। १२ बाह्र उपनिषदमा शङ्कराचार्यको भाष्यछ। त्यसै गरी शङ्कराचार्यले वदान्त तत्व प्रकाशित गर्ने सानातिना ३९ वटा ग्रन्थ जसलाई प्रकरण ग्रन्थ भनिन्छ लेख्नु भएको छ। भक्तिपरकस्तोत्रर वेदान्तपरक कस्तोग गरी ४० चालिस वटा स्तोत्र उल्लेख्य छन्। शङ्कराचार्यकृत सौन्दर्य लहरी अति प्रसिद्ध छ।

—गोपाल निधि तिवारी कृत
शङ्कराचार्यको जीवनीबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा व्रत पर्व र तिहार

व्रत के हो ?

व्रत पर्व र तिहारको आरम्भ गर्ने आर्यहरू निकै दूरदर्शी र जगतकल्याणकालागि कृतसंकल्प परम विद्वान् व्यक्ति थिए। उनीहरूले व्रतबाट प्राणीमात्रको विशेषतः मनुष्यको ठूलो उपकार हुन्छ भन्ने कुरा जानेर विज्ञानका अनेक तत्व समाविष्ट गरिदिएका छन्। अशिक्षित, शास्त्रको मर्म नजान्नेहरूले पनि व्रत उपवास गर्नाले उदरशूल शिरोरुक् अग्निमान्द्य कुष्ठ, जलोदर आदि रोग निको हुनुका साथै परत्र पनि सुध्रन्छ भन्ने कुरा जानेका थिए। यसै कारणले आजसम्म व्रत पर्व उपवास आदि चाडपर्व मनाईदै आएको पाइन्छ। हिन्दूहरूमा चाड पर्वको व्यापक प्रचार छ र नर नारी दुबैले मनाउँछन्। व्रतकै प्रभावले मनुष्यको आत्मा शुद्ध हुन्छ, संकल्प शक्ति बढ्दछ। व्रतकै प्रभावले मनुष्यको विचार चतुर्याई र ज्ञानतन्तु विकसित हुन्छन्। अन्तस्तलका सच्चिदानन्द परमात्माकाप्रति भक्ति, श्रद्धा र तल्लीनताको सञ्चार हुन थाल्दछ, व्यापार कौशल शास्त्रनुसन्धान र व्यवहार दक्षता बढ्दछ।

श्री दत्तको मतमा कुनै अभिष्ट कर्ममा प्रवृत्त हुने संकल्प लाई व्रत भनिन्छ। यसका अतिरिक्त अरू आचार्यहरूले व्रतको परिभाषा यसरी गरेका छन् ''पुण्यतिथिमा कर्मानुष्ठानद्वारा उपवास वसी पुण्य सञ्चय गर्ने संकल्पलाई व्रत भनिन्छ। लोक व्यवहारमा व्रत र उपवास दुई छन्। व्रतमा भोजन गर्न सकिन्छ, तर उपवासमा भने भोजन वर्जित छ। व्रत कायिक मानसिक र वाचिक गरी तीन प्रकारका छन्। शस्त्राघात, मर्माघात र व्यभिचार आदि कर्मबाट पर रहनु कायिक व्रत कहिन्छ। सत्यबोल्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिमित, हित र मधुर भाषण गर्नु, कटुवाणी, पिशुनता तथा निन्दा त्याग गर्नु वाचिक व्रत कहिन्छ। प्राणीमात्रका प्रति द्वेष नगर्नु र मनलाई शान्त राख्नु दृढरहनु मानसिक व्रत कहिन्छ।

व्रतको भेदः-

नित्य नैमित्तिक र काम्यका भेदले व्रत तीन प्रकारका छन्। एकादशी आदि पुण्य सञ्चयका लागि गरिने व्रत नित्य कहिन्छ। सुख सौभाग्यादिका लागि कुनै कामना वा भाकल गरी गरीने वा सावित्री आदिको व्रत काम्य कहिन्छ। पापक्षयका निमित्त गरिने चान्द्रायणादि व्रत नैमित्तिक व्रत कहिन्छ।

व्रतको विधिः-

जुनसुकै कर्म गर्दा शुभदिन घडी नक्षत्र तिथिवार काल आदि जुराउने नियमहरू हुन्छन्, त्यसको लागि ज्योतिष शास्त्रले निर्णय दिएको हुन्छ। सवत्सर, अयन ऋतु मास अधिकमास, संक्राति पक्ष दिन तिथि मुहूर्त आदि सबै विचार गरी उपवास व्रत आदिको निर्णय दिइन्छ। सूर्य र चन्द्रमाको गतिबाट महिना आदिको गणना हुँदा सौर र चान्द्र दुई किसिमका हुन्छन्। पक्ष शुक्ल र कृष्ण दुई हुन्छन्। सूर्योदयदेखि सूर्य उदय नहुँदासम्म दिन कहिन्छ। दिन र रात्री गरी दुइ भाग गरिन्छ, त्यसमा पनि दिनलाई ३ तीन भागमा बाँडिन्छ। पूर्वाह्नमा देवताको, मध्यान्हमा मनुष्यको र अपरान्ह पितृहरूको कार्य गर्नु भन्ने प्रचलन छ।

पूर्वान्हो दैविकः कालो मध्याह्न श्चापि मानुषः।
अपराह्न पितृणां तु सायाह्नो राक्षसः स्मृतः॥
अस्तगे च गुरौ शुक्रे वाले वृद्धे मलिम्लुचे।
उद्यापनं मुपारम्भं व्रतानां नैव कारयेत्॥

शुक्र वा बृहस्पतिको अस्तमा व्रतको उद्यापन र आरम्भ गर्न गराउन वर्जित छ। जुनसुकै व्रत गर्दा पनि व्रतको दिन भन्दा पूर्व दिनमा नङ, केश आदि काटी एकभक्त रही सात्त्विक भोजन गर्नु भने छ। व्रत गर्नेले आफ्नो कुल धर्म शास्त्रनुसार गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलुब्ध सत्यवादी च सर्वभूतहिते रत:
पत्नी पत्युरनुज्ञाता व्रतादिष्वाधिकारिणी ।।

पतिको आज्ञानुसार पत्नीले गर्नु भन्ने धर्मशास्त्रको वचन भएको हुँदा पत्नीका लागि पतिकै आज्ञापालन गर्नु भन्ने शास्त्रको मर्यादा छ । क्षमा, सत्य दया दान शौच, इन्द्रिय निग्रह देवपूज', अग्निष्टोम र सन्तोषको आचरण इत्यादि गर्नु रहेको छ । जल,फल, मूल दूध, दही हवि औषधि र गुरु वचन, होम गरेर बचेको खीर भिक्षान्न जौ को सातु साग काँक्रो गाईको दूध घिउ मूला सुन्तला अनार केरा आदि फलफूल खान योग्य छन् । व्रतमा पुरुषले पवित्र सेतो वस्त्र र नारीले रातो वस्त्र र सेतोपुष्प धारण गर्नु । व्रतगर्नेले आचमन नगरी क्रिया गर्छ भने त्यो व्रत व्यर्थ हुन्छ । जल प्राप्त नभएमा दाहिने कानको स्पर्श गर्नाले दोष निवारण हुन्छ । अधोवायु निस्कदा, रूँदा, क्रोधगर्दा मूसाले छुँदा अट्टहासगर्दा झूठ बोल्दा जलस्पर्श गर्नू । उपवास र श्राद्धमा दन्त धावन नगर्नू । आवश्यक भएमा बाह्र पटक कुल्ला गर्नू । अथवा आँपका पात, तीतेपाती वा नीम आदिको पातले दाँत माजोस् । धेरै दिन लगाई गरिने यज्ञको संकल्प गरिसकेको छ भने जन्म मरणको सूतक लाग्दैन । काम्य व्रतमा जन्म मरणको सूतक पर्न आएमा दान र पूजन बाहेक अरू गर्नू । ठूलो व्रतका प्रारम्भ गर्दा स्त्री रजस्वला भई दिएमा त्यसबाट व्रत रोकिदैन । आशौच परेमा सपिण्ड सकुल र सगोत्रको विचार गर्नु पर्दछ । तीन पुस्तासम्म सपिण्ड, १० दश पुस्तासम्म सकुल र यस भन्दा माथि सगोत्र भनिन्छ । सपिण्डमा १० दशदिन सकुलमा ३ तीन दिन र सगोत्रमा १ एकदिन अथवा स्नान गर्दासम्म सूतक रहन्छ । ठूला व्रतमा यसबाट बाधा पर्दैन । व्रतमा विशेषगरी श्राद्धमा अरूको अन्नखानाले पुण्य हुदैन जसको अन्न खाइन्छ उसैलाई पुण्य हुन्छ । आफू असत्य र आपत्मा परेकोछ भने पनि पति, पत्नी, जेष्ठपुत्र पुरोहित भाई मित्रलाई अथवा ब्राह्मणलाई प्रतिनिधि बनाई देवकार्य वा पितृकार्य गरोस् । दान, होम, देवार्चन भोजन स्वाध्याय र श्राद्ध गर्दा घुँडा टेकेर कुर्कुचाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरमा बसेर गर्नू र गोडा पसारेर नगर्नू । कन्यादान शय्यादान, गृहदान गाईदान यी चारचीज दान गर्दा एक जनालाई मात्र गर्नू छोटो वा लामो सबैप्रकारको व्रतमा पारणाद्वारा पूर्ति र उद्यापनले समाप्ति हुने जान्नू । यी भए व्रतका केही समान्य नियमहरू ।

व्रतको उदाहरण:– रामनवमी व्रत:– यो व्रत चैत्र शुक्ल नवमीका दिन गरिन्छ । यसमा मध्यान्ह व्यापिनी शुद्धातिथि लिइन्छ । यो व्रत नित्य नैमित्तिक र काम्य तीनै किसिमको हुन सक्छ । पहिलो दिन यर्थात् व्रतको अघिल्लो दिन स्नानादि नित्य कर्म गरी हविष्यखाई बस्तुपर्छ र अर्को दिन नदी गंगा आदिमा स्नान नित्यकृत्य गरी संकल्प गरोस् । राम मन्दिर गई वा घरमा ध्वजा पताकाले सजाई सर्वतोभद्र बनाई वेदीमा सीता राम लक्ष्मण भरत शत्रुघ्न र हनुमानको पूजा गरोस् । नेपालमा यो व्रतलिनेहरू पुण्यतीर्थमा स्नानगरी राम मन्दिरमा वा अन्य देव मन्दिरमा गई देव दर्शन गर्दछन् उपवास बसी वा फलाहार गरी मनाउँदछन् ।

राम–भारतभूमि अयोध्यामा जन्मेतापनि विश्वामित्रका साथ मिथिलामा आई धनुष भंग गरी जनकपुत्री जानकीका साथ विवाह गर्नु भयो । यसरी नेपाल र भारत अन्योन्य सांस्कृतिक सम्बन्धमा आवद्ध छन् राम नवमीमा र विवाह पञ्चमीमा जनक-पुरमा ठूलो मेला लाग्दछ । टाढा-टाढाबाट भक्त एवं श्रद्धालु जनहरूको ओइरो लाग्दछ । यहाँ आई राम जानकीको दर्शन भजन पूजन कीर्तन व्रत गरी आफूलाई कृतार्थ एवं धन्य सम्झन्छन् । नेपाल हिन्दू राष्ट्र भएकोले श्री ५ को सरकारले सबै जनताले राम नवमीको पुनीत पर्वमा व्रत उपवास गरून् भनी सार्वजनिक विदा दिएको छ । यस दिन ठाउँ ठाउँमा झाँकी भजन कीर्तन र प्रवचनको आयोजना गरी मनाइन्छ ।

कृष्ण जन्माष्टमी:- यो चाड भदौको कृष्ण पक्षको अष्टमीका दिन मनाइन्छ । यसमा सिंहराशीको सूर्य, रोहिणी नक्षत्र र अर्धरात्री ग्राह्य छ । धर्मात्मा, भक्त र श्रद्धालुजन गण्डकी बागमती आदि तीर्थ स्थलमा वा नदी खोलामा गई स्नान नित्यकार्य गरी उपवास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तछन् । काठमाडौं पाटनमा विहानैदेखि श्रद्धालु भक्तजनहरू कृष्ण मन्दिरमा पूजन आदि गर्न प्रसन्नता उत्साहकासाथ लामलागि पूजा दर्शन प्रणाम गर्दछन । नृत्य मण्डली भजन मण्डली आदिको रमाइला झाँकीहरू नाचगानहरू देख्न पाइन्छन् । नारायणहिटी मन्दिरबाट सजाइएको रथमा कृष्णको पट राखी मनोरम झाँकी नि ाली बाजा गाजाका साथ नगर परिक्रमा गरी टुंडीखेलला गई प्रवचनद्वार समाप्त गरिने प्रथा छ । यस दिन ठाउँ ठाउँमा प्रवचनको कार्यक्रम र कृष्णको लीलाका फोटोहरूको प्रदर्शन गरिन्छ । यो दिन श्री ५ महाराजाधिराज सरकार तथा बडामहारानी सरकार पाटन कृष्ण मन्दिरमा गई श्रद्धा भक्तिका साथ पूजा आजा गरिवक्सन्छ । यो दिन रीडी कृष्णा गण्डकीका तटमा रहेको ऋषिकेश भगवानको मन्दिरमा दर्शन गर्ने भक्तहरूको ठूलो भाड लाग्दछ । यसै गरी अन्यत्र स्थित कृष्ण मन्दिर वा अन्य देवालयमा दर्शनार्थीहरूको घुइँचो एवं मेला लाग्दछ । टाढा टाढाबाट गण्डकीमा स्नान गर्न र ऋषिकेश भगवानको दर्शन गर्न आउनेहरूको समूहले यस दिनको महत्व व्यक्त गर्दछ । नजीकका मन्दिर नभएमा घरमा अर्ध रात्रीमा कृष्णको पूजा गरी भजन कीर्तन नाच गान गर्ने चलन नेपालीहरूमा आज पनि प्रशस्त पाइन्छ । यो दिन पनि श्री ५ को सरकारले सार्वजनिक विदा दिएको छ । कंसको वध तथा महाभारत युद्धमा ठूलो भूमिका खेल्ने कृष्णको महिमा पूर्णावतारमा गनिन्छ । भगवद्गीता हिन्दू दर्शनको निचोड ग्रन्थ हो । नेपाली साहित्यमा पनि राम भक्ति साहित्यको धारा चले झैं कृष्ण भक्ति साहित्यको धारा बगेको छ । नेपाली साहित्यका महाकवि लक्ष्मी प्रसाद देवकोटाले "आखीर श्रीकृष्ण रहेछ एक नभक्ति भो ज्ञान नभो विवेक" भनी परब्रह्म परमात्म स्वरूप श्रीकृष्ण तत्व ज्ञान गर्नु भयो । यसरी गङ्गा गीता, गायत्री, गोविन्द यी ४ गकारयुक्त शब्दको उच्चारण गर्नाले फेरि जन्मनू नपर्ने महिमा उत्पन्न भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वडा दशैं (विजया दशमी) :-

नेपालीहरूले यस पर्वलाई ठूलो चाडको रूपमा मनाउँदछन् । यो पर्व असोजको कृष्ण पक्षको प्रतिपदादेखि आरम्भ भई आश्विन शुक्ल दशमीका दिनसम्म चल्दछ । यस पर्वको बारेमा कवि शिरोमणि लेखनाथको उद्गार यस प्रकार छ: -

हट्यो सारा हिलो मैलो हरायो पानीको वर्षा ।
भवानीको भयो पूजा भयो आनन्दको वर्षा ।।

यसबाट वर्षा ऋतु सकिएपछि शरद्ऋतुको आगमनले चारैतिर अन्धकार दूर भई प्रकाश जताततै छरिन थाल्दछ । आकाशमा मेघहरू विलीन भई स्वच्छताको वातावरण बन्न जान्छ भने पृथ्वीमा पनि हिलो आदि सुक्न गई घर आँगन पाटी पौवा मन्दिर मठ जताततै सफाई देखिन थाल्दछ । यो पर्वको महत्व महिषा सुरवध अर्थात् आसुरी शक्ति माथि दैवी शक्तिको विजय अथवा सत्यको असत्यमाथि विजयको द्योतक हो ।यसलाई रामचन्द्रले रावणमाथि विजय प्राप्त गर्न शक्तिको आराधना गरेको दिन भनिन्छ । अर्को दृष्टिबाट हेर्दा आफैमै भयङ्कर अहङ्कार, मद मात्सर्य लोभ मोह मदरूपी शत्रु उपरको विजय हो । दशैं महाकाली, महालक्ष्मी, महासरस्वतीको रूपमा शक्तिको आराधना, उपासनाको समय मानिन्छ भने सामाजिक दृष्टिबाट सबै तहका मानिसहरूले आ-आपना गच्छे अनुसार नाना चाचा फेर्ने र मान्यजनहरूबाट आशीर्वाद ग्रहण गर्ने समय पनि हो । नेपाली जनजीवनमा यसले ठूलो स्थान ओगटेको छ । परदेश गएकाहरू दशैंलाई लक्ष्य गरी आफ्ना ईष्टमित्रहरूसँग भेट गर्न घर आउँछन् भने कुनै कामको थालनी वा समाप्ति पनि दशैं मै पूर्ण गर्दछन् । यसलाई एक जोर लुगा फेर्ने र एक छाक मीठो खाने चाड पनि भन्न सकिन्छ ।

यो वडा दशैं नेपालमा मनाउने तरीका अन्यत्र भन्दा केही भिन्न छ। यहाँ प्रतिपदाका दिन घर घरमा माटाको घडाको स्थापना विधि पूर्वक गरी जमरा (यवाङ्कुर) स्थापना गरिन्छ। घडामा भगवतीको आराधना पूजाका साथै सप्तशतीको (चण्डी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ गर्ने पनि गर्दछन् । भक्त श्रद्धालुजन विहान देखि मन्दिरमा गई पाठ पूजा गर्न उत्सुक देखिन्छन् । यस महान चाड पर्वमा कर्मचारीहरू, विद्यार्थीहरू बिदा भई आ–आपना घर गएका हुन्छन् ।

फूलपाती अर्थात् सप्तमीदेखि पूर्णिमासम्म श्री ५ को सरकारले कर्मचारीहरूलाई बिदा दिएको हुन्छ । काठमाडौंमा फूलपातीको ठूलो वडाई हुन्छ । टुंडिखेलमा राजकीय सम्मानकासाथ श्री ५ को सवारी हुन्छ । त्यहाँ प्रहरी जवान तथा आर्मिहरूवाट भगवतीको सम्मानमा सलामी तोप र बन्दूक पडकाई स्वागत गरिन्छ । यसै दिन अपराह्णतिर गोरखावाट ल्याई जमलमा राखिएको नव पत्रिका–फूलपाती राजकीय सम्मानकासाथ डोलामा राखी वाजा घाजाकासाथ श्री ५ का कर्मचारी गण्यमान्य तथा श्रद्धालुजनहरूको जुलुस सहित हनुमान ढोकामा लगी भगवतीको आराधनामा अर्पण गरिन्छ । श्री ५ महाराजाधिराज सरकार यस दशैं घर सवारी भई भगवतीको पूजा दर्शन गरिवक्सिन्छ । अष्टमीको रात्री काल-रात्रीको दिन वैदिक तथा तान्त्रिक विधिवाट पूजाआजा तथा वलि दिने प्रथा छ । भगवतीका मन्दिरमा प्रायः सबै स्थलमा वलि दिइन्छ । यसै गरी नवमीमा पनि वलि दिइन्छ । भगवतीको दर्शन पूजाआजा गर्न भक्त तथा श्रद्धालुजनहरूको भीड लागि रहेको हुन्छ । दशमीका दिन भगवतीको प्रसाद स्वरूप घर घरमा आफ्ना मान्यजनहरुबाट टीका लगाइन्छ । शुभ साइतमा श्री ५ महाराजाधिराज सरकारबाट गुरुपुरोहितहरूले टीका टक्र्याउँदछन् । तोप पड्काई टीका ग्रहण गरेको सूचना दिइन्छ । निधारमा राता टीका र कपालमा पहेंलो जमरा राखेका महिला तथा पुरूषहरू आफ्ना इष्ट मित्र कहाँ जान हतारिएका एकातिर देखिन्छन् भने ट्याक्सी, ट्याम्पो र रिक्साको दौड छुटेको हुन्छ । ट्याक्सीको प्रतीक्षामा यत्र तत्र उभिरहेका देखिन्छन् । यस दिन ट्याक्सी रिक्साहरू पनि अन्य दिनको अपेक्षा महँगा हुन्छन् । दशैंको चाडमा काठमाडौंमा पूर्णिमासम्म टीका लगाउने चलन पाइन्छ भने कतै कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशमीका दिन मात्र टीका लगाइन्छ । पूर्णिमाका दिन खड्गजात्रा गर्ने चलन छ भने पहाडमा कोटमा सरांय खेल्ने चलन पनि पाइन्छ । सरायँको खेल अर्थात् एक हातमा खुकुरी अर्को हातमा रुमाललिई वाजाका तालमा पंक्तिवद्ध भई सुर मिलाई गोडाह त चलाउने रमणीय नाच हो ।

तिहार

सुखमय पारी सव संसार
आयो प्यारो चाड तिहार । लेखनाथ

यो तिहार कार्तिक कृष्ण त्रयोदशो देखि कार्तिक शुल्क द्वितीयासम्म ५ दिनसम्म मनाइने रमाइलो चाड हो । यो चाडमा विशेषतः सात्विक पदार्थहरूको बढी प्रयोग गरिन्छ । यस तिहारलाई यम पञ्चक पनि भनिन्छ । यस तिहारको पहिलो दिनलाई काग तिहार भन्दछन् । यस दिन कागलाई खाने कुरा छुट्याई मात्र खाने चलन छ । कागलाई यमराजको सन्देश वाहकको रूपमा भनिन्छ । त्यसैले होला कागलाई सम्मान गर्ने गरेको । दोस्रो दिन कुकुर तिहार पर्दछ । कुकुर एउटा गुनिलो प्राणी हो । यसको स्वामी भक्ति प्रति कृतज्ञता स्वरूप यमदूत मानी पूजा गरिन्छ । माला टीका लगाइ दिने मीठा सेल तथा अन्य खाने कुरा खुवाइन्छ । यम पञ्चकको तेस्रो दिन औंसीको दिन लक्ष्मीपूजा गरिन्छ । विहान घर घरमा गाईलाई लक्ष्मीको प्रतीकमानी श्रद्धा भक्तिका साथ पूजा गरी खानेकुरा अर्पण गरिन्छ । साथै सुखमय जीवन बिताउन प्रार्थना पनि गरिन्छ । रात्रीमा घर आँगन चारै तिर दीपावली गरिन्छ । धन रहेको ढुकुटीमा लक्ष्मीको फोटो राखी वा प्रतिमा राखी त्यसमा भक्ति पूर्वक पूजा आजा गरी फल फूल मेवा मिष्टान्न सेल पूरी आदि अर्पण गरी आफ्ना परिवारका साथ प्रसाद ग्रहण गरिन्छ । भैलो खेल्नेहरूको टोली घर घरमा भैलो भट्याई वातावरण नै मधुर बनाइ रहेको हुन्छ । यसै दिन महाकवि लक्ष्मी प्रसाद देवकोटाको जन्म भएको थियो । यिनले नेपाली अन्धकार पूर्ण जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनमा साहित्य रूपी दियो वाली उज्यालो छरिदिएका छन् । यमपञ्चकको चौथो दिनलाई गोरू तिहार भनिन्छ । यस दिन ठाउँ-ठाउँमा गाई गोरूहरू जम्मा गरी नून खुवाउने काम पनि गरिन्छ । कृष्णले पर्वतलाई हातले उठाई गोवंशको रक्षा गर्नु भएको संस्मरणमा गोवरको थुप्रोलाई प्रतीक वनाई त्यसमा कृष्णको पूजा गरिन्छ । यसलाई गोवर्धन पूजा भनिन्छ । यमपञ्चकको पाचौं दिन अर्थात् शुक्ल द्वितीयाकादिनलाई भाइटीका भनिन्छ । विहानैदेखि दिदी वहिनीहरूले आफ्ना दाजू भाइलाई स्वागत गर्न तयारी गर्दछन् । सर्व प्रथम दीप कलश गणेशको पूजा गरिन्छ । यसैमा यमुना तथा यमराजसग आफ्ना दाजू तथा भाईको लागि दीर्घायुको कामना गर्दै निधारमा दिदी वहिनीले रङ्गी चङ्गी टीका लगाई अवीर दूवो मखमलीको माला लगाई दिन्छ र रोटी मेवा मिष्टान्न खान दिइन्छ । दाजू तथा भाइले पनि आफ्ना दिदीबहिनीलाई टीका लगाई यथाशक्ति दक्षिणा वस्त्रादि दिने गर्दछन् । यसरी यो रमाइलो तिहार नेपाली जन जीवनलाई सुखमय पार्दै वित्तछ ।

इन्द्रजात्राः-

यो प्रत्येक वर्ष शरद ऋतुमा अर्थात् भाद्र शुक्ल द्वादशीवाट शुरू भएर आश्विनकृष्ण चौथीमा समाप्तहुने आठ दिनसम्म विभिन्न प्रकारले मनाइने चाड हो । इन्द्र शब्द आउँदा वित्तिकै वैदिक देवताको संस्मरण गराउँदछ । इन्द्र अन्तरिक्षस्थानीय देवता मानिन्छन् । ऋग्वेदमा इन्द्रको स्थान ठूलो छ इन्द्रलाई देवताका राजा मानिन्छन् भने वरूण सम्राट्को रूपमा गनिन्छन् । आर्यहरू इन्द्रलाई वर्षाका देवता मान्दछन् । इन्द्रले वृत्रनामको दैत्य जसले वर्षालाई अवरूद्ध गरिदिएको थियो त्यसलाई नाश गरी वर्षा गराउँछन् । अनावृष्टि भएमा इन्द्रसंग पानी माग्ने नेपाली परम्परा रहेको छ । इन्द्रको यसै उदारताका उपलक्ष्यमा यो उत्सव मनाइएको अनुमान गर्न सकिन्छ । यसैको प्रतीक असुरहरूको प्रतिकृति बनाई तिनलाई संहारगरी उत्सव मनाइने गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रजात्राको मूल चिनो स्वरूप लिंगो गाडी उत्सव मनाइन्छ। विष्णुधर्मोत्तर पुराण, कालिका पुराण, ज्योतिषशास्त्र आदिमा इन्द्र ध्वजाको ठूलो महिमा गरिएको पाइन्छ। असुरहरूले सुरमाथि विजय गर्दै जांदा विष्णुले दिएको ध्वजा लिई युद्ध गरी विजय हासिल गरेको पुराणादिमा कथन पाइन्छ। शक्तिबल्लभ अर्ज्याल-द्वारा सम्पादित "इन्द्र ध्वजोत्सव कथनम्" नामक पुस्तकमा पनि इन्द्रजात्राको बारेमा वर्णन पाइन्छ। बाबुराम आचार्यले यसपर्वलाई प्राचीनतम चाड ठह्र्याउनु भएको छ। सत्यमोहन जोशीज्यूले यसलाई यूरोपको मेपोल' नामक उत्सवसंग साम्य राख्ने प्राचीनतम उत्सव भएको हुंदा अन्यत्र भारतमा यो परम्परा हराउदै गई प्राचीन लिच्छविकालमा इन्द्रगोष्ठी नामको गुठीद्वारा सञ्चालित भई अद्यावधि चलिआएको वैदिक उत्सव मान्नु हुन्छ। इन्द्रजात्रामा टोलटोलमा इन्द्रका मूर्तिहरू ऐरावतहात्ती, भैरव मूर्तिहरू, देवदेवीका मूर्तिहरू समेत प्रदर्शन गर्ने चलन छ। मल्ल राजहरूले पनि यस परम्परालाई कायमै राखिआए। यसै क्रममा चतुर्दशी दिन हनुमानढोकाको दक्षिण पट्टिरहेको कुमारीघरबाट जीवित कुमारीको रथयात्रा निकालिन्छ। यो जयप्रकाशमल्लले चलनचलाएको मानिन्छ। रथ निकालेको हेर्न टाढाटाढाबाट मानिसहरू आउँदछन। श्री ५ महाराजाधिराजको सवारी भई दर्शन गरिबक्सन्छ। संवैधानिक अंगका प्रमुखहरू, जंगी निजामती उच्च कर्मचारी एवं कूटनीतिक प्रतिनिधिहरूको पनि उपस्थिति रहेको पाइन्छ यसै इन्द्रजात्राका अवसरमा नेपालको एकीकरण अभियानमा संलग्न श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायणशाहबाट विजय हासिल गरिबक्सेको हुंदा पनि यस इन्द्रजात्रा महोत्सवले विशेष महत्व राख्तछ। नेपाली संस्कृति, इतिहास परम्परालाई सतत जीवित राख्ने यो इन्द्रध्वजोत्सव यात्रा प्राचीनतम उत्सव हो भन्नुमा अत्युक्ति नहोला।

महाशिवरात्री पर्वः—

यो एउटा हिन्दूहरूको महान पर्व हो। नेपालका पशुपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाथको नामले नै पाशुपत क्षेत्र कहिन्छ । हिमवत्खण्डमा केदारेश्वर महादेव रहेको केदार नाथ, काश्मीरमा रहेको अमरनाथ र नेपाल काठमाण्डू उपत्यकामा रहेका पशुपतिनाथ क्षेत्र महानतीर्थ स्थलका रूपमा गनिन्छन् । प्राचीन कालदेखि नै पशुपतिनाथ राष्ट्रदेव आराध्यदेवका रूपमा पुजिन्छन् । पशुपति नाथको प्राचीन लिङ्ग द्वादश ज्योतिर्लिङ्ग मध्येको एक हो प्रतिवर्ष पशुपति नाथको दर्शन पूजन गर्न हजारौं हजार हिन्दू तीर्थ यात्रीहरू भारतको कुनाकाप्चा-बाट याहाँ आउँदछन् । विशेष गरेर शिवरात्री पर्वमा त ठूलो मेला नै लाग्छ । सन्त महन्त साधुहरूलाई खान बस्न गुठीको तर्फबाट व्यवस्था मिलाइएको हुन्छ । शिवरात्रीका दिन रातभरि जागाराम रही चारै प्रहरमा पशुपतिनाथको दर्शन गर्नेहरू र लाख बत्तीबाल्ने, भजन कीर्तन गर्ने श्रद्धालु भक्तजनहरूको रमाइलो उपस्थितिले पशुपति क्षत्रको वातावरण नै मधुर बनाएको हुन्छ ।

यस दिन राष्ट्रदेव पशुपतिनाथको सम्मान आदर प्रदर्शनका लागि सदर टुंडिखेलमा सिपाहीहरूबाट श्री ५ महाराजाधिराज सरकार र कर्मचारी कूटनीतिक प्रतिनिधिहरूको उपस्थितिमा तोप र बन्दूक पडकाइने गरिन्छ । यस पुण्य पर्वमा श्री ५ महाराजा-धिराज सरकार एवं राजखान्दान सबैबाट पशुपतिनाथको अर्चना पूजा गरिन्छ । महाशिवरात्री व्रतले मानिसका वृत्तिहरूको शुद्धि भई आधि भौतिक सुखका साथै आध्यात्मिक ज्ञान समेत हुन जाने हुँदा हिन्दू मात्रले यो पर्व मनाउँदछ ।

माघे संक्रान्ति र साउने संक्रान्तिः—

माघे संक्रान्ति अर्थात यसलाई मकर संक्रान्ति पनि भन्दछन् धेरैजसो पर्वहरू चन्द्र मासलाई लिएर गरिने हुन्छन् भने यो चाहीं सूर्यका गतिका आधारमा मनाइन्छ । नेपाली जनजीवनमा यसको महत्व अन्य पर्वको अपेक्षा भिन्दैछ । यसै दिन देखि सूर्यनारायणको गति दक्षिणबाट उत्तरतिर लाग्दछ । उत्तरायणमा ठूला ठूला यज्ञ यागादि गर्ने आर्य परम्परा छ । यस उत्तरायणमा देह त्याग गरेमा उर्ध्वगति हुन्छ भन्ने शास्त्रीय कथन छ । मकर संक्रान्तिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन गङ्गा नदी एवं पोखरी आदि तीर्थमा गईस्नान गर्ने र ब्राह्मणद्वारा वर्षफल श्रवण गरी दान दक्षिणा दिने चलन छ। यस दिन खिचडी खाने प्राय पाइन्छ। ठूला ठूला तीर्थहरुमा ठूलो मेला लाग्नें गर्दछ। यस्तो मेलाहरुमा रिडी गण्डकी प्रसिद्ध छ। यस्तै मेची महाकाली सप्तकोशी सप्त गण्डकी त्रिवेणी नारायणघाट आदिमा टाढा टाढावाट स्नान गर्न भनी आउँदछन् यस्तै अन्य संक्रान्तिमा पनि प्रायः तीर्थहरुमा स्नान गर्ने चलन नेपालीहरुमा पाइन्छ।

श्रीपञ्चमी:–

माघ शुल्क पञ्चमीलाई वसन्तपञ्मी वा श्रीपञ्चमी भनिन्छ। वसन्तलाई ऋतुहरूको राजा मानिएको छ। यद्यपि चैत्र र वैशाखलाई वसन्त ऋतु भनिन्छ तापनि माघको यसै पञ्चमी देखि वसन्तको आगमनको स्वागत गर्न आरम्भ गरिन्छ यो दिन श्री ५ महाराजाधिराजको सवारी हनुमानढोका नासलचोक दरवारको प्राङ्गणमा चलाइन्छ। यस अवसरमा श्री ५ का उच्च ओहदाका कर्मचारी एवं कूटनीतिक प्रतिनिधिहरू पनि उपस्थित हुन्छन्। गुरू पुरोहितवाट वैदिक विधि अनुसार पूर्ण कलशको जल श्री ५ महाराजाधिराजमा टक्रयाइन्छ र घरानिया बस्तादवाट गाइएको बसन्त राग श्रवण गराइन्छ।

यसै दिन विद्याकी अधिष्ठात्री देवी सरस्वतीको धूमधाम-संग पूजा आजा गरी आराधना गरिन्छ। वौद्ध धर्मावलम्वीहरूकी अधिष्ठात्री मञ्जुश्रीको मन्दिरमा दर्शनार्थीको ठूलो भीड लाग्दछ। यिनलाई सरस्वतीको रूपमा हिन्दू वौद्ध दुवैले आराधना गर्दछन्। पाटनको "लेले" स्थानमा अवस्थित सरस्वती कुण्डमा ठूलो मेला लाग्छ। ज्ञान आर्जनमा लागेका विद्यार्थीहरूले पनि विद्यालयहरूमा सरस्वतीको मूर्ति स्थापना गरी पूजा संकीर्तन उत्सव आदि गर्दछन्। यसै दिन अक्षरारम्भ गर्ने चलन पनि पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली कला र भाषा

कलाले जीवनलाई पशुत्ववाट उठाई मनुष्यत्ववा पुयाउंदछ। प्रत्येक राष्ट्रका वासिन्दाहरूको आ-आफनै संस्कृति हुन्छ। त्यसै संस्कृतिको विकास हुँदै जाँदा कलाको पनि विकास भएको हो। कलाले जातीय दर्शन वोकेको हुन्छ। जो त्यस जातिको प्राणतत्व हो। दर्शन कुनै पनि कलाको आत्मा हुन्छ। यसलाई मूर्त र अमूर्त गरी दुइ भागमा बाँड्न सकिन्छ। मूर्त कलाभित्र प्रस्तरकला, चित्र कला, मूर्तिकला र वास्तुकला पर्दछन्। कलाको शैली एवं समयले कलालाई तात्कालिन जीवन मूल्यको उत्कर्षलाई प्रतिष्ठापन गरिरहेको हुन्छ। यसका आधारमा नेपालीकाललाई हामी प्राचीन, मघ्य र आधुनिक कलावाट विश्लेषण गर्न सक्तछौं। यसरी नेपालका द्वितीय शताव्दीका विरूपाक्ष पार्वती आदिका प्रस्तर कलाकृतिहरू प्रारम्भिक कलामा गनिन्छन् भने मानदेवकालीन उत्कृष्ट परिमार्जित एवं फरक शैलीमा निर्मित पशुपति रामभन्दिरको उमामहेश्वरको मूर्ति, पशुपति, चांगू आदिका त्रिविक्रम मूर्तिहरू शोभा भगवती, पलान्चोक भगवती आदि मूर्तिहरू दोस्रो समूहमा राखिएका छन। तेस्रो समूहमा विश्वरूप (चांगू) घूमवराह (विशालनगर) गरूडहरू वुद्ध अवलोकितेश्वरहरू, उमामहेश्वर, हरिहर, कालीय दमन, जलशयनविष्णु (बूढानीलकण्ठ) आदि पर्दछन्। यी प्रस्तरमूर्तिहरूले कलाकारिताका विशेषताहरू दर्शाएका छन्। भारतीय विद्वानहरूले नपाली कलालाई भारतवाट प्रभावित मान्दछन् भने स्टेलाक्रेमरिशले नेपालीकला आफनै पृष्ठभूमि तथा आदर्शमा निर्मित छन् भन्दै नेपाली कलाको प्रशसा गरेका छन्। नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाको क्षेत्रमा अत्यन्त चर्चित प्रारम्भिक युगमा अर्थात दोस्रो युगदेखि पाँचौ शताब्दीसम्मका पशुपति मृगस्थलीमा प्राप्त पुरूषमूर्ति (नेपालसंग्राहलय) दोस्रो शताब्दीका पशुपति आर्यघाटको विरूपाक्षको मूर्ति हाडिगाउँ सत्यनारायणको मूर्ति नघलको पार्वतीको मूर्ति यी लिच्छवी कालीन मूर्ति हुन ।

पाँचौ' शताब्दी देखिका प्रस्तर कला कृतिहरूमा धार्मिक विश्वासले आश्रयपाई प्रतीववादले विकास गरेको पाइन्छ । प्रायशः यस्ता मूर्तिहरू नीलो कालो कठोर प्रस्तरहरूमा कुँदिएका पाइन्छन् । सामान्य वस्त्र, आभूषण आकर्षक केश विन्यास, एउटै फलकको किनारामा ज्वालावलिहरू २।।४। पंक्तिहरूमा कूदिएको पाइन्छ । राजामानदेवले आमा राज्यवतीको लागि पुण्यहोस भनी मन्दिर वनाई विष्णुको मूर्ति स्थापना गराएका छन् । त्रिविक्रम मूर्तिहरूमा शंख, चक्र, गदा, पद्म वा खड्ग आदि लिएका राम्रा भव्य मूर्तिहरू छन् । यिनमा भारतीय कला भएतापनि त्यो गौण भइ सौन्दर्य र आकर्षण प्रमुख भइ नेपालीत्व झल्किन्छ ।

सातौं शताब्दीको प्रारम्भमा बनेका बूढानीलकण्ठका विशाल काय जलशायी विष्णुको मूर्ति र विशालनगर स्थित धूमवाराहको मूर्ति, पशुपति जयवागेश्वरीको ब्रह्माको मूर्ति आदि पर्दछन् । पाटन बगैचामारहेका मूर्तिहरूले पनि कलाको उत्कृष्टतालाई दर्शाएका छन् । प्रारम्भमा वैष्णव मूर्तिहरू निर्मित भए भने पछि शैव मूर्ति-हरु पनि प्रशस्तै बने । लिच्छवी कालमा प्रस्तरकलाले चरमसीमा छोएको थियो । लिच्छविकालीन वौद्धमूर्तिहरूमा बुद्धको जन्मसित सम्वन्धित लुम्बिनीको माया देवीको मूर्तिलाई सर्व प्राचीन मूर्ति ठानिएको छ । यसपछि चावहिल, वांगेमूढा ढोकावहाल, स्वयम्भू काठे सिम्भूका वोधिसत्व मूर्तिहरूले पनि शैव र वैष्णवधर्म समान लोकप्रियता प्राप्त गरेका थिए । पशुपति राजराजेश्वरी स्थित वौद्धमूर्तिहरूमा गान्धार शैली प्रष्ट झल्किन्छ ।

बान्हौं तेन्हौं शताव्दीमा नेपाल तराइ सिमरौन गढका केही प्रस्तर कृतिहरू मध्ये संग्रहालय भित्रको दुर्गा र ब्रह्माका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिहरू आकर्षक मूर्तिहरूमा गनिन्छन् ।१०।११ रौं शताब्दका मध्यकालीन कला कृतिहरूमा, गुणकामदेव, प्रद्युम्न कामदेव, विजय-कामदेवका समयका कलाकृतिहरू महत्वपूर्णका छन् । पाटन कुम्भेश्वर महादेवको मूर्तिलाई लिन सकिन्छ । यस समयमा प्राचीन शैलीलाई कायम राख्तै तत्कालीन समाजमा प्रचलित श्रृङ्गारको समावेश भएको पाइन्छ । गुणकामदेव पछि नेपाली प्रस्तरकलाले एकनास प्रगति गरिरहेको पाइन्छ । १२२६ ई. मा पाटनको अक्षोभ्य बुद्धकोमूर्ति अभयमल्लको समयको महत्वपूर्ण प्रस्तरमूर्तिको नमूनाहो । कलाको सबै दृष्टिकोणले यो यस समयको उत्कृष्ट कृति हो ।

तेन्हौ शताब्दी पछि धातुको तुलनामा प्रस्तरको उन्नति कम देखिएतापनि, जयस्थिति, यक्षमल्ल आदि प्रारम्भिक मध्यकालमा र सत्रौं शताब्दीका मल्ल शासकहरूका पालामा प्रस्तरमूर्तिले निकै उन्नति गरेको थियो । चौधौ र पन्ध्रौं शताब्दीका मूर्तिहरूमा शिव परिवार, विष्णु र सूर्यका राम्रा राम्रा मूर्तिहरू उपत्यकामा निकै पाइन्छन् । यसै मध्यकालीन मूर्ति, स्तूप र वास्तुकला कृतिहरू सुदूर पश्चिम नेपालमा खस राज्यको राजधानी दुल्लु र सिंजामा निकै सुरक्षित छन् । त्यहाँका प्रस्तरका मूर्तिहरूमा शिवपार्वती आलिङ्गन मूर्ति सूर्य बुद्धका मूर्तिहरू उल्लेखनीय छन् ।

दशौं एघारौं शताब्दीको नेपाली प्रस्तर कलामा पूर्वी भारतीय कलाशैलीको प्रभावले गर्दा तान्त्रिक मतले प्रगति गर्न थाल्यो । विष्णुका मूर्तिहरूमा बौद्ध सम्प्रदायको छापपनि पाइन्छ । यही सन्दर्भमा सिद्धिनरसिंहका पालामा प्रस्तरकलाले अत्यन्त प्रगति गरेको पाइन्छ । उनले बनाएका दरबारभित्र अनेकौं चोक र हिटीमा स्थापित अनेक प्रस्तरमूर्तिहरू उपेक्षाकृत सूक्ष्म र मिहीन हुनाले कलौटका मूर्तिहरू भन्दा अति सुन्दर छन् । यिनले बना-एको कृष्णमन्दिर वास्तुशैलीको अद्वितीय नमूनाको रूपमा रहेको छ । यो मन्दिरमा रामायण र महाभारतका दृश्यहरू उत्कीर्ण छन् । प्रतापमल्लले कान्तिपुरको हनुमानढोकाको मोहन चोकलाई उत्कृष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाले सिंगारेका छन् । हनुमान नृसिंह राधाकृष्ण, रुक्मिणीका उल्लेखनीय कृतिले प्रस्तर कलाको उत्कृष्टतालाई जीवन्त राखेका छन् ।

मध्यकालीन कीर्तिपुरको शिव मन्दिर कलात्मकको हुनुका साथै मूर्तिहरु सर्वोच्च खालका छन् । यस्तै भादगाउँको दरबारको प्रवेशद्वारमा रहेका महिषासुर मर्दिनी तथा भैरवका मूर्तिहरू, दक्षिण प्रवेशद्वार स्थित हनुमान र नृसिंहका मूर्तिहरु उल्लेखनीय छन् । भगवती भैरवका मूर्तिहरू कठोर प्रस्तरमा कुँदी भव्य बन्न पुगेका छन् । मध्यकालमा पनि लिच्छवी कालमा झैं प्रस्तरकलाले ठूलो प्रगति गरेको ज्ञात हुन्छ ।

काष्ठकला:– लिच्छवी कालमा प्रस्तर मूर्तिहरू बने जस्तै काष्ठ कागज आदिमा पनि मूर्ति निर्माण कला रहेको हुनु पर्छ । तर यी पदार्थहरू शीघ्र नाशवान हुने हुँदा आज उपलब्ध छैनन् तापनि काष्ठकलाको सृजना भएको अनुमान गर्न सकिन्छ ।

मध्यकालमा बनेका काठका धेरै मूर्तिहरू भक्तपुर संग्रहालयमा संरक्षित छन् । काठका मूर्तिहरुमा वसुन्धरा तारा, हयग्रीव, शिव, गणेश, महिषमर्दिनी, दुर्गा आदि मूर्तिकलाको दृष्टकोणले महत्वपूर्ण छन् । मन्दिरहरूका तोरणद्वारहरूमा प्राप्त मूर्तिहरू उत्कृष्ट नमूनाका रूपमा लिन सकिन्छ । विभिन्न मुद्रा अलङ्कार एवं वस्त्रादिको परिधान केशविन्यास आदिले सुसज्जित मध्यकालीन समाजको प्रतिनिधित्व गरेका छन् । विभिन्न आयुधले सुसज्जित दुर्गा भगवतीका मूर्तिहरू, उमामहेश्वरका काष्ट मूर्तिहरू प्रशसनीय छन् । यस्तै भक्तपुर संग्रहालय स्थित काष्ठमूर्तिहरूमध्ये मारको आक्रमणको स्वरूप अति आकर्षण रहेको छ । काठ पुरानो हुँदै जांदा पनि मुखाकृतिहरु नबिग्रनु कलाकारको खुवी हो । काठमा कुदिएका मूर्तिहरूको सवंक्षण क्रममा मन्दिर विहार वा प्राचीन भवनहरू राखिएका टुँडालहरूले दर्शकलाई आकृष्ट पारिरहेका छन् । यस किसीमका मन्दिर विहार, दरवार भवनहरु उपत्यकाका तीनै शहरमा अद्वितीय कलाको नमूना बनी अद्यापि विद्यमान छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिकलामा धातु मूर्तिको पनि एक विशेष महत्व छ। प्रस्तर मूर्किला जस्तै धातुमूर्ति बनाउने कला पनि प्राचीन कालदेखि चलिआएको मानिएको छ। कपिलवस्तु तिलौरा कोटको उत्खननबाट प्राप्त लोहा तामाका वस्तुहरू प्राप्त भएबाट यहाँका सभ्यतामा पनि ई. पू. ६०० वर्ष अगाडि देखिनै मानिसहरूले धातु सम्बन्धी काम जानिसकेको बुझिन्छ। लिच्छवि कालका ताम्र मुद्राहरू सिंहको र कमलासनमा स्थित नारी मूर्ति भएबाट यस समय उत्कृष्ट धातु मुर्तिहरू पनि बनाइन्थे भन्ने अनुमान हुन्छ। लुम्बिनीको उत्खननमा दुइवटा वज्रपणिका धातुमूर्तिहरू उल्लेखनीय छन्।

चिनिया ताङ वृतान्तमा भृकुटीले दाइजो का रूपमा आक्षोभ्य बुद्ध मैत्रेयबोधीसत्व र आर्यताराका मूर्तिहरू आफूसंग लगेको उल्लेखबाट लिच्छवि कालमा धातु मूर्तिहरू बन्न थालिसकेका थिए,। लैन सिंह वाङदेल तथा कुमार स्वामीका भनाइ अनुसार धातुमूर्तिकै लोकप्रियताले गर्दा नै विभिन्न समयमा बनेका प्राचीन धातुका मूर्तिहरू भारत इटली बेल्जियम, फ्रान्स, अमेरिका आदि ठाउमा व्यक्तिगत तथा म्यूजियमहरूमा पुगिसकेका छन्। बोष्टन म्यूजियम स्थित पद्मपाणि लोकेश्वरको मूर्तिमा प्रयुक्त लीपी र शैलीका आधारमा प्राचीन ठहरिएका छन्।

प्राचीन कालको समाप्तिपछि मध्यकालीन नेपाल धातुकलाले ठूलो प्रगति गऱ्यो। पाल र सेन शैलीको प्रभाव धातु कलामा पनि प्रशस्त पर्न गएका छ। भारतका तत्कालीन विश्वविद्यालयमा धातुकलाको अध्ययन अध्यापन हुने हुँदा सो कला सिक्न नेपालबाट पनि विद्वानहरू गए। मूर्तिहरूमा वढी लुगा गहनाका प्रयोग हातखुट्टाहरू देखाउन अर्ध गोलाकार आँखीभौं, सानो चुच्चेनाक गोलो तथा कोमलपना मुकुट माला गहनाहरूमा वहुमूल्य पत्थर आदि काडिनु यस कालका विशेषताहरू हुन। तिब्बती इतिहासकार तारा नाथले पनि पाल कलाको प्रभाव नेपालीहरूमा परेको कुरा स्वीकार गर्दछन्। नेपालका म्युजियम एवं विहारहरूमा धातुका मूर्तिहरू संरक्षित छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालबाट तिब्बतमा आचार्य पद्म संभवको प्रयासले वज्रयान संप्रदायबाट प्रभावित अनेक धातुमूर्तिहरू पठाइए। पन्धौं शताब्दी पछिका धातुमूर्तिहरूका हिन्दू देव देवीका मूर्तिहरू पनि यथेष्ट मात्र मा बनेका पाइएका छन्। यस्ता मूर्तिहरू प्राचीन समयमा मैनबाट साँचो तयारपारी ढलौट गरी पछि उजिल्याउने मसिनो पार्ने कलाविधि रहेका थियो जसलाई विद्वानहरू हेलिनिष्टिक कला भन्दछन्। यो प्राचीनतम कलाविधि मानिन्छ।

जसरी वास्तुकला मूर्तिकला र धातुकलाको निर्माण एवं विकास भएको पाइन्छ। त्यसरी नै नेपालमा मृत्कलाको पनि निर्माण एवं विकास हामी पाउछौं। सर्वप्रथम कपिलवस्तु जिल्लाको तिलौराकोट एवं बन्जराहीको उत्खनन गर्दा पाईएका माटा हात्तीका मूर्तिहरू ई. पू. द्वितीय र तृतीय शताब्दीका हुन भनी कलासमीक्षकले प्रमाणित गरेका छन। यहा पाइएका माटाका मूर्तिहरूमा धातु कलामा पाइने चिल्लो पना भने पाइदैन यी मूर्तिहरूको पालिस उडेर गएका छन। किन्तु लुम्बिनीको उत्खननबाट प्राप्त माटाका मूर्ति भने तिलौरा कोटमा पाइएका भन्दा बनोट र शैलमा परिष्कृत देखिन्छन्। यिनमा पालिस सुरक्षित छ। यहा उत्खननमा सीमित वस्तुहरू पाइएका छन। काठमाण्डू उपत्यकाको हाडीगाउँको उत्खननमा पाइएका माटाका खेलौना तथा मूर्तिहरूले प्राचीन कालमा पनि कलाकारले माटामा कलाको प्रयोग गरेको प्रमाणित हुन्छ। त्यस्तै मध्यकालमा आएर बनेका माटाका मूर्तिहरू नेपाल राष्ट्रिय संग्राहलयमा देख्न पाइन्छन्। ती मूर्तिहरूमा राम्रो पालिशको प्रयोग हुनुका साथै प्रशस्त ताप दिई पाको बनाइएको छ। सत्रौं शताब्दीमा बनेका अष्टमातृकाका मूर्तिहरू उल्लेखनीय छन् रानी पोखरी शिवमन्दिरका वरिपरिरहेका भगवतीका मूर्तिहरूले मध्य-कालीनकलालाई संकेत गर्दछन्। यसै गरी पशुपति आर्यघाटमा बनेको विष्णुको मूर्ति ७ फीट अग्लो ४ चार हात भएको पाको ईट जोडेर बनाएको जस्तो सुन्दर देखिन्छ। डा. डिल्ली रमणले यसलाई १८ अठारौं शताब्दीमा राख्नु भएको छ। यस्ता माटाका मूर्तिहरू तलेजुको पश्चिम प्रवेशद्वारमा पनि रहेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली भाषा

सार्थक ध्वनिको समूह नै भाषा हो । यसको आवश्यकता विचारको आदान प्रदान गर्न जरूरी हुँदा यसको उत्पत्ति भयो । मनुष्यले आफ्ना अनन्त विचार भावनाको विकास यसै माध्यमबाट गर्दैलग्यो ।आज जति पनि गहकिला अन्वेषण अनुसन्धान हुन गएका छन् ती जम्मै यसै भाषा भित्र समाहित छन् । आरम्भमा मनुष्यले आफ्नो भावको अभिव्यक्ति ध्वनिद्वारा गर्थ्यो पछि त्यसै ध्वनिको संकलन गरी त्यसलाई शब्द र शब्दको समूह जो अर्थ पूर्ण छ त्यसलाई वाक्य र वाक्य समूहवाट नै ठूला ठूला ग्रन्थ बन्न पुगे । प्राचीन आचार्य पाणिनिको सिद्धान्त पनि वाक्य समूहवाट नै भाषाको उत्पत्ति भएको मानिन्छ । भाषाको उत्पत्ति सम्बन्धमा विभिन्न सिाद्धान्तहरू दैवी सिद्धान्त, धातु सिदान्त अनुकरणवाद, मनोभावादि अभिव्यक्तिवाद, श्रमपरिहरणवाद, विकासवाद, संगीतवाद आदि प्रतिपादित छन् ।

भाषा पैतृक सम्पत्ति नभएर अर्जित हो । भाषा परिवर्तशील छ । यसको गति नदीको प्रवाह झैं कठोरवाट सरलता तिर प्रवाहित हुन्छ । यसै भाषालाई साहित्यमा प्रयोग हुँदा भाषा र व्यवहारमा प्रयोग हुंदा बोली र अर्को शब्दमा भन्ने हो भने कथ्य र लेख्य बन्न गए। एउटा नैर्सगिक छ भने अर्को कलात्मक भाषारूपी शरीरका दुइ अङ्ग हुन्छन् ती हुन रूप र ध्वनि। रूप बिचारमा शब्दको वनोट आदिको अध्ययन गरिन्छ भने ध्वनि विचारमा ध्वनिको अध्ययन हुंन्छ । शब्दको आत्मा अर्थ हो यसको अध्ययनलाई अर्थ विचार भनिन्छ । शब्दको अर्थमा परिवर्तन हुंदै जान्छ । यसका अनेक कारणहरू हुन्छन् । भाषा पनि एक प्रकारको विज्ञान हो । विशुद्ध ज्ञान नै विज्ञान हो। भाथा शास्त्रीहरूले भाषालाई वैज्ञानिक रूपले अध्ययन गरेका छन् । यस्तो अध्ययन गर्ने शास्त्रलाई कसैले भाषा विज्ञान र कसैले भाषा शास्त्र भनेका छन् । सिद्धान्त प्रति पादन गर्नु नै भाषा विज्ञान हो भने व्याकरण शास्त्रले शब्दको मूल प्रकृति र प्रत्यय आदिको सविस्तार अध्ययन गर्छ । व्याकरण भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञानको अनुगामी पुरातनवादी हो भने भाषा विज्ञान प्रगतिवादी हो। यसले नयाँ नयाँ खोज समेत गर्दछ। भाषाविद्हरूले विश्वको करीव तीन हजार भाषालाई ४ चार खण्डमा विभाजित गरेका छन्। (१) अमेरिकी (२) महासागरीय (३) अफ्रिकाली (४) युरेशियाली।

यसै यूरोप र एशियाली परिवारभित्र भारोपोली पर्दछ र ई.पू. २६०० देखि २७०० यसको समय मान्दछन्। यसभित्र शतम् र केन्टुम दुइ वर्गछन्। शतम वर्ग भित्र भारत इरानेली पर्न आउँदछन्। प्राचीन आर्यहरूले बोल्ने वैदिक भाषा समयानुकूल प्राकृत रूपमा विकसित भयो र शौरसेनी प्राकृतबाट अपभ्रंश हुदै आयो र नेपाली भाषाको उत्पत्ति भएको हो भनीधैरै विद्वानहरू मान्दछन्। यो अपभ्रंश काल ईसाको ५०० देखि १००० सम्म विकास भएको निर्क्योल गर्दछन्।

उत्तरतिर बोलिने यसै शौरसनी भाषाले जन्माएका ब्राचड, पैशाची टक्क र खस प्राकृत मध्ये। खसबाटै नेपाली भाषाको विकास मान्दछन्। जुम्लाको सिजामा प्राप्त वि. सं. १२१३ को अभिलेख नेपाली माषाको प्राचीनतम रूप मानिन्छ। यसरी नेपाली भाषाको उत्पत्ति एघारौं शताब्दी तिर भएको हो। नेपाल भित्र यसले तीन थरी रूपग्रहण गऱ्यो। भाषाविदहरूको भनाइ अनुसार मध्यकालीन खसानीबाट महाकाली र सेती अंचलमा बोलिने पश्चिमी नेपालीको जन्म भयो। मध्यकालीन पर्वतीबाट जसलाई केन्द्रीय नेपाली भन्छौ त्यो केन्द्रीय नेपालीको रूपमा कर्णाली अचलमा विकसित भयो। आज बोलिने नेपाली भाषा जो राष्ट्र भाषाको रूपमा देखा पऱ्यो त्यो १६ रौं देखि १९ सौं शताब्दीसम्म बोलिने गोर्खाली भाषाले विकास गरेको अहिलेको नेपाली भाषा हो भनी सूर्य विक्रमज्यू उल्लेख गर्नु हुन्छ। गोरखाका पृथ्वी नारायण शाहको उपत्यका विजयले भाषाको एकीकरण समेत हुनगयो। यहाँबाट नेपाली भापाले वीर एवं शक्तिशाली राजाको छहारीमा हुर्कने अवसर प्राप्त गर्दै कथ्य एवं लेख्य दुवै धारामा छ्क्की मार्न थाल्दछ। यद्यपि नेपाली भाषालाई ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्गमा पूर्वेली, माझाली, और पश्चिम, मज्झ पश्चिमा, र पर पश्चिमा राखिएको छ । पूर्वेलीको तीन उपभेद छन् । यस भाषाले नेपालका विभिन्न जातिहरुका बीचमा कतै मातृ भाषा कतै माध्यम भाषा र राष्ट्र भाषाका रूपमा महत्वपूर्ण भूमिका खेलेको छ ।

सम्पूर्ण नेपालको जनसंख्याको ५२.४४ प्रतिशतको आफ्नो मातृभाषाको रूपमा रहेको छ भने अन्यजातिहरूले यस भाषा-लाई बुझ्न सकी व्यवहार गरिरहेका छन् । नेपालको वि. सं. २०१९ को सम्विधानले यस भाषालाई राष्ट्रभाषाको रुपमा लिएको छ । यो भाषा विभिन्न जातिका भाषाबाट आगन्तुकका रूपमा शब्दहरू आई विकसित भएको छ । मूलत: यस भाषामा प्राविधिक शब्दहरू संस्कृतबाट र आधुनिक वैज्ञानिक शब्दहरूले प्रवेश पाएका छन् । पहिले संस्कृतबाट अनुवाद गर्ने चलन थियो । संस्कृतका विद्वानहरू यस भाषालाई कच्ची भाषा ठान्थे । पृथ्वीनारायणको समयमा आई नेपाली भाषामा रचना हुन थाल्यो । विद्यापति इन्दिरस वीरशालीपन्त विद्यारण्य केशरी पतञ्जली आदिका कवितामा संस्कृत हिन्दी, मैथिली आदि भाषाको प्रभाव परेको छ। आधुनिक नेपालीको शुरूवात भानुभक्तले लेखेको रामायणबाट हुन्छ । यिनको भाषामा अघिका लेखकहरूले झैं विभिन्न भाषाको मिश्रण र शब्द-लाई तोडमोड गरी प्रयोग गरेको पाइदैन । यिनको भाषा प्राञ्जल र मधुर छ । भानुप्रति मोतीको अभिव्यक्ति यस प्रकार छ ।

"हुन त गोर्खा भाषामा धेरै नामका कवि भानुभक्त भन्दा पहिले भए तर कविको मर्मजानी भाषा पद्य लेख्ने कविहरूमा भानुभक्त नै हुन् "

यसबाट के बुझिन्छ भने भानुले नेपाली भाषालाई चोखो पारी ठोस रूप दिई जन जिब्रोमा उतार्न खोजिरहेका थिए ।

नेपाली भाषा संस्कृत भाषाबाट अनुप्राणित भएकोले धेरै कुराहरू संस्कृतबाट लिइएको छ भन्नु अत्युक्ति नहोला । उपसर्ग परसर्ग, लक्ष्यार्थ, व्यङ्ग्यार्थ, लिङ्ग,बचन, पुरूष वाच्य, वाक्यको गठन आदि संस्कृतकै अनुरूप छन् । संस्कृतबाट तत्सम तद्भव हुँदै नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा अनेक शब्दहरू आएका छन् भने अर्कातिर आगन्तुक भई प्राविधिक शब्दहरू पनि पाइन्छन् ।

यस भाषाको विकासमा विदेशीहरूको पनि ठूलो देन रहेको छ । जे. ए. एटनले १८२० ई. मा कलकत्ताबाट नेपाली व्याकरण छपाए । यो नै पहिलो नेपालीमा छापिएको पुस्तक हो । यस्तै जान विम्स, रूडाल्फ हार्नल र पादरी टर्नबुलहरूले नेपाली भाषाको विकासमा योगदान गरे । १९२१ ई. मा पादरी क्यारेलले बाईवलको नेपालीमा अनुवाद गरे । अंग्रेज राजदूत बाउन हड्ग्रासनले यहांको भाषा जाति धर्म संस्कृति आदिको अध्ययन गरी लेखहरू छपाए ।

राणाकालको १०४ वर्षको जहानिया शासनमा नेपाली भाषाको जति बिकास हुनुपर्थ्यो । त्यति हुन सकेन । किनभने भाषाको विकासका साथै जनता शिक्षित हुने थिए र शासनमा खतरा आइपर्दथ्यो । तसर्थ त्यस समयमा विदेशमा अध्ययन गर्न जाने र विदेशमा रहेका नेपालीहरूले आपना भावना पत्र पत्रिकाको माध्यमबाट पोख्न थाले । त्यस मध्ये निम्न पत्र पत्रिकाहरू प्रमुखछन् ।

सुन्दरी, माधवी:-

१) चन्द्र १९१४ इ. मा प्रकाशित (मासिक)
२) चन्द्रिका १९१२ इ. मा प्रकाशित
३) मातृभूमि १९२२ इ. मा प्रकाशित सूर्य विक्रम ज्ञवाली द्वारा सम्पादित
४) गोर्खा संसार, तरूण गोर्खा १९२८ इ. मा प्रकाशित
५) शारदा वि. सं. १९९१ ऋद्धि वहादुर मल्लको सम्पादनमा काठमाडौंबाट प्रकाशित मासिक पत्रिका । यस पत्रिकाले निम्न आधुनिक लेखकहरूलाई जन्म दियो । कवि शिरोमणि लेखनाथ, भवानी भिक्षु हृदय चन्द्र सिंह प्रधान, सिद्धिचरण, सूर्य विक्रम ज्ञवाली विश्वेश्वर प्रसाद कोइराला, लक्ष्मी प्रसाद देवकोटा, बालकृष्ण सम, माधव प्रसाद घिमिरे आदिले नेपाली भाषाको भण्डार भरिदिएकाछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस भाषामा केही पहिले राणा कालदेखिनै पाठ्यक्रममा नेपाली भाषा समावेश गरी अध्ययन अध्यापन चली आएको छ। वि. सं. २०२८ भन्दा अघि अनिवार्य रूपामा ५० पूर्णाङ्कको प्रा. नेपाली र ऐच्छिक नेपाली रूपमा दुइसय पूर्णाङ्कको पूर्वी भाषा नेपाली भनी गद्य, पद्य, समाविष्ट थिए। नेपालीको पुरानो एस. एल.सी.को पठन पाठन प्रक्रियाले नेपाली भाषालाई नै अपनाएको र परीक्षा प्रणाली पनि नेपाली भाषा मै आधारित भएकोले नेपाली भषाले आफ्नो गरिमा कायमै राखेको थियो। विषयका रूपमा पनि विविधरूप गद्य, पद्य विविध विधा, कथा नाटक निबन्ध एकाङ्की आदि उचित संस्थानले भाषाको अभिवृद्धिमा सहयोग पुऱ्याएको थियो। २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नेपाली भाषालाई अधिराज्य व्यापी पार्नुका साथै उच्च शिक्षामा पनि अध्ययन अध्यापनको माध्यम नेपालीलाई नै बनाएको छ।

नयाँ शिक्षा पद्धति र नेपाली विषय:– २०२८ भन्दा अघि शिक्षामा देशको आवश्यकता पूर्ति गर्ने उद्देश्यले किटिएको थिएन भने रा. शि. प. को योजनाले उद्देश्य किटी सम्पूर्ण विद्यालयलाई ३ तीन रूपमा वर्गीकरण गरियो। (१) व्यावसायिक माध्यमिक विद्यालय (२) साधारण माध्यमिक विद्यालय र (३) संस्कृत माध्यमिक विद्यालय यस योजनाले १०० पूर्णाङ्कको नेपाली समावेश गरी नेपाली विषयमा कथा निबन्ध यात्रा जीवनी गद्य पद्य नाटक एकाङ्की आदिको उचित संस्थापन गऱ्यो। अतिरिक्त विषयमा नेवारी, हिन्दी, मैथिली आदि भाषालाई पनि समावेश गरियो। केही समय पछि यो ९०० पूर्णाङ्कको पाठ्यक्रममा सुधार गरी ७०० पूर्णाङ्कको पाठ्यक्रम लागु हुनुमा हावापानी माटो सुहाउँदो नहुनु पञ्चायत झैं अफाप सिद्धभयो र सुधार आयो। अब व्यावसायिक विद्यालयको विभाजन नगरी दुई किसिम मात्र रह्यो हालको पाठ्यक्रममा व्यावसायिकविषय समेत ४ विषय अनिवार्य छन् भने ऐच्छिक २ विषय र थप ऐ. १ विषयको चयन विद्यालयले गर्नु पर्दछ। हाल आई २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

DATE DUE

विद्व … सैद्धान्तिक
परी … योजना जुन
उद्दे … र पनि के
भन्न … पुस्तकहरु
लेखि … नेपाली हुन
गए … भन्न करै
ला … न्य ३५ सौं
जन … चित ध्यान
न … यो। विभिन्न
न … सका लागि
प … का सबै जन
ज … न्य जातिमा
… । अब आउने
… तर्जुमा गरी
… नाउनछ भनी

…ीकि विद्यापीठ-पु…
95820

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

19420
Acc. No. ~~[illegible]~~
Class No 306 Book No ARJ
Author अर्ज्याल, केशवराज
Title नेपाली जीवन पद्धति

Due on	Borrower's Name	Returned on

306
ARJ
95820

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका:- श्रीमती बनु अर्ज्याल

लेखकको संक्षिप्त परिचय

पिताको नाम: गोपीराज शर्मा
नाम: केशवराज अर्ज्याल
जन्म भूमि: कपिलवस्तु तौलिहवा
ठेगाना: घर: टङ्गाल गैरीधारा
काठमाडौं २ नं वडा
च – २ – १५०
फोन:– [redacted]

४१५७३६

अध्ययन एम् ए संस्कृत, संस्कृति
" " नेपाली

शुरू सेवा प्रवेश २०२३ सालमा पाटन कलेजमा
१० वर्षको कलेजको अध्यापन अनुभव
२०३३ साल देखि सेवा परिवर्तन गरी हालसम्म प्रशासनमा कार्यरत
कृतिहरू: कौटलीय अर्थशास्त्रको शब्दानुवाद र हिन्दूराष्ट्र नेपालका लेखक एवं विभिन्न लेखहरू पत्र-पत्रिकामा ।

विदेश भ्रमण वेलायत, हङ्कङ्ग, भारत,
सम्वत्:- २०४७

मूल्य रू. २५।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu